वर्ष : १४, अंक : १०, काठमाडौं, २०७५ असार ८ गते शुक्रबार 22 June 2018, Friday पृष्ठ : ८, मूल्य रु : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रु. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## प्रधानमन्त्रीको चीन भ्रमण होला त सफल ?



काठमाडौं । चिनियाँ प्रधानमन्त्री ली खछियाङको निमन्त्रणामा प्रधानमन्त्री केपी शर्मा ओली अहिले ६ दिने औपचारिक भ्रमणमा चीनमा छन् । प्रधानमन्त्रीको चीन भ्रमण विकासको मुद्दामा केन्द्रित रहेको छ । खास गरी अघिल्लो पटक पधानमन्त्रीको हैसियतमा गरेको पहिलो चीन भ्रमणको क्रममा भएको सम्झौतालाई कार्यान्वयन गर्नु नै भ्रमणको उद्देश्य रहेको छ ।

चीन जानु अघि संघीय संसदमा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले यसअघि सन् २०१६ मार्चमा सम्पन्न चीन भ्रमणका क्रममा भएका द्विपक्षीय सहमति कार्यान्वयनमा जोड दिने बताउनुका साथै पुराना सम्झौता कार्यान्वयनसँगै केही थप नयाँ विषयमा पनि छलफल हुने बताएका थिए ।आर्थिक-व्यापारिक, पूर्वाधार, पुनर्निर्माण, मानवीय सहयोगका साथै बलियो राजनीतिक सम्बन्धका विविध पक्षमा नयाँ उचाइ निर्माणका लागि भ्रमण उपयोगी हुने विश्वास चीनको छ । प्रधानमन्त्रीको चीन भ्रमणका क्रममा चीनसँग पुराना सहमति कार्यान्वयनसँगै सहकार्यका नयाँ क्षेत्र पनि पहिल्याउने, ट्रान्स हिमालय नेटवर्कअन्तर्गत रेलवे, सडक मार्ग, क्रस बोर्डर ट्रान्समिसन लाइन र यातायात तथा पारवहनसँग सम्बन्धित विषयमा पनि सहमति भएको छ ।

चीनले हामीलाई आँखा चिम्लेर सहयोग दिन्छ, रेल बनाइदिन्छ, बिजुली निकालिदिन्छ, विकास गरिदिन्छ र हामीले आफूले केही नगरी समृद्धि भइहाल्छ भन्ने भ्रम हामीले हटाउनुपर्छ । केही पर्दा भारतविरूद्ध चीनले सघाइहाल्छ भन्ठान्छौं, यस्ता भ्रमलाई हटाइनुपर्दछ । नेपालको अपेक्षा चीनसँग निकट भविष्यमा ठूलो सम्झौता भनेको रेलमार्गको सन्दर्भ हो । रेलमार्गका कारण तिब्बती जनजीवनमा ठूलै कायापलट आएसँगै अब केरूङसम्म ल्याउने, काठमाडौं झार्ने र यहाँबाट तराईतिर ओरालो लाग्दै भारतीय भूमिसम्म जोड्ने हो भने त्यसले दक्षिण एसियाको भू-आर्थिक र भू-राजनीतिक दुवै पाटोमा विशाल बदलाव ल्याउने छ । तर, यसबारे विस्तृत अध्ययन गरी 'ट्रान्जिट' मुलुक बनाउन अध्ययन जरूरी छ । रेलमार्गको अध्ययन गरी नेपाल-चीन सम्बन्ध गहनरूपमा अघि बढाइयो भने नेपाल समृद्धशाली बन्न सक्ने नै छ ।

नेपालले चीनसँग सम्बन्ध बढाउन खोज्दा भारतको कान ठाडो भइहाल्छ । चीनले पनि नेपाललाई भारतसँगको सहकार्यको माध्यम बनाउन चाहन्छ । त्यसैले चीन-नेपाल-भारत साझेदारीको विमर्श चल्न थालेको छ । अहिले भारत-चीन सम्बन्ध सुध्रिएको छ भने नेपालको भारतसँग नयाँ शीराबाट विश्वास स्थापित गरिएको छ । नेपाललाई चीन, चीनलाई नेपाल चाहिएको वेला रेल-सडकलगायत कनेक्टिभिटी बढाउनुपर्ने आवश्यक्ता रहेको छ ।

नेपाल विश्वकै सर्वाधिक जनसंख्या भएका दुई मुलुक भारत र चीनको बीचमा अवस्थित छ । त्यसको लाभ नेपालले पर्यटनबाट लिन सक्छ । नेपालमा प्रशस्त लगानी आवश्यक भएकाले छिमेकका लगानीकर्ताहरूलाई आकर्षित गर्ने नीति लिनु आवश्यक छ, जसका लागि सुरक्षाको प्रत्याभूति तथा स्पष्ट नीतिगत व्यवस्था अपरिहार्य छ । पर्यटनको हकमा दुबै छिमेकी मुलुकका पर्यटक सानो संख्यामै पनि नेपाल आए भने नेपालको लागि पर्याप्त हुन सक्छ । खुला सिमाना तथा सहज भौगोलिक अवस्था भएकाले भारततर्फको आवतजावत सहज भए पनि चीनतर्फको भूबनोट तथा सीमा र आवागमनसमेत सहज छैन ।

वर्तमान सरकारले समृद्ध नेपाल सुखी नेपालीको नारा अगाडि सारेको छ । समृद्धिका लागि छिमेकी मुलुकहरूका साथै दातृराष्ट्र र संस्थाहरूसँग सहकार्यको आवश्यकता छ । यस सन्दर्भमा छिमेक तथा सहयोगी मित्र राष्ट्रहरूसँगको सम्बन्ध सुदृढ र सुमधुर बनाउँदै विश्वका बाँकी मुलुकहरूसँग सम्बन्ध स्थापना गर्ने र सहयोग आदानप्रदान गर्नेतर्फ आवश्यक प्रयास प्रारम्भ गरिहाल्नु जरूरी छ । यस क्रममा सर्वप्रथम दुई छिमेकी राष्ट्रहरूसँगको सम्बन्धलाई मजबुत बनाउँदा अन्य मुलुकहरूसँग निकटता बढाउनुपर्छ । यसै गरी हामीले बुझ्नुपर्ने कुरा छिमेक भ्रमण दोहरो हुनुपर्छ, एकतर्फी मात्र होइन । दूईतर्फी भ्रमणले सम्बन्धलाई सुमधुर र निकट बनाउँछ, समानताको सम्बन्ध स्थापित हुन्छ । ठूलो र सानो मुलुकको विभेद हट्छ, स्वतन्त्र सार्वभौम मित्रराष्ट्रको हैसियतमा सम्बन्ध बन्छ ।

## राजपाको महाधिवेशन अर्को वर्ष हुने



काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालको राजनीतिक समितिको बैठक बुधबार सम्पन्न भएको छ । बैठकले विभिन्न महत्वपूर्ण निर्णयहरूसमेत गरेको छ । सो बैठकबाट संसदीय दलको विधान पारित भएको छ । यसैगरी, महाधिवेशनका लागि महाधिवेशन विधान परिमार्जन गर्न तीन सदस्यीय समिति समेत गठन भएको छ । महाधिवेशन विधान परिमार्जन समितिमा सहअध्यक्ष लक्ष्मण लाल कर्ण, वरिष्ठ उपाध्यक्षद्वय सर्वेन्द्रनाथ शुक्ल र वृषेश चन्द्र लाल रहेका छन् ।

यसैगरी राजपाले पहिलो महाधिवेशन आगामी वर्ष २०७६ साल बैशाख ७, ८ र ९ गते गर्ने बैठकमा सहमति भएको छ । सोही बैठकले आगामी एक साताभित्र संसदीय दलको नेता चयन गर्ने निर्णयसमेत भएको पार्टी स्रोतले जनाएको छ । एक वर्षभित्र पार्टीको महाधिवेशन गर्नुपर्ने राजपाको विधानको धारा २२ को उपधारा (१०) लाई संशोधन गरिएको छ । सो संशोधित निर्णय निर्वाचन आयोगलाई पत्राचार गर्ने राजनीतिक समितिको बैठकले निर्णय गरेको छ । यस्तै, राजनीतिक समितिको बैठक आगामी २१ गते बस्ने गरी तीन दिनदेखि जारी बैठक सम्पन्न भएको हो ।

**आयोगको पत्रको जवाफ राजपाले पत्रबाटै दिने**

निर्वाचन आयोगले राष्ट्रिय जनता पार्टी नेपाललाई असार मसान्तभित्रै महाधिवेशन गर्न पत्राचार गरी दिएको निर्देशनको जवाफमा राजपाले पनि पत्र पठाउने भएको छ । विभिन्न कारणवश महाधिवेशनको तयारी हुन नसक्ने भन्दै राजपाले निर्वाचन आयोगलाई पत्राचार गरी असारमसान्तभित्रै महाधिवेशन हुन नसक्ने जवाफ फर्काउने तयार गर्दैछ । राजपाले आयोगलाई बुझाएको विधानमा एक वर्षभित्र महाधिवेशन गर्ने उल्लेख गरेको थियो । सो विधानको धारालाई राजपाले संशोधन गरेको छ । राजपाको स्थापना दिवसकै दिन महाधिवेशन गर्ने तयारीमा राजपा जुटेको छ । आगामी वर्ष २०७६ बैशाख ७ गतेदेखि ९ गतेसम्म महाधिवेशन गर्ने राजपाको राजनीतिक समितिले निर्णय गरेको छ ।

## योगबाट सकारात्मक सोचको विकास हुने

जनकपुरधाम । प्रदेश २ का साथै नेपाल समृद्ध बनाउन सबै नेपाली स्वस्थ हुनुपर्ने र यसका लागि योग महत्वपूर्ण हुने प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थले बताएका छन् । चौथो अन्तर्राष्ट्रिय योग दिवसका अवसरमा भारतीय महावाणिज्य दूतावास वीरगंजद्वारा जनकपुरको जानकी मन्दिरमा आयोजित योगास्थलमा उनले सो कुरा बताएका हुन् । उनले योगको माध्ययमबाट शारिरिक तथा मानसिक स्वास्थ्य लाभ समेत लिन मिल्ने भएकोले समस्त नेपालीलाई योग गर्न प्रेरित गरेका छन् । योगले सकारात्मक सोचको विकास हुनुको साथै आत्मज्ञानको समेत प्राप्ति हुने हुँदा मानव जीवनमा योग अत्यन्तै लाभकारी रहेको बताए । सो योग कार्यक्रममा प्रदेश नं. २ का प्रदेश प्रमुख, मुख्यमन्त्री, भारतीय महावाणिज्य दूतावासका कन्सुलर तथा योगगुरू, स्थानीय, विभिन्न स्थानका योग शिविरका योगगुरू तथा साधकसाधिकाहरूले समेत योग गरेका थिए । त्यस्तै, सो कार्यक्रममा प्रदेश प्रमुख, मुख्यमन्त्री, योगगुरू सहितलाई मायाको चिनोको साथै दोसल्ला ओढाई सम्मान गरिएको थियो ।

## शहीदलाई ५० लाख दिने कुरा बजेटमा आएन

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालका प्रवक्ता तथा प्रदेश २ प्रदेशसभा सदस्य डा. डिम्पल कुमारी झाले प्रदेश २ सरकारको बजेटमा केही त्रुटिहरू रहेपनि समग्रमा सन्तोषजनक नै रहेको बताएकी छन् । उनले आफू सत्ताधारी दलको सांसद भएको नाताले बजेटको विरोध गर्न त नमिल्ने तर समग्रमा सन्तोषजनक नै रहेको प्रतिक्रिया दिएकी छन् । उनले बजेटप्रति असन्तुष्टिहरू रहेपनि ती सबै असन्तुष्टिहरू सम्बोधन हुने बताइन् । आइतबार मधेशवाणी रेडियो कार्यक्रमको अन्तर्वार्तामा राजपाकी प्रवक्तासमेत रहेकी डा. झाले भनिन्, 'नेपालमा अहिले जुन संघीयता कार्यान्वयन हुँदैछ त्यसको मुख्य श्रेय मधेश आन्दोलनलाई नै जान्छ । मधेश आन्दोलनकै कारण आज मुलुकमा संघीयता आएको हो ।' उनले भनिन्, 'संघीयता हाम्रो माग थियो, जुन आज कार्यान्वयन हुँदैछ । त्यसैले बजेटमा छुटेका कुराहरूको विरोध गर्नुभन्दा पनि आपसमा छलफल गरेर आगामी दिनमा सम्बोधन गर्नुपर्छ ।' उनले मधेश आन्दोलनका बेला मधेशकेन्द्रित दलहरूले गरेको वाचा पनि बजेटमा समावेश नभएको जिकिर गरिन् । मधेश आन्दोलनका शहीद परिवारलाई प्रादेशिक सरकारमार्फत् ५० लाख दिइने कुरा पनि बजेटमा नरहेकोले यसबारे छलफल हुने बताइन् ।

# आठ जिल्लामै सीमित हुँदै 'मधेश'

**मधेशवाणी डेस्क**

काठमाडौं । 'स्वायत्त मधेश प्रदेश' र 'समग्र मधेश एक प्रदेश' मूल मुद्दा उठाउँदै नेपालको राजनीतिमा मात्र नभई विश्व स्तरमा छुट्टै पहिचान बनाउन सफल मधेश केन्द्रित दलहरू अहिले आएर आफ्ना मूल नारा बिर्सिंदै गएका छन् ।



चर्का-चर्का भाषण र नारा दिएर मधेशी जनताको भावनासँग पटक-पटक खेलवाड हुँदै आएको छ । मधेशमा जाँदा मधेशकेन्द्रित दलका नेताहरू ठूला-ठूला भाषण गर्ने तर थानकोट कटिसकेपछि ती सबै प्रतिबद्धताहरू बिर्सिने गरेका थुप्रै उदाहरणहरू छन् ।

अहिले मधेशकेन्द्रित दलहरू संघीय समाजवादी फोरम र राजपालाई एउटै दृष्टिले हेर्न मिल्दैन तर व्यवहारमा खासै फरक छैन । विगतमा मधेशका २० वटै जिल्लालाई मधेश प्रदेश बनाउने नारा दिँदै आए पछि मधेशमा दुई प्रदेश भन्दै आए तर अहिले मधेशका आठ जिल्ला अर्थात प्रदेश २ लाई मधेश प्रदेश घोषणा गर्ने कसरतमा लागेका छन् । फोरम र राजपाको संयुक्त सरकार रहेको प्रदेश २ लाई मात्र मधेश प्रदेश घोषणा गर्दा अन्य प्रदेशमा रहेका मधेशीप्रति अन्याय नै हुनेछ । मधेश प्रदेशका लागि समग्र मधेशमै आन्दोलन भएका थिए, बलिदानी दिएका थिए यो कुरा फोरम र राजपाले बिर्सिनु हुँदैन ।

कुनै समय थियो की राजपा र फोरम सिङ्गो मधेश आन्दोलनको मुद्दालाई लिएर झण्डै डेढ वर्ष भन्दा बढी समयसम्म आन्दोलन गर्दै गरेको थियो । आन्दोलनकै बीचमा दुवै दल निर्वाचनमा भाग पनि लिए र अन्ततः दुई नम्बर प्रदेशमा मात्रै सीमित भए ।

विभिन्न मधेशकेन्द्रित पार्टीहरूलाई एकीकृत गरी मधेश शब्द बिनाको राष्ट्रिय पार्टी घोषणा गरिए पनि राजपा र फोरमको पछिल्लो अवस्था हेर्दा उनीहरू दुई नम्बर प्रदेशमा मात्रै सीमित रहेका छन् ।

'भागते भूतका लङ्गौटी काफी' भन्ने सिद्धान्त पछ्याएर राजपा र फोरमले मध्यमधेशका आठ जिल्लामा मात्र आफूलाई सीमित पार्ने आत्मघाती रणनीति हो ।

वास्तवमा अबको राजनीतिक दृश्यपटलमा मधेशवासी भन्नाले ती सबै हुन्, जसको बसोवास तराई मधेशका २० वटै जिल्लामा छ । जो राजपाबाहेक वा समेत कुनै पनि राजनीतिक पार्टीलाई समर्थन गर्न सक्छन् । उनीहरू नेपालको संविधान कार्यान्वयन भएको देख्न चाहन्छन् । र, राष्ट्रिय राजनीतिमा जोडिन चाहन्छन् । यसविपरीत अब ती मानिस मात्र मधेशी रहन पुगे, जो राजपालाई मात्र समर्थन गर्छन् । उनीहरू राजपाको पछि लागेर आठ जिल्लाको स्थानीय राजनीतिमा रूमल्लिएका छन् ।

अबको दिनमा मधेशको राजनीतिले कुन मोड लिन्छ, यसै भन्न सकिने स्थिति छैन । तर, यति पक्का छ- आफूलाई आठ जिल्लामा सीमित राख्ने राजपा र फोरमको राजनीतिक शक्ति भने घट्नसक्छ । निर्वाचन परिणामले पनि यस्तै देखाएको छ । उनीहरू राष्ट्रिय होइन क्षेत्रीय दल हुन भनेर स्वयं मधेशी जनताले प्रमाणित गरेका छन् । त्यसैले अब राजपा र फोरमको राजनीति समग्र मधेशवासीका लागि नभएर सीमित मधेशीहरूका लागि मात्र हुनेछ ।

अब भने मधेशवासीहरू एउटा बृहत् राजनीतिक धारमा उभिनेछन् । मधेशी राजनीति गर्नेहरूचाहिँ प्रदेश-२ मा सीमित हुनेछन् । राजपाको राजनीतिक समस्या आफैंभित्र छ । यसले मधेशका सम्पूर्ण बासिन्दालाई आफ्नो मतदाता मान्दैन । यो पार्टी आफैं नश्लीय दृष्टिकोणले पीडित छ । मधेशमा बसेका पहाडी मूलका सम्पूर्ण मतदातालाई उसले बहिष्कार र निषेध गर्दै आएको छ । उपेन्द्र यादवले संघीय समाजवादी पार्टीसँग एकीकरण गरेर मधेशवासी र जनजातिहरूको राजनीति एकैसाथ अघि बढाएका छन् । तर, राजपाले भने यस्तो राजनीतिलाई पूर्णतः वर्जित गरेको छ । जसका कारण प्रदेश-२ का आठ जिल्लामा पार्टी सीमित भएको छ ।

**प्रदेश २ लाई मधेश प्रदेश घोषणा गरौ : उपेन्द्र**

समग्र मधेश एक प्रदेश मूल नाराका साथ नेपालको राजनीति स्थापित भएका व्यक्तित्व हुन् वर्तमान उपप्रधान तथा स्वास्थ्यमन्त्री उपेन्द्र यादव । उनले विगतमा मधेशका २० वटै जिल्लालाई मधेश प्रदेश हुनुपर्ने मुख्य एजेन्डा बनाई राजनीति गर्दै आएका थिए ।

तर, हाल आएर उनी प्रदेश २ अर्थात मधेशका आठ जिल्लालाई मात्र मधेश प्रदेश घोषणा गर्नुपर्ने धारणा राखेका छन् । उनले मधेशवादलाई समेत स्वीकार गर्न सकिरहेका छैनन् । उनी भन्छन्, 'मधेश कुनै वाद नै होइन ।'

'मधेशको मात्र आठ जिल्लालाई मधेश प्रदेश स्वीकार्नु फोरम अध्यक्ष यादवको सत्तालोलुप्ता बाहेक अरू केही पनि होइन,' मधेश आन्दोलनका एक युवा भन्छन्, 'फोरम अध्यक्ष यादवको चरित्रलाई मधेशका जनताले राम्ररी बुझिसकेका छन् । उनी अवसरवादी मात्र हुन्, समाजवादी वा मधेशवादी हुनै सक्दैनन् ।'

संविधान संशोधन होइन, पुनर्लेखन गर्नुपर्छ भन्दै आएका उपेन्द्र यादव मधेश आन्दोलनको मर्म र भावनाविपरीत सबभन्दा पहिला स्थानीय निर्वाचनमा भाग लिए । त्यसपछि मधेशको माग पूरा नभई सरकारमा जान्नौं भन्दै ठूला ठूला क्रान्तिकारी नारा दिँदै आएका उपेन्द्र यादवले केपी शर्मा ओलीसँग दुईबुँदे सहमति गरी सरकारमा गए ।

विगतमा २२ बुँदेबाट सहमतिबाट जसरी २ बुँदे सहमतिसम्म उपेन्द्र यादव मधेशलाई खुम्चियाएका छन् त्यसरी नै उनी मधेशको २० जिल्लाबाट आठ जिल्लामा मात्र सीमित राख्ने चेष्टा गरिरहेको तर्क एक राजनीतिक विश्लेषकको छ ।

मंगलबार वीरगन्जमा आयोजित एक कार्यक्रममा फोरम अध्यक्ष यादवले प्रदेश नं २ को नाम परिवर्तन गरी मधेश प्रदेश कायम गर्न प्रदेश सरकारलाई आग्रह गरेका थिए । सोही कार्यक्रममा उनकै पार्टीका कतिपय नेता कार्यकर्ता यस्तो अभिव्यक्तिप्रति असन्तुष्ट देखिएका थिए ।

नाम उल्लेख नगर्ने शर्तमा ती नेता भने, 'मधेशमा यत्रो कठोर आन्दोलन आठ जिल्लाको मधेश प्रदेशका लागि भएको थिएन । हामीले मधेशका सम्पूर्ण जिल्लालाई मधेश प्रदेश हुनुपर्ने मागका साथ आन्दोलन गरेका थियौं ।'

**राजपा पनि सहमत**

'सत्ता होइन प्रभुसत्ता चाहिन्छ' भन्ने मूल नाराका साथ मधेश आन्दोलनताका वर्तमान राजपाका संयोजक महन्थ ठाकुरले तमलोपा गठन गरेका थिए । उनले स्वायत्त मधेश प्रदेशलाई मूल नारा बनाएका थिए । तर अहिले आएर आठ जिल्लालाई नै मधेश प्रदेश स्वीकार्न राजपा पनि तयार देखिएका छन् । राजपाका वरिष्ठ नेता रामनरेश रायले मधेशवाणीसँग कुराकानी गर्दै भनेका छन्, 'हामी पनि प्रदेश २ को नाम मधेश प्रदेश राख्न तयार छौं ।'

## "महाअभियानमा भारतले सघाउने"

काठमाडौं । भारतीय राजदूत मञ्जिवसिंह पुरीले वागमती नदीको सफाई अभियानमा भारतले पनि सहयोग गर्ने बताएका छन् । आर्ट अफ लिभिङ समाज नेपालले पशुपतिनाथ गंगा आरती स्थलमा गरेको योग शिविरमा भाग लिएपछि प्रतिक्रिया दिँदै राजदूत पूरीले सो कुरा बताएका हुन् । राजदूत पूरीले मानव सभ्यताको स्रोत वाग्मती नदीको सफाइ महाअभियानका लागि भारत सरकारले पनि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । अन्तर्राष्ट्रिय योग दिवस जुन २१ को अवसर पारेर आर्ट अफ लिभिङ समाज नेपालले उपत्यकाका विश्व सम्पदा सूचीमा सूचीकृत सांस्कृतिक सम्पदामा योग शिविर सञ्चालन गरेको हो । भारतका आध्यात्मिक गुरू आयार्य रविशंकरको अग्रसरतामा आर्ट अफ लिभिङ नामक आध्यात्मिक अभियान शुरू भएको हो । यसले मानिसलाई भौतिक कोलाहलकाबीच आध्यात्मिक शान्तिका साथ जीवनयापन गर्ने कला सिकाउँछ ।



राजपा सरकारमा आयो भने नेकपाले सीट खाली गर्छ : रामेश्वर राय यादव



मधेशका २० वटै जिल्लाका लागि लडाइ जारी छ : रामनरेश राय

अन्तर्वार्ता पृष्ठ ३ मा

**समय-सन्दर्भ**

संगीता रेग्मी



## प्रकोप रोक्न आजैबाट जिम्मेवार बनौं

**मधेशका जनतालाई हरेक वर्ष कुनै न कुनै रूपमा प्राकृतिक प्रकोपले सताइरहेकै हुन्छ । आगलागी, शीतलहर, बाढी, पहिरो र खडेरी मधेशको आम प्रकोप बनेको छ । यसबाट आज जनजीवन मात्र होइन, आर्थिक क्षति पनि हुने गर्छन् ।**

नेपाल प्रकोपका दृष्टिले बहुजोखिमयुक्त क्षेत्र हो । मुख्यतया नेपालमा बाढी, पहिरो, डुबान, भूकम्प, चट्याङ, आगलागी, शीतलहर, हिमताल बिस्फोट, हिमपहिरो आदि प्रकोपबाट वर्षेनी ठूलो जनधनको क्षति हुने गरेको छ ।

नेपाल भूकम्प र बाढीबाट बढी क्षति पुग्ने देशहरू मध्ये विश्वमा क्रमशः एघारौं र तीसौं स्थानमा छ । पहिरो मृत्युदर जोखिम सूचकमा नेपाल विश्वका १० राष्ट्रमध्ये एक र दक्षिण एशियामा सबैभन्दा उच्च जोखिम भएको मुलुक हो । यसका साथै महामारीले स्वास्थ्य क्षेत्रमा ठूलो विपद उत्पन्न गराएको छ ।

ठूला प्रकृतिका भूकम्पहरू केही वर्षको अन्तरालमा जाने गरेका छन् । बाढी पहिरोको समस्या झनै विकराल रहेको छ । नेपालको हिमाली र पहाडी क्षेत्रमा बाढी पहिरो र तराई क्षेत्रमा बाढी र डुबानका कारणले ठूलो जनधनको क्षति हुने गरेको छ । यसैगरी, नजानिँदो किसिमले हुने चट्याङबाट पनि ठूलो जनधनको क्षति हुने गरेको छ भने आगलागीको घटना झन् विकराल रहेको छ ।

पूर्ण मनसुन शुरू भएको छैन। तैपनि बाढी र पहिरोले मानिसहरूलाई अत्याइ सकेको छ । विगतका वर्षहरूमा भन्दा यो वर्ष अझ धेरै वर्षा हुने मौसमविद्हरूको पूर्वानुमान छ । वर्षायामसँगै पहाडी जिल्लाहरूमा पहिरो र तराईमा बाढीको त्रास बढ्दै गएको छ । यो त्रास हरेक वर्ष आउने गर्छ । तर यस्ता त्रासबाट त्राण पाउने उपायको खोजीबारे न छलफल हुन्छ न त योजना नै बन्छ ।

**कुन वर्षमा कतिको मृत्यु**

| वर्ष | मृत्यु |
|---|---|
| ०६८ | ५१९ |
| ०६९ | ३९९ |
| ०७० | ४१७ |
| ०७१ | ५३९ |
| ०७२ | ९,२७९ |
| ०७३ | ४८३ |
| ०७४ | ५९७ |
| जम्मा | १२,२३३ |

देश संघीयतामा गएर हरेक प्रदेशहरूमा प्रदेश सरकारको निर्माण भईसकेको अवस्थामा अब यस्ता प्राकृतिक प्रकोपहरूबाट हुने क्षति कम गर्न स्थानीय सरकारले पनि पहल गरि अग्रसरता देखाउन जरूरी देखिन्छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा हालै बसेको विपद् न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को बैठकले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ र विपद् जोखिम न्यूनिकरणसम्बन्धी राष्ट्रिय रणनीतिक कार्ययोजना स्वीकृत गरेको छ। यो रणनीतिक कार्ययोजना २०८७ सम्म कार्यान्वयन हुनेछ। मनसुन सुरू भइसकेको र यसबाट हुनसक्ने धनजनको क्षतिलाई न्यूनीकरण र व्यवस्थापन गर्न बैठकले जनचेतना जगाउने, सम्भावित जोखिम न्यूनीकरणका लागि सबै मन्त्रालय, निकाय, विपद् व्यवस्थापन समीति सुरक्षा निकायले समन्वय गरी आ-आफ्ना कार्य थप प्रभावकारी बनाउने निर्णय पनि गरेको छ। यो केही मात्रामा सरकारको तयारी भएपनि विश्वस्त हुने अवस्था भने छैन। योजना र नीति ल्याए पनि त्यसको प्रभावकारी कार्यान्वयनको अभावमा हरेक वर्ष वर्षायाममा आउने बाढीबाट तराई-मधेशका जनता पीडित हुने गरेको यर्थात् नकार्न सकिन्न ।

प्रकोप बिनाको कुनै ठाउँको कल्पना गर्न सकिँदैन । विकसित देशका समृद्ध सहर हुन् वा अविकसित देशका गरिब बस्ती, प्राकृतिक प्रकोप तथा विपत्त जहाँ र जस्तो ठाउँमा पनि हुन आउन सक्छ। कुनै ठाउँमा बाढी पहिरो मुख्य प्रकोप हुनसक्छ भने अर्को ठाउँमा भूकम्प, कुनै ठाउँका लागि ज्वालामुखीको समस्या प्रमुख हुन सक्छ भने कुनै ठाउँमा सुनामी। प्राकृतिक प्रकोप जहाँ र जस्तो अवस्थामा भएपनि त्यसले गर्ने नोक्सान के-कति भयो भन्ने प्रमुख विषय हो। त्यसैले जस्तोसुकै प्रकोप भए पनि त्यसलाई न्यूनीकरण गर्नु आजको आवश्यक्ता र चुनौती हो ।

सन् १९९० अघिसम्म विश्वका सबै देशहरूमा विपद् वा प्राकृतिक प्रकोपहरू मानिसको वशमा हुँदैन र यो भगवान्को इच्छा हो भनेर बुझ्ने गरिन्थ्यो। तर अहिले विपद्को जोखिम घटाउन सकिन्छ र प्राकृतिक प्रकोपलाई रोक्न नसके पनि यसबाट हुने क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ भन्ने आम बुझाई रहँदै आएको छ ।

बाँकी पृष्ठ ८ मा



## सम्पादकीय



# ओलीको भ्रमण र नेपाल-चीन सम्बन्ध

पहिलोपटक प्रधानमन्त्री हुँदा भूकम्पले थिचिएको र मधेशको नाकाबन्दीको मार खेपिरहेको बेला केपी शर्मा ओलीले आफ्नो चीन भ्रमणमा १० वटा विषयको समझदारीपत्रमा हस्ताक्षर गरेका थिए। त्यस बाहेक थप नयाँ सम्भावनाहरूको अध्ययन तथा अनुसन्धान गर्ने समझदारी पनि भएको थियो। प्रधानमन्त्री ओली आफ्नो अघिल्लो कार्यकालमा गरेको चीन भ्रमण र अहिलेको भ्रमणमा तात्विक अन्तर धेरै छन्। तापनि अब त्यहीं व्यक्ति फेरि प्रधानमन्त्री भएका छन् र आफैले गरेका सम्झौता तथा समझदरीलाई निरन्तरता दिने छन् भन्ने आशा गर्ने ठाउँ प्रशस्त छ। त्यसमाथि कम्तीमा पनि पाँच वर्षका लागि स्थिर सरकार बनेको छ। अब यो भ्रमण कति सफल होला भन्ने प्रश्न मात्रै उब्जिएको छ।

आजको आवश्यक्ता चीनसँग बलियो रूपमा जोडिनु हो तर यसको अर्थ कहिले दक्षिणको मुख ताक्ने त कहिले उत्तरको मुख ताक्ने भने अवश्य होइन। नेपाल भारत र चीनपरिवेष्ठित या परनिर्भर मुलुक नबनोस् यो हरेक स्वाभिमानी नेपालीले मनन् गर्नुपर्ने विषय पनि हो। राष्ट्रिय हित र स्वार्थलाई सर्वप्रथम ध्यानमा राखेर समयसापेक्ष हिंड्न सक्नु पर्छ। चीनको ओबीओआर प्रोजेक्टमा नेपालले हस्ताक्षर गरिसकेको छ। ओबीओआर अगाडि बढ्दै गर्दा नेपालले ऋणलाई भन्दा अनुदानलाई जोड दिनुपर्छ। भौगोलिक परिस्थिति पनि भारतसँग जति सहज छ, त्यति नै जटिल छ चीनसँगको। हस्ताक्षर नै गरिसकेपछि नेपालले आफ्नो भौतिक र यातायातको विकासलाई जोड दिएर आर्थिक लाभ असुल्न सके राम्रो हुनसक्छ। त्यसकारण

**नेपाल र चीनबीच एउटा सहयोगपूर्ण अवस्था अहिले छ। तर केही महिनादेखि नेपाल सरकार चीनसँगको सम्बन्धमा पूर्ण निष्क्रिय देखिन्छ। नेपाल सरकारका गतिविधिले चीनसँगको सम्बन्ध भारतसँगको सम्बन्धभन्दा पछिल्लो स्तरको सम्बन्ध हो भन्ने मनोविज्ञान प्रदर्शन गरिरहेका छन्।**

चनाखो हुँदै चीनसँग ओबीओआरमा काम गर्न नेपालका नेताहरूले गम्भीरतापूर्वक प्रस्तुत हुनुपर्ने हुन्छ।

एमाले र माओवादीबीच एकीकरण भई बनेको शक्तिशाली कम्युनिस्ट पार्टी र दुई तिहाई बढी बहुमत भएको कम्युनिस्ट सरकारप्रति चीनको अपेक्षा बढी नै छ। त्यसैले चिनियाँ विदेश नीतिको उद्देश्य हासिल गर्ने रणनीति अनुरूप ओलीको भ्रमणलाई चीनले पनि उच्च महत्व दिएको छ। यसका साथै चिनियाँ राष्ट्रपतिको सम्भावित नेपाल भ्रमणको पृष्ठभूमि पनि ओलीको चीन भ्रमणको अवधिमा तय हुनेछ। त्यसैले समय र कार्यसूची दुवै दृष्टिले ओलीको चीन भ्रमण अत्यन्त महत्वपूर्ण छ/। यतिबेला छिमेकीसँगको सन्तुलित सम्बन्धको अग्निपरीक्षामा प्रधानमन्त्री ओली उभिएका छन्।

नेपाल र चीनबीच एउटा सहयोगपूर्ण अवस्था अहिले छ। तर केही महिनादेखि नेपाल सरकार चीनसँगको सम्बन्धमा पूर्ण निष्क्रिय देखिन्छ। नेपाल सरकारका गतिविधिले चीनसँगको सम्बन्ध भारतसँगको सम्बन्धभन्दा पछिल्लो स्तरको सम्बन्ध हो भन्ने मनोविज्ञान प्रदर्शन गरिरहेका छन्। नेपाल र चीनका सीमा क्षेत्रहरूमा विदेशी घुसपैठका सम्भावना बढेका छन्। तिब्बती भाषामा स्वतन्त्र तिब्बतका नारा अंकित खादाहरू बजारमा बेचबिखन भइरहेका छन् तर सरकार त्यसप्रति ध्यान दिइरहेको छैन। ताइवानका अनेक संस्था नेपालमा सक्रिय छन् त्यसप्रति पनि सरकारले आँखा चिम्लिएको छ। यी सबै गतिविधि आधुनिक नेपाल र चीनले अवलम्बन गरेको पारस्परिक सम्बन्धका विपरीत छन्। यसरी चीनको नेपालप्रति शंका निर्माण गर्ने कार्य नेपालको हितविपरीत छ। नेपालले भारत र चीनसँगको सम्बन्धलाई समान तहमा राख्न सक्नुपर्छ। परराष्ट्र सम्बन्धका यी कमजोरी देशका प्रधानमन्त्रीका प्रत्यक्ष सरोकारका विषय हुन्।

अहिले नेपाल आफ्नो परराष्ट्र नीति कसरी निर्धारण गर्ने भन्ने विषयमा चौबाटोमा उभिएको छ। नेपालले आफ्नो स्वतन्त्रता र सार्वभौमिकतालाई कति अभ्यास गर्ने भन्ने विषयको निर्धारण गर्नुपर्छ। चीनले नेपाललाई विकल्प पनि दिएको छ। नेपालको स्वतन्त्रता र सार्वभौमिकताको अभ्यास गर्ने विषयलाई बढाउने गरी यो काम हुनुपर्छ। पारवहन सम्झौताको प्रस्ताव चीनले पहिलेदेखि अरू-अरू सरकारलाई पनि दिएको थियो तर त्यो नेपालले पन्छाउँदै थियो। तर जुन परिस्थितिमा यो सम्झौता भयो यसलाई अघि नबढाउने हो भने यो निकै दुर्भाग्यपूर्ण नै हुनेछ। नेपालको राजनीति निकै टुक्रिएको छ र आशिर्वाद प्राप्त गर्ने आशक्ति बढेर गएको छ।

## साताको सात बात



नेपालको विकासका लागि चीनको भूमिका महत्वपूर्ण रहेको छ। अलिकति भिन्न र उन्नत परिवेशमा भएको मेरो दोस्रो भ्रमण फलदायी हुनेछ। **केपी शर्मा ओली, प्रधानमन्त्री**



मधेशमा पटक-पटक भएको आन्दोलन र सहिदहरूको बलिदानीबाट प्राप्त अधिकारलाई संस्थागत गर्नकै लागि हामी सरकारमा सहभागी भएका हौं। अहिलेको आवश्यकता भनेको आन्दोलनबाट प्राप्त उपलब्धिलाई संस्थगत र मजबुत बनाई त्यसकै आधारमा थप आधार प्राप्त गर्नु हो। **उपेन्द्र यादव, उपप्रधान एवं स्वास्थ्यमन्त्री**



विशेष परिस्थितिमा भएको कांग्रेसको जिल्ला सभापतिहरूको भेलाले गुटको होईन जुटको राजनीति अघि बढाउन मद्दत पुऱ्याउनेमा म विश्वस्त छु। कांग्रेसले अन्तरद्वन्द्व त्यागेर अघि बढ्ने हो भने अबको पाँच वर्षपछि हामी विजयोत्सव मनाउन सक्छौं। **विमलेन्द्र निधि, उपसभापति, नेपाली कांग्रेस**



प्रतिनिधिसभा सदस्य रेशभ चौधरीको रिहा र मधेशको माग सम्बोधन नभएसम्म हामी सरकारमा सहभागी हुँदैनौं। राजपा नेपालको बैठकमा पार्टीको पहिलो महाधिवेशन, पार्टीको विधान, संगठन सुदृढीकरण, संसदीय दलको विधान तथा नियमावलीमाथि छलफल भएको छ। **महेन्द्र राय यादव, अध्यक्ष मण्डलका सदस्य, राजपा नेपाल**



संघीय, प्रदेश र स्थानीय तहको सरकारबीच समन्वय नहुनु संक्रमणकाल नै हो। तीनै तहको सरकारबीच समन्वय गरेर एकअर्काको अस्तित्वलाई स्वीकार गर्ने चुनौती अझै पनि हाम्रो सामु रहेको छ। न्यायपालिकाको सहयोगबिना संघीयता पूर्ण रूपमा कार्यान्वयन हुन सक्दैन। **मो.लालबाबु राउत गद्दी, मुख्यमन्त्री, प्रदेश २**



प्रमुख प्रतिपक्षीले सरकारको बजेटबारे हतारमा टिप्पणी गरेको जस्तो लाग्यो। आर्थिक वर्ष २०७५/०७६ का लागि ल्याएको बजेट जनताले मन पराएका छन्। 'नेपालमा अहिलेसम्म धेरैपटक बजेट प्रस्तुत गर्ने पार्टी नै कांग्रेस होला। **शंकर पोखरेल, मुख्यमन्त्री, प्रदेश ५**



सेजमा संचालन हुने उद्योगहरूलाई तत्काल ४-५ मेगावाट विद्युत् उपलब्ध गराउँछौं। आवश्यकताअनुसार सेजबाट निर्माण हुँदै जाने ३३ केभीबाट समेत थप विद्युत् उपलब्ध गराउन सक्छौं। **कुलमान घिसिङ, कार्यकारी निर्देशक, नेपाल विद्युत् प्राधिकरण**

# प्रधानमन्त्रीको चीन भ्रमणको सार्थकता

**विचार-विश्लेषण** भाग-१४



उपेन्द्र झा

नेपालका प्रधानमन्त्री के.पी.शर्मा ओली असार ५ गतेदेखि चीन भ्रमणमा छन्। ओलीको चीन भ्रमणबारे भारतीय पक्षले कुनै टीका टिप्पणी नगर्न निर्देशन नै जारी गरेको छ। विगतमा नराम्ररी बिग्रेको नेपाल भारत सम्बन्धलाई सुधार्ने प्रयासमा लागेका दुबै देशका प्रधानमन्त्रीको पहलले सम्बन्धमा नयाँपन आएको कुरा प्रशंसनीय त हो नै। यसमा कुनै किसिमको नकारात्मक प्रभाव नपरोस् भन्ने सन्दर्भमा भारत मौन रहेको कुरा स्पष्ट देखिन्छ।

नेपाल भूपरिवेष्ठित मुलुक भएकोले यसका अनेक अपठ्याराहरू छन्। तीनतिरबाट भारतद्वारा घेरिएको नेपाल प्राकृतिक रूपमा भारतमाथि आश्रित रहेको छ। भारतमाथि आश्रित रहने परम्पराले नेपाली जनजीवनको हरेक क्षेत्रमा भारतको प्रभाव देखिनु स्वाभाविक पनि हो। दुबै देशको मैत्री सम्बन्धको सन्तुलन बेला बेलामा खल्बलिएको पनि हो। स्वाभाविक छ, जहाँ आकर्षण त्यहीं विकर्षण पनि हुन्छ। गहिरो मैत्री सम्बन्धमा आएको असन्तुलनले गहिरो घृणा पनि उत्पन्न गराउँदछ। नाकाबन्दीको बेला यही घृणा चरम अवस्थामा देखिएको थियो। नेपाल कम्युनिष्ट पार्टीको बलियो, स्थाई सरकार आएको बेला ठूलो अवरोधक रूपमा देखिने भारतसंग सम्बन्ध सुधार्ने नेपाल सरकारको बाध्यता रहेको यथार्थलाई आत्मसात गरि ओलीले मैत्री सम्बन्धको हात बढाएको हो। चीनको प्रभावमा रहेको नेपाल सरकारसंग प्रत्यक्ष लड्नु, चीनको प्रभावलाई बढाउनु हो भनेर भारतले पनि नेपालसंग सम्बन्ध सुधार्न आवश्यक बुझेर लचक व्यवहार अपनाएको हो।

विगत एक दशकदेखि नेपालमा चीनको सक्रियता बढेको अवस्थामा भारतको परम्परागत हेर्ने दृष्टिकोण सम्बन्ध सन्तुलन गर्न असक्षम देखिएकोले पनि नेपालसंग सहिष्णु हुनु भारतको बाध्यता हो। जटिलता रहेपनि नेपालले वैकल्पिक मार्ग खोजेकोले नेपालको पहिले जस्तो अवस्था रहेन। भारतसंग परामर्श नगरि वैकल्पिक मार्गतिर अग्रसर रहेको नेपालसंग अब भारतले लचक व्यवहारमा आउनु पर्ने परिस्थितिलाई भारतको प्रधानमन्त्रीले पनि बुझे र सोही अनुसारको व्यवहार अगाडि बढाएको प्रशंसनीय कुरा हो। यही परिस्थितिले भारतलाई नेपालसंग सम्बन्ध सुधार्न अग्रसर गराएको हो। दुबैतिरबाट सम्बन्ध सुधार्ने प्रयास भएपनि नेपाल चीन सम्बन्धले यसलाई दिगो रूपमा रहन दिन्छ कि दिदैन भन्ने कुरा अहम हो।

नेपालका प्रतिनिधी चीन भ्रमणमा रहँदा चीन त्रिदेशीय सम्बन्धबारे कुरा उठाउन बिर्सिदैन। परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली चीन भ्रमणको बेलामा त्रिदेशीय सम्बन्धबारे चीनियापक्षले कुरा उठाएको थियो। यसबारे प्रतिनिधी नेपाल भारत मौन रहेको छ। अहिले प्रधानमन्त्री के.पी.शर्मा ओली चीन भ्रमणको बेला त्रिदेशीय सम्बन्धबारे कुरा उठ्छ कि उठ्दैन भन्ने कुरा राजनीतिक विश्लेषकमाझ चर्चाको विषय रहेको छ।

चीन भारत सम्बन्धलाई मधुर बनाउन दुबै देशले चाहेको भएपनि आधार भने भेटि रहेको छैन। दुबै देशबीच रहेको मन्द तनावले यो सम्बन्धलाई मधुर बन्न दिई रहेको छैन। मोदी चीन भ्रमणको बेला सम्बन्धमा रहेको तिक्ततालाई हटाउने प्रयास गरिए पनि सम्बन्धको तरलता भने कायमै रहेको भान हुन्छ। डोकलामको तनाव, छिमेकी देशहरूबाट ओबीओआरमा गराईएका हस्ताक्षर, अब त्रिदेशीय सम्बन्ध बनाउने प्रयासमा लुकेको चीनको नियत, नेपालमा अनावश्यक रूपमा बढाईएको प्रभाव आदि कारणले मैत्री सम्बन्धलाई ठोस रूपमा आउन दिई रहेको छैन। तर पनि दुबै देश सम्बन्ध सुधार्न प्रयासरत छन्।

चीन भ्रमणमा रहेका नेपालका प्रधानमन्त्रीको बिषयमा केही प्रतिक्रिया दिन नचाह्ने भारतपक्ष असलमा "सी एण्ड वाच" को अवस्थामा रहेको छ। चीनसंग के के कुरामा सम्झौता हुने, सम्झौतासंगै कार्यान्वयनको अवस्था आदि कुरामा नेपाल भारत सम्बन्धको लेखाजोखा हुने भएकोले भारत प्रतीक्षारत छ। वास्तवमा नेपाल भारत र नेपाल चीनको सम्बन्धलाई प्रधानमन्त्री के.पी.शर्मा ओलीले कसरी सन्तुलन कायम गर्ने भन्ने विषय उसको लागि पनि ठूलो चुनौतीको विषय हो।

चीनको भ्रमणमा जानुभन्दा एक दिन पहिला असार ४ गते संसदलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले चीनसंग नेपालको सामाजिक, वैवाहिक तथा व्यापारिक सम्बन्ध रहेको भन्दै चीन विश्वको शक्तिशाली मुलुकको रूपमा उदाई रहेकोले चीनको सहयोगी भावनाको मुक्तकण्ठले प्रशंसा गरेका छन्। नेपाल चीन सम्बन्धको गहिरो मैत्रीभाव त्यसै पनि प्रधानमन्त्री ओलीको शब्दबाट हार्दिक उद्गार प्रकट भई रहेको थियो।

चीन भ्रमणमा प्रधानमन्त्री के.पी.शर्मा ओलीले केरूङ नाका मात्र अहिले संचालनमा रहेकोले थप नाका संचालन गराउने, रेलमार्ग, क्रसबोर्डर ट्रान्समिशन लाइन, कृषि विकास लगायत नेपालको अन्यान्य विकासमा चीनियाँ सहयोग जुटाउने आदि एजेण्डामा छलफल हुने जनाएको छ। चीनको पूर्व भ्रमणमा भएको पारवहन तथा यातायात सम्झौतालाई पनि कार्यान्वयन गराउने दिशामा छलफल अगाडि बढाउने प्रधानमन्त्रीले जानकारी दिएका छन्।

चीनियाँ लगानीमा रहेका आयोजना लगायत प्रसारण लाईन, उर्जा, जलविद्युत, सडक निर्माण, सिंचाई तथा जलस्रोत, विज्ञान तथा प्रविधि, तेल भण्डारणका लागि (नुवाकोट, ललितपुर र तनहुँ) चीनियाँ सहयोग, शैक्षिक तथा जनस्वास्थ्यको सातै प्रदेशमा भवन निर्माण आदि विषयमा पनि छलफल हुनेछ।

चीनियाँ राष्ट्रपति सि जिन पिङले

सन् २०१३ मा एशियाली पूर्वाधार विकास बैंक (एआईआईबी) को नेपाल, चीन, वेलायत, फ्रान्स, इटली, जर्मनी लगायत ५७ मुलुक यसको संस्थापन सदस्य बने। ८०९ बटा शेयर सदस्य किनेवापत नेपालले बुझाउनु पर्ने १ अर्ब ६२ करोड रकम नेपालको क्षमताभन्दा बढि भएकोले पछि अनुदान वा सहुलियत ऋणमा रकमान्तर गर्ने गरि यो रकम चीनले नै बुझाई दिएको छ। यो भ्रमणमा एशियाली पूर्वाधार विकास बैंक (एआईआईबी) को नेपालमा शाखा राख्नेबारे छलफल हुने प्रधानमन्त्रीले जनाएको छ।

भारतसंगको एकतर्फा सम्बन्ध बनाउन बाध्य नेपालले वैकल्पिक मार्गको खोजीमा धेरै पहिलादेखि प्रयासमा लागेको थियो। तर अहिलेको जस्तो व्यापार सम्बन्ध जुट्न सकेको थिएन। विगत केही वर्षदेखि भारतसंग सम्बन्धमा तनाव आएपछि र चीनले पनि नेपालमा चासो लिन थाले पछि चीनसंग व्यापार सम्बन्ध बन्यो। भौगोलिक जटिलता ब्योहोरिदै पनि यो आयात निर्यातको व्यापार चल्दै रह्यो। चीनसंग आयातको उच्च दरले चालू आ.व.को १० महिनामा चीनसंग नेपालले १ खर्ब २१ अर्बको व्यापार घाटा बेहोरेको छ। यही अवधीमा नेपालले २.६६ अर्बको मात्र निर्यात गर्न सकेको छ। पछिल्ला ५ वर्षयता नेपाल-चीनबीचको ब्यापारको तथ्याँक रू. करोडमा- आ.व. ०७०/०७१ म आयात ७९७२ निर्यात २५४ घाटा (-७७१८), आ.व. ०७१/०७२ मा आयात ९९२८ निर्यात २०६ घाटा (-१०१३४), आ.व. ०७२/०७३ मा आयात ११६११ निर्यात १७१ घाटा (-११७८३), आ.व. ०७३/०७४ मा १२९८७ निर्यात १७० घाटा (-१२८१७) र चालू आ.व.को १० महिनामा आयात १२७५८ निर्यात २६६ घाटा (-१२४९१) (स्रोत-भन्सार विभाग साभार-नयाँ पत्रिका, ५ आसार ०७५)।

चीनसंग ५ वर्षमा भएको व्यापार घाटा कम गर्ने सम्बन्धमा पनि प्रधानमन्त्रीले चीनसंग छलफल गर्ने कुरा छ। उत्पादन बढाउने कार्यक्रम नरहेको, व्यापार घाटा कसरी कम हुने ? भारतसंगको झण्डै ६ खर्बको व्यापार घाटा त छँदैछ। उत्पादन क्षमता नबढाईकन निर्यात हुँदैन। निर्यात कै अनुपातमा व्यापार घाटा कम हुने अवस्था छ। कुनै देशले यसलाई कम गर्ने होइन। बरू चीनले उत्पादनको क्षेत्रमा सहयोग गऱ्यो भने चीनसंगको व्यापार घाटामात्र कम हुँदैन, भारतसंगको पनि व्यापार घाटा कम हुनेमा दुईमत छैन।

चीनको समृद्धि यात्रामा भारत पनि सहयात्री बन्ने सहमतिका साथ चीन भारत सम्बन्धलाई नयाँ परिवेशमा कसरी उतार्ने भन्ने दुवैको पहल अगाडि बढेको त देखिन्छ। तर दुवैको विश्वास भने एकअर्काप्रति जम्न सकेको छैन। आफ्ना आफ्नो इन्टरेस्टमा दुबै एकअर्काको नजिक आएपनि प्रगाढता भने आएको छैन। आगामी २०२०सम्म चीन भारतबीचको द्विपक्षीय व्यापार १ खर्ब पुऱ्याउने चीनियाँ राष्ट्रपति सी जिन

> चीनको समृद्धि यात्रामा भारत पनि सहयात्री बन्ने सहमतिका साथ चीन भारत सम्बन्धलाई नयाँ परिवेशमा कसरी उतार्ने भन्ने दुवैको पहल अगाडि बढेको त देखिन्छ। तर दुवैको विश्वास भने एकअर्काप्रति जम्न सकेको छैन। आफ्ना आफ्नो इन्टरेस्टमा दुवै एकअर्काको नजिक आएपनि प्रगाढता भने आएको छैन।

पिङले चीनको चिन्दाओमा भएको एससीओ शिखर सम्मेलनका अवसरमा भारतीय प्रधानमन्त्री समक्ष सुझाव राखेको थियो।

भारतले पनि चीनको सरकारी बैंक (बैंक अफ चाइना) लाई मुम्बईमा शाखा खोल्न अनुमति दिएको कुराबाट दुबै देश सम्बन्ध सुधार्ने अवस्थामा रहेको देखिन्छ। सन् २००६ देखि चीन भारतको कृषि उपज खासगरि वासमति चामल आयात गर्दै आएको छ। दुबै देश सम्बन्ध सुधारको परिवेशमा प्रवेश गरे पनि ओबीओआरमा भारत आउन चाहेको छैन। त्यस्तै त्रिदेशीय व्यापार कारिडोर चीनको प्रस्तावप्रति भारत मौन रहेको अवस्थाले विश्वासको आधार तयार नभएको कुरा प्रष्ट रूपमा अनुभव गर्न सकिन्छ।

भारतको तुलनामा नेपालले यसपाली झण्डै ३५०० मेगाबाटको (किमाथांका अरूण ४५०, तमोर ७६२, सुनकोशी दुई १११०, सुनकोशी तीन ५३६, नलसिंहगाड ४२६, उत्तरगंगा ३०० मेगावाट जलविद्युत परियोजनामा चीनको सहयोग माँग्ने एजेण्डामा सामेल छ। जम्मा ३५०० मेगावाटको विद्युत गृहमा चीनको सहयोग आउनेमा किञ्चित शंका छैन।

janukjha24@gmail.com

# 'उमेशको जीवनरक्षाका लागि रू. ३० लाख बुझाए'

यसपाली नेपालबाट ७ जुनमा पाकिस्तान आउनु अगाडी ४ जुनमा परराष्ट्र मन्त्रालयमा तिस लाखको चेक बुझांउदै गरेको बेलाको फोटो हो जुन आज सार्वजनिक गर्दैछु। यति ठुलो रकम सरकारलाई हस्तानत्रण एकदमै तामझामको साथ गर्न सकिन थियो तर कतै कुनै मेडीयावाजी गरिएन। कारण विषय वस्तुको गंम्भिरता थियो।

पाकिस्तानी परिवारलाई ब्लडमनि वापत तिस लाख दिने सहमति १० जुन सम्म मात्र थियो। यता, उमेश यादवलाई मृत्यु दण्डबाट बचाउन गरिएको अपिलको कुनै फैसला आएको छैन। रमजान र ईदको विदाको कारण सउदीको अपिल कोर्टमा कागजातहरू पुग्न पाएको छैन। धेरैको गुनासो थियो कि यता पाकिस्तानी परिवारलाई तिस लाख बुझाए पश्चात पनि अपिल कोर्टले उमेश यादवको हकमा फैसला सुनाएन भन्ने चन्दा संकलनबाट उठेको यति ठुलो रकम पनि त्यतिकै जाने भयो।

हुन त, पाकिस्तानी परिवारले दिया मंजुर गरेर माफीनामा दिने कुरामा सहमति गरेको थियो, अपिल कोर्टले के( कस्तो फैसला गर्छ उनीहरूको सरोकारको विषय थिएन। प्रायजसो सबै हत्याको घटनामा अदालतले मृतक परिवारलाई आफ्नो अधिकार प्रयोग गर्ने मौका दिन्छ अनि मात्र ब्लडमनि दिने गरिन्छ। उमेशको



मुद्धामा पनि अदालतले पाकिस्तानी परिवारलाई आफ्नो अधिकार प्रयोग गर्ने मौका धेरै पहिला नै दिएको थियो जुन अदालतले विगतमा गरेको फैसलाबाट प्रष्ट हुन्छ तर १२ वर्षमा न पाकिस्तान सरकार र न नेपाल सरकारबाट नै कुनै पहल हुन्छ जसको कारण अन्तमा आएर अदालत पब्लिक राइट प्रयोग गरेर १५ अप्रिलमा उमेशलाई घांटी काटेर १० घण्टासम्म झुण्डाउने फैसला गर्छ।

८ अप्रिल भन्दा पहिला देखी नै म पटक पटक परराष्ट्र मन्त्रालय पुगेर पाकिस्तान जाने अनुमति मांगेका थिए तर मन्त्रालयले १५ अप्रिलमा मृत्युदण्ड सुनाई सके पश्चात मात्र मलाई पाकिस्तान जानलाई चाहिने पत्र दियो। पछिलो फैसलामा 'हराबा' तहत मृत्युदण्ड सुनाइएको छ जसमा प्राइवेट राइट प्रयोग हुँदैन तर पनि धेरै जसो यस्तो धटना पनि छ जांहा घांटी काट्ने बेलामा पिडीत परिवारको माफीनामा

पुगे पछि अभियुक्तलाई माफ गरिएको छ। गुगल गरे भने यस्ता उदाहरण देख्न सकिन्छ। अहिले पनि म विश्वस्त छु कि अदालतले मुद्धालाई 'हराबा' बाट 'किसास' मा झारी मृतक परिवारलाई आफ्नो अधिकार प्रयोग गर्ने मौका दिन्छ भनेर तरपनि अन्तिम फैसला गर्ने आखिर उही अदालत हो।

यहि कारण अदालतको फैसला नआए सम्म तिस लाखलाई सुरक्षित पार्न समाजिक जनदबाव पछि परराष्ट्रलाई बुझाएको रकम वारे गोप्य राख्छु र पाकिस्तान आएर फेरी पिडीत परिवारलाई अदालतको फैसला सम्म प्रतिक्षा गर्न फेरी सफल हुन्छु। पिडीत परिवारले देखाएको मानवतालाई हामी सबैले सलाम ठोक्नै पर्छ। पहिला पनि पाकिस्तानमा यस्तै एउटा अर्को घट्ना भई सक्केको छ, बढी मेडीयावाजी भएपछि दिया रकम बढेर करोड़ोमा पुगेको थियो। यहि कारण रहेको थियो, रकम संकलन वारे मेडियावाजी गर्नबाट परहेज गरेको थिए।

आजको दिन नेपालबाट पठाइएको नेरू तिस लाख पाकिस्तानमा रहेको नेपाल दुतावासको खातामा सुरक्षित रहेको छ जसबाट पाकिस्तानी रूपैया तिस लाख उमेश रिहा भए पछि पिडीत परिवार जिम्मा लगाइन्छ र बढी रहेको पारू दुई लाख वकिल खर्च लगायत अन्य खर्चमा प्रयोग गरिनेछ।

# राजपा सरकारमा आयो भने नेकपाले सीट खाली गर्छ



रामेश्वर राय यादव
प्रतिनिधिसभा सदस्य, नेपाल कम्युनिस्ट पार्टी

सरकारमा हुनु भनेको मन्त्री हुनु नै होइन । उहाँको समर्थनमा सरकार बनेको छ । संघीय समाजवादी फोरमको दुईजना मात्र मन्त्री छन् तर अन्य त छैनन् नि ? तर फोरम नेपाल सरकारमा छ । राजपाको पनि सरकारमा प्रतिनिधित्व छ । मन्त्री हुनु भनेको त एउटा प्राविधिक विषयमा सामेल हुनु हो । कसको आवश्यक्ता पर्छ, त्यस व्यक्तिलाई पार्टीबाट निर्णय गर्नेछ । भोलिका दिनमा राजपाको आवश्यक्ता भयो भने नेकपा त्यसमा पछाडि पर्दैन, तिनीहरूलाई पनि समेटेर लैजान्छ ।

**० मधेशवादको राजनीतिलाई छोडेर कम्युनिस्ट राजनीतिमा आउनुको कारण के हो ?**

– म मधेशवादी भन्दा पनि भेदभाव विरोधी आन्दोलनमा लागेको व्यक्ति हुँ । मधेशका नागरिकमा विगतका दिनहरूमा जसरी भेदभाव भइरहेको थियो त्यो अन्त्य होस्, जुन परिवर्तन भइरहेका छन् त्यसलाई आत्मसात गर्न मधेशका सम्पूर्ण भागका नागरिक र सबै समुदायले त्यो अनुभव गर्न सकोस् भन्ने उद्देश्यका खातिर विगतमा मधेशवादी भने पनि परिवर्तनकारी शक्ति भने पनि समानता समाजको निर्माण गर्न अभियन्ताको रूपमा आन्दोलनरत थिएँ र त्यो भावना मेरो मनमा अहिले पनि छ । त्यसैले यो देशका सबै नागरिकले समान हकको उपभोग गर्नुपर्छ भन्ने कुराको पक्षमा हिजो पनि थिएँ, आज पनि छु र भोली पनि रहनेछु । दलको स्वरूपमा परिवर्तन भएको हो । मैले के महशुस गरें भने म जहाँ थिएँ त्यस दलले परिवर्तनलाई जुन किसिमले आत्मसात गर्नुपर्ने हो त्यो हिसाबमा नगरेको अनुभूति भयो । ठूलै शक्तिसँग मिलेर परिवर्तनको अनुभूति गराउने, समातामूलक समाजको निर्माण गर्ने र मधेशको मुद्दालगायत सम्पूर्ण भेदभाव विरोधी आन्दोलनलाई आत्मसात गर्नुपर्छ भन्ने उद्देश्यका साथ मैले माओवादी पार्टीमा प्रवेश गरेको हो ।

**० तपाईंका उद्देश्यहरू पूरा गर्न तत्कालीन मधेशकेन्द्रित दलहरूबाट सम्भव थिएन ?**

– त्यसबाट मैले सम्भव देखिन । साना-साना कुरामा अल्भिने, व्यक्तिगत स्वार्थमा लाग्ने प्रवृतिले मधेशको मुद्दा र भेदभाव विरोधी विषयवस्तुलाई जुन उचाईमा पुऱ्याउनु पर्ने थियो नेतृत्व वर्गले त्यो पुऱ्याइएन । त्यो काम अहिले पनि बाँकी नै छ । अहिले पनि प्रयत्नरत नै छ । मैले त्यो मुद्दालाई बिर्सेको छैन ।

**० तपाईं तत्कालीन माओवादी पार्टीमा प्रवेश गर्नुभएको थियो, त्यो पार्टी मधेशप्रति इमान्दार छ ?**

– निश्चित रूपमा यो देशमा जति पनि पार्टी रहेका छन् तिनीहरूको तुलनामा अपेक्षाकृत पार्टी मधेशप्रति उदार देखिएको तत्कालीन माओवादी केन्द्र नै हो । यो पार्टी मधेशवादको पक्षमा र भेदभाव विरोधी आन्दोलनको पक्षमा थियो । मधेश पनि यहि देशको अंश हो, मधेशी पनि यहि देशको नागरिक हो । त्यसैले उनीहरूले जुन किसिमको अनुभूति गरिरहेका छन्, त्यो अनुभूतिलाई हटाउनुपर्छ र मूल प्रवाहमा सम्पूर्ण समुदायका मान्छेहरू र पहाडका जनजातीहरू, जो भेदभावमा परेका छन्, मधेशका मधेशीहरूलाई राष्ट्रको मूलधारमा ल्याउनुपर्छ भन्ने धारणा माओवादी केन्द्रले व्यवहारमा नै देखाउने प्रयास गरिरहेको छ ।

**० माओवादीकै कारण मधेशमा आन्दोलन भयो, अन्तरिम संविधान लेख्ने समयमा जब संघीयता छोडियो तब मधेश आन्दोलन उठेको थियो त्यस समयमा पनि माओवादी केन्द्र कीह बोलेन त ?**

– संघीयताको पक्षमा सबैभन्दा पहिले कुरा उठाएको नेपाल सद्भावना पार्टीले हो । गजेन्द्र बाबुको नेतृत्वमा रहेको सद्भावना पार्टीले संघीयता र आरक्षणको विषय हामीले उठाएका थियौं । माओवादीले संघीयता छोडेको अनुभूति भएको छैन । माओवादी केन्द्रले अहिले पनि संघीयतालाई दह्रो किसिमले अगाडि बढाउनुपर्छ भन्ने लाइन मै छ । अहिले पनि सहकर्मी केही साथीहरूले संघीयता देशलाई भार हुन्छ, यो देशलाई टुक्राउने खेल हो भन्ने जस्ता कुरा गरे पनि तत्कालीन माओवादी केन्द्रले संघीयताको पक्षमा वकालत गरेको छ । अहिले पनि अध्यक्ष प्रचण्डले संघीयतालाई आत्मसात गर्दै सबैलाई समेटेर लैजानुपर्छ भन्ने नै धारणा रहेको छ ।

**० एमाले र माओवादी एकीकरण भएर नेपाल कम्युनिस्ट पार्टी गठन भएको छ, अहिले नेकपाको मधेश नीति कस्तो देख्नुहुन्छ ?**

– हिजोको दिनमा भन्दा प्रष्ट दिशाबोध र अलि फराकिलो सोचका साथ नेपाल कम्युनिष्ट पार्टी अगाडि बढेको छ । किनभने नेकपा पार्टी ऐतिहासिक मोडमा छ । अहिले नै जुन शक्तिको रूपमा यो पार्टी अगाडि बढेको छ, यो शक्तिलाई कायम राख्न यो देशमा रहेको एक किसिमको भेदभावलाई अन्त्य गर्ने प्रयास हुन्छ र यो राजनीतिक र व्यवहारिक दुबै दृष्टिकोण बाहेक अन्य विकल्प छैन । त्यसको प्रत्यक्ष उदाहरण के छ भने स्पष्ट बहुमतको सरकार हुँदा-हुँदै एउटा भेदभाव विरोधी आन्दोलनको पात्र वा मधेशवादी पार्टीको रूपमा आफूलाई कायम गराउन सफल भएको उपेन्द्र यादवजीको पार्टीलाई सरकारमा ल्याउने र अन्य दलहरूलाई पनि सरकारमा ल्याउने जुन प्रयासहरू भइरहेको छ यो एउटा सकारात्मक सोच हो । यो एउटा प्रमाण हो कि नेपाल कम्युनिष्ट पार्टी अब पनि भेदभावमा परेका समुदायलाई छोड्यो भने आफू कमजोर देखिन्छ । त्यसैले कुनैपनि हालतमा सबैलाई समेटेर लैजानुपर्छ । संविधान संशोधन गर्नुपर्ने आवश्यक्ता महशुस भयो भने तिनीहरूको सहमतिमा नै संविधान संशोधन गरेर भए पनि नाराका रूपमा रहेको समृद्ध नेपाल र सुखी नेपाल चरितार्थ हुनेछ । यो सम्पूर्ण प्रयासहरू जारी नै छन् ।

**० त्यसो भए संघीय समाजवादी फोरमलाई सरकारमा ल्याउनु मधेशको पक्षमा हो ?**

– त्यतातिर पनि उन्मुख छ । नेकपाले आफ्नो बहुमतको सरकार हुँदा-हुँदै पनि सबैलाई समेटेर देश विकासमा लाग्ने अठोट गरेको छ । त्यो अठोटलाई व्यवहारमा उर्तानका लागि मधेशमा भएका दलहरूलाई सहकर्मीको रूपमा अगाडि बढाउन खोजिएको हो ।

**० मधेशका मुद्दाहरूलाई उठाउनका लागि संघीय समाजवादी फोरमलाई सरकारमा ल्याइयो तर राष्ट्रिय जनता पार्टीलाई भने किन बाहिर राखिएको हो ?**

– राष्ट्रिय जनता पार्टी पनि सरकारमा आउन प्रयासरत छन् । तिनीहरूको नेतृत्वमा विवाद छ । धेरैको नेतृत्व रहेकोले मत एकाकार हुन सकिरहेको छैन । तर राजपाका अधिकांश साथीहरूको चाहना सबैसँग मिलेर नै जाउँ भन्ने रहेको छ । केही साथीहरू सरकारमा जाउँ भन्ने पक्षमा छन् भने केही साथीहरूको धारणा सरकार बाहिर बसे पनि सरकारलाई समर्थन गरेर जाउँ भन्ने छ । त्यसैले मलाई लाग्छ, निकट भविष्यमा नै उहाँहरू पनि नेकपाको सरकारमा सहभागि देखाएर अगाडि बढ्नुहुनेछ ।

**० तर मन्त्रालयहरू त खाली छैन कसरी उहाँहरूलाई प्रवेश गराउनुहुन्छ ?**

– सम्पूर्ण सरकार नै नेकपाको भएकाले कसलाई सरकारमा राख्ने कसलाई हटाउने पार्टीले निर्णय गर्छ । त्यस्तो अवस्थामा हामी एडजस्ट गर्नेछौं ।

**० आफ्ना मन्त्रीहरूलाई नेकपाले फिर्ता पठाउन सक्छ ?**

– फिर्ता पठाउने वा राख्ने भन्दा पनि तत्कालीन परिस्थितिमा जसको आवश्यक्ता थियो त्यसलाई अगाडि बढाइयो र भोलिका दिनमा पनि जसको आवश्यक्ता रहन्छ त्यसलाई अगाडि बढाइन्छ । सरकार भनेको अपरिवर्तनशील होइन । यसमा आलोपालो त भइरहन्छ ।

**० मधेश केन्द्रित दलका माग पूरा गर्न भन्दा पनि सरकारमा ल्याउनमा नै सरकार लागेको देखिन्छ, आफ्नो माग पूरा नभएसम्म सरकारमा नजाने भनेर राजपा स्पष्ट श्रपमा भनिसकको छ, सरकारले माग पूरा गर्न किन ढिलाई गरिरहेको छ ?**

– उहाँहरू सरकारमा हुनुहुन्छ । सरकारमा हुनु भनेको मन्त्री हुनु नै होइन । उहाँको समर्थनमा सरकार बनेको छ । संघीय समाजवादी फोरमको दुईजना मात्र मन्त्री छन् तर अन्य त छैनन् नि ? तर फोरम नेपाल सरकारमा छ । राजपाको पनि सरकारमा प्रतिनिधित्व छ । मन्त्री हुनु भनेको त एउटा प्राविधिक विषयमा सामेल हुनु हो । कसको आवश्यक्ता पर्छ, त्यस व्यक्तिलाई पार्टीबाट निर्णय गर्नेछ । भोलिका दिनमा राजपाको आवश्यक्ता भयो भने नेकपा त्यसमा पछाडि पर्दैन, तिनीहरूलाई पनि समेटेर लैजान्छ । सरकारमा त उहाँहरू अहिले पनि हुनुहुन्छ ।

**० तर उहाँहरूको माग किन पूरा भइरहेको छैन ?**

– उहाँहरूले गरेको माग भनेको संविधान संशोधन हो । नेकपाले पनि संविधान संशोधन गरेर लैजानुपर्छ भनेकै छ । यसको औपचारिकता मात्र बाँकी छ । संघीय समाजवादी फोरमसँग जस्तै उहाँहरूसँग पनि सम्झौता हुनेछ र त्यो सम्झौता कार्यान्वयनका लागि आगामी दिनमा पहल हुनेछ ।

**० मन्त्रिपरिषदको निर्णयबाटै हुने सामान्य मागहरू जस्तै सांसद रेशमलाल चौधरीको शपथ, आन्दोलनका क्रममा झुठा आरोप लागेकालाई सफाई र कैदी जीवन बिताएकालाई रिहाई जस्ता विषय पूरा गर्नका लागि त सरकारमै ल्याउन पर्छ भन्ने त छैन नि ?**

– तपाईले जति पनि मागहरू छन् भन्नुभयो ति मागहरू अझै पनि राजपाले उठाउँदै आईरहेको छ । र सरकारले पनि यो कुरा उठाइरहेकै छ । समय मात्र नमिलेको हो । मधेश आन्दोलनको क्रममा मधेशले ठूलो क्षति बेहोर्नु पऱ्यो । त्यसको मर्म हामी सबैले बुझेका छौं । त्यो मर्ममा मलम लाउने काम हामी सबैले गर्नुपर्छ । त्यसमा नेकपा नेतृत्वको सरकार धेरै नै सकारात्मक छ । यसमा पहल गर्न अझै पनि बाँकी नै छ । म राजापाका साथीहरूलाई के अनुरोध गर्न चाहन्छु भने मोहि माग्ने ढुंग्रो लुकाउने काम नगरौं । सम्पूर्ण कुराहरू खुलेर गरौं । नेकपाका साथीहरूलाई पनि म के आग्रह गर्न चाहन्छु भने धेरै समय यस्ता कुराहरूलाई थाती राख्न हुँदैन । यस्ता कुराहरूलाई तुरून्तै निकास दिने र सबैलाई समेटेर देशलाई समृद्धितर्फ लैजाने र त्यो समृद्धितर्फ लैजानका लागि सम्पूर्ण निकायहरू अगाडि बढ्नुपर्छ ।

# मधेशका २० वटै जिल्लाका लागि लडाई जारी छ

जुन बेला आवश्यक्ता महसुस हुन्छ, राजपाले संसदीय दलको नेता चयन गरिहाल्छ । अहिले हामीलाई आवश्यक्ता महसुस भयो कि महाधिवेशनको मिति तय गर्नुपर्छ त्यो हामीले गरिसक्यौं । राजनीतिक दल भएपछि संसदीय दलको नेता, प्रमुख सचेतक, उपनेता सबै छिट्टै चयन हुन्छ । त्यसका लागि संसदीय दलको विधान पनि त चाहियो । भर्खरै मात्र राजनीतिक समितिले संसदीय दलको विधान पारित गरेको छ ।



रामनरेश राय
वरिष्ठ नेता
राष्ट्रिय जनता पार्टी नेपाल तथा प्रदेश २ का उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री

**० राजपा गठन हुँदा एक वर्षभित्र महाधिवेशन गर्ने भनेर विधानमै उल्लेख गरेको थियो तर, अहिले आएर फेरि एक वर्ष थप गरेको छ, किन ?**

– नेपालमा सदियौंदेखि पिछडिएका, शोषित, उत्पीडित मधेशी जनता आफ्नो हक अधिकारका लागि संघर्ष गर्दै आएका छन् । खासगरी, तराई मधेशको अधिकारका लागि गठन भएका राजनीतिक दलहरू विभिन्न कालखण्डमा विभाजित हुँदै आएका थिए । तर, जनताको भावनाअनुसार ६ वटा मधेशकेन्द्रित दल एक भई राष्ट्रिय जनता पार्टी नेपाल गठन भएको हो । राजपा गठन भए लगत्तै हामीले तीन तहको निर्वाचनको सामना गर्नुपऱ्यो । यसैक्रममा हामी आफ्ना मागहरू पूरा गराउन विभिन्न तरिकाले संघर्ष पनि गर्दै आयौं । प्रदेश २ मा हामी सरकार बनायौं, त्यहाँ विभिन्न कुरा मिलाउनुपर्ने थियो । अहिले पनि प्रदेश २ को बजेटलाई हेर्ने हो भने केन्द्रले विभेद गरेकै छ । हामीले प्रदेश २ मा बनाएको सरकार व्यवस्थित गर्नेतिर लागेका छौं । यत्रो ६/६ वटा राजनीतिक दल मिलेर बनेको राजपाले अहिलेसम्म भ्रातृ संगठनहरूको पनि समायोजन गर्न सकेको छैन । वडा, गाउँ, नगर, महानगर हुँदै केन्द्रसम्म अधिवेशनहरू गर्नुपर्ने भएकाले हामीले पार्टीको महाधिवेशन गर्न एक वर्ष थप गरेका हौं । हामी कागजी महाधिवेशन गर्दैनौं । भव्य रूपमा सम्पूर्ण प्रक्रिया मिलाउनुपर्छ त्यसैले एक वर्षको अवधि थप गरिएको हो ।

**० महाधिवेशन तयारीका लागि पुनः एक वर्ष थप्नुपर्ने आवश्यक्ता थियो त ?**

– महाधिवेशनका लागि थप गरिएको समयलाई सकारात्मक रूपमा लिनुपर्छ । एकता लगत्तै हामीले तीन/तीनवटा निर्वाचनको सामना गऱ्यौं । प्रदेश सरकारको गठन भयो, त्यसमा पनि समय लाग्यो, केन्द्रमा पनि सरकारसँग कुनै न कुनै रूपमा वार्ता गर्दैछौं । केन्द्र सरकारसँग हामीले संविधान संशोधन, झुठा मुद्दा फिर्ता, रेशमलाल चौधरीको शपथ ग्रहण लगायतका विषयमा वार्ता गर्दैछौं । सरकारले हामीलाई सरकारमा सहभागी हुन आग्रह गर्दैछ । राजनीतिक दल त सरकारमा नजाने कुरा थोरै नआउँछ । तर, जुन माग र मुद्दा लिएर आएका छौं त्यसका लागि सरकारको प्रतिबद्धता त आउनुपऱ्यो नि । त्यसैले गर्दा यी सब कुरा मिलाउनका लागि निश्चित रूपमा समय लाग्छ नै । एक वर्षमा महाधिवेशन गर्ने हामीले 'कमिटमेन्ट' गरेका थियौं र आज सहमतिको आधार गर्ने भनेका छौं । हामी धैर्यताका साथ महाधिवेशनमा जान्छौं । राजपाको महाधिवेशनलाई ऐतिहासिक बनाउँछौं । त्यसकारणले एक वर्ष थप गरेका हौं ।

**० निर्वाचन आयोगले राजपालाई असार मसान्तभित्रै महाधिवेशन गर्न निर्देशन दिएको छ । तर पार्टीले एक वर्ष अझै थप गर्ने निर्णय गरेको छ । यो त आयोगको निर्देशन विपरीत भएन र ?**

– राजनीतिक दलको जे संवैधानिक अधिकार छ, त्यसमा निर्वाचन आयोगले नमान्नु पर्ने कुरा नै आउँदैन । अरू पार्टीका लागि मान्ने तर राजपाको लागि नमान्ने ? अरू पार्टीलाई समय दिने तर राजपालाई नदिने ? आयोग भनेको सबै दलका लागि समान हुनुपर्छ, कुनै एउटा वर्ग समुदायका लागि होइन । आयोगले पार्टीलाई व्यवस्थापन गर्ने हो कि उन्मूलन गर्ने हो ? त्यसैले आयोगले नमान्ने कुरा आउँदैन ।

**० तपाईंले भने जस्तो अबको ६ महिना अवधि थप गरेर पनि महाधिवेशन गर्न सक्नुहुन्छ ?**

– अबको ६ महिनामा महाधिवेशन गर्न सकिँदैन । किनकि एक/दुई वटा पार्टीको मात्र एकीकरण भएको छैन, ६/६ वटा पार्टी मिलेर राजपा गठन भएको हो । वडा, गाउँ, नगर लगायतका नयाँ-नयाँ संरचनाहरू बनेको छ । ती सबैलाई समायोजन गर्नुपर्छ । त्यसकै लागि हामीलाई समय चाहिएको हो । राजनीतिक समितिले सबैको सहमतिमा आगामी बैशाखमा महाधिवेशन गर्ने भनेर निर्णय गरेको छ, कसैले विरोध गरेको छैन । राजनीतिक समितिको असार २१ गते फेरि बैठक बस्दैछ ।

**० यो एक वर्षभित्र महाधिवेशनको मात्र तयारी हुने हो कि आन्तरिक विवादहरू पनि मिलाउनुहुन्छ ?**

– यो अवधिभित्र राजपाले महाधिवेशनका लागि मात्र केन्द्रित गर्छ । आन्तरिक विवाद पार्टी भित्र छैन । राजपाभित्र कुनै किसिमको आन्तरिक वा बाह्य विवाद छैन ।

**० राजनीतिक समितिले सार्वजनिक गरेको आठबुँदे निर्णयमा संसदीय दलको नेताबारे केही उल्लेख छैन । यदि विवाद छैन भने राजनीतिक समितिले संसदीय दलको नेता किन कुनै निर्णय लिएन ?**

– जुन बेला आवश्यक्ता महसुस हुन्छ, राजपाले संसदीय दलको नेता चयन गरिहाल्छ । अहिले हामीलाई आवश्यक्ता महसुस भयो कि महाधिवेशनको मिति तय गर्नुपर्छ त्यो हामीले गरिसक्यौं । राजनीतिक दल भएपछि संसदीय दलको नेता, प्रमुख सचेतक, उपनेता सबै छिट्टै चयन हुन्छ । त्यसका लागि संसदीय दलको विधान पनि त चाहियो । भर्खरै मात्र राजनीतिक समितिले संसदीय दलको विधान पारित गरेको छ । त्यसमा अलिकति परिमार्जन र संशोधनको आवश्यक्ता छ । पार्टीको विधान परिमार्जनका लागि पनि तीन सदस्यीय समिति गठन भएको छ । त्यसैले विभिन्न कुराहरू छन्, यसलाई अन्यथा लिनु हुँदैन ।

**० तपाईंहरूले महाधिवेशनका लागि जसरी अझ एक वर्षको समय थप गर्नुभएको छ, यदि आयोगले स्वीकार गरेन भने त्यसपछि राजपाको बाटो के हुनेछ ?**

– हामी दृढता र विश्वासका साथ निर्वाचन आयोगलाई आग्रह गर्छौं । पार्टीलाई व्यवस्थापन गराउने काम हो आयोगको । त्यसैले आयोगले हाम्रो परिस्थितिलाई मध्यनजर गर्दै अवश्य नै हामीलाई एक वर्षको समय दिनेछ । अहिले नै नकारात्मक कुरा गर्नु हुँदैन । हामी आशावादी छौं ।

**० राजनीतिक समितिको बैठकबाट जारी भएका निर्णयमा सरकारमा जाने वा नजाने केही उल्लेख छैन, किन ?**

– जुन मुद्दाको आधारमा राजपाको निर्माण भएको छ, त्यसमा सरकारको तर्फबाट जबसम्म सकारात्मक प्रतिबद्धता आउँदैन तबसम्म राजपा सरकारमा जानेबारे सोच्न पनि सक्दैन । सरकारलाई हाम्रो समर्थन त छँदैछ । सरकारमा जान कुनै बन्देज छैन नि । तर, मुद्दामा आधारित पार्टी भएकाले, ती मुद्दाहरू संविधान संशोधनमार्फत् समाधान हुँदैन तबसम्म राजपा सरकारमा जाँदैन । जनताको अपार बहुमतबाट निर्वाचित हाम्रा पार्टीका सांसद रेशमलाल चौधरीलाई आजसम्म पनि आयोगले प्रमाणपत्र दिएको छैन । यदि उ अपराधी थिए भने उसको उम्मेदवारी किन स्वीकार भयो, उसलाई कसले अपराधी साबित गऱ्यो ? जनताले निर्वाचित गरेको प्रतिनिधिलाई यसरी बन्दी बनाइराख्नु कहाँको न्याय हो ? त्यसैले हामी सरकारमा जान पनि सोच्दैनौं । राजपालाई सरकारमा जान हतार छैन ।

**० तर, सरकारको नेतृत्व गरिरहेको दलले तपाईंहरूकै सहयात्री दल फोरमसँग त लिखित रूपमै सहमति गरेको छ नि ?**

– फोरम नेपाल प्रदेश २ मा हाम्रो सहयात्री दल हो । हामी सँगै चुनाव लड्यौं र सरकार पनि बनाएका छौं । तर, फोरम र राजपा छुट्टाछुट्टै पार्टी हो । यो कुरा फोरमका नेताहरूसँग सोध्नुपर्छ कि सहमति त भयो मागहरू कहिले पूरा हुन्छ भनेर ।

**० सरकारसँग के कस्ता विषयमा तपाईंहरूको छलफल भइरहेको छ ?**

– सत्तापक्षले हामीलाई सरकारमा सहभागी हुन भन्दैछ । तर हामी भन्छौं- हामो मुद्दा सम्बोधन होस्, संविधान संशोधनको प्रतिबद्धता आओस्, मुद्दा फिर्ता होस्, बन्दीलाई रिहाई गरोस्, रेशमलाल चौधरीलाई प्रमाणपत्र दिएर शपथ ग्रहण गराओस् ।

**० तपाईंहरूको मागप्रति सरकारको के प्रतिक्रिया छ त ?**

– सरकारले सकारात्मक छौं मात्र भन्दै आएका छन् । सकारात्मक मात्र भएर हुँदैन नि । ठोस रूपमा जनताको सामु प्रतिबद्धता आउनुपऱ्यो नि । व्यवहारमा काम कारबाही अगाडि बढ्नुपऱ्यो नि ।

**० प्रदेश २ को नाम र भाषाको विषयमा के हुँदैछ ?**

– प्रदेश २ सरकारले प्रदेशको नाम र भाषाको विषयमा विधेयक प्रदेश संसदमा लिएर आउँछ । कुनै एउटा व्यक्ति, सांसद वा मन्त्रीले मात्र भनेर प्रदेश नाम, भाषा वा राजधानीको टुंगो लाग्दैन । संसदको दुई तिहाई बहुमतले टुंगो लगाउने हो ।

**० संघीय फोरमका अध्यक्ष उपेन्द्र यादवले प्रदेश २ को नाम मधेश प्रदेश राख्न प्रदेश सरकारलाई सुझाव दिनु भएको छ, के भन्नुहुन्छ ?**

– निश्चित रूपले हुनुपर्छ । यसमा राजपाको धारणा पनि त्यहीं नै हो । यदि उहाँले यस्तो कुरा भन्नुभएको छ भने यो राम्रो हो ।

**० अर्थात, तपाईंहरूले प्रदेश २ का आठ जिल्लालाई मात्र मधेश प्रदेश स्वीकार गरिसक्नु भएको छ ?**

– अरे बाबा, लडाई अहिले जारी छ नि । आठ जिल्लाको मात्रै मधेश प्रदेश हुँदैन नि । मधेश भनेको २० वटै जिल्ला हो । त्यो सब त छलफलबाट निष्कर्ष निकाल्ने हो नि । पूरै मधेशका लागि हाम्रो लडाई अहिले पनि जारी छ ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# यस्तो छ प्रदेश २ को बजेट

**माननीय सभामुख महोदय,**

१. आगामी आर्थिक वर्ष २०७५/०७६ को बजेट प्रदेश नं.२ का जनताको प्रतिनिधिमूलक यस गरिमामय सभासमक्ष प्रस्तुत गर्न पाउँदा मलाई खुसीको अनुभूति भएको छ। आजभन्दा करिब ५० दिन अघि मैले आर्थिक वर्ष २०७४/०७५ को बजेट वक्तव्य यससभामा प्रस्तुत गरेको थिएँ। आर्थिक वर्षको पूरै अवधिका लागि बजेट प्रस्तुत गर्न पाएको मेरो लागि यो पहिलो अवसर हो।

२. यस घडीमा सर्वप्रथम संघीय गणतन्त्रको स्थापनाका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, पटक-पटकको मधेश आन्दोलनको गौरवपूर्ण इतिहासप्रति उच्च सम्मान प्रकट गर्दै नेपालको लोकतान्त्रिक आन्दोलनको क्रममा शहीद हुनुभएका तथा बेपत्ता पारिनुभएका सबैका प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। एवं, शहीदका परिवारजन र विभिन्न आन्दोलनका क्रममा अङ्गभङ्ग भई कठिन जीवनयापन गरिरहनु भएका नागरिकहरूलाई श्रद्धापूर्वक नमन गर्दै उहाँहरूको त्याग र बलिदानप्रति कृतज्ञता व्यक्त गर्दछु।

३. नेपालमा राजनीतिक सङ्क्रमणको लामो कालखण्डको अन्त्य भएको छ। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई संस्थागत गर्न नेपाली जनताको त्याग र बलिदानबाट हालसम्म प्राप्त भएका राजनीतिक उपलब्धीहरूको रक्षा गर्दै विद्यमान गरिबी, पछ्यौटेपन, सामाजिक अन्धविश्वास र विभेदको अन्त्य गरी यस प्रदेशलाई समृद्ध बनाउने जिम्मेवारी हामीमा आएको छ।

४. जनताको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न यो सरकार आवश्यक संस्थागत र व्यवस्थापकीय प्रबन्ध मिलाउँदै अघि बढिसकेको व्यहोरा यस अवसरमा अवगत गराउन चाहन्छु।

५. यो सरकार बनेपछि भारतका महामहिम प्रधानमन्त्रीले नेपाल भ्रमणको क्रममा यस प्रदेशबाट आफ्नो भ्रमण सुरूवात गर्नुभएको कुरा सर्वविदितै छ। महामहिमको उक्त भ्रमणबाट दुई मुलुकबीचको सम्बन्ध अझ गाढा हुने तथा आगामी दिनमा नेपालको विकासमा महत्वपूर्ण योगदान पुग्ने विश्वास सरकारले लिएको छ।

६. नेपाल सरकारको आ.व. २०७५/७६ को बजेट वक्तव्यमार्फत घोषित आयोजना तथा कार्यक्रमहरू सम्पन्न गर्न नेपाल सरकारलाई सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

७. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधानमा उल्लिखित नागरिकका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, चौधौ आवधिक योजना, विनियोजन विधेयक, २०७५ का सिद्धान्त र प्राथमिकता, प्रदेश सरकारको नीति तथा कार्यक्रम, प्रदेशसभाका माननीय सदस्यज्यूहरूले दिनुभएको सुझावहरू, पूर्वबजेट छलफलका क्रममा प्राप्त हुन आएका रचनात्मक सुझावहरू तथा आ.व. २०७४/७५ को बजेट वक्तव्यमा उल्लिखित महत्वपूर्ण कार्यक्रमहरूलाई यो बजेट तर्जुमाको मार्गदर्शनका रूपमा लिएको छु।

**सभामुख महोदय,**

८. म अब नेपाल राष्ट्र बैंकबाट प्रकाशित प्रदेशगत प्रोफाइलमा आधारित रही यस प्रदेशको आर्थिक, सामाजिक एवं प्रशासनिक अवस्थाका बारेमा सङ्क्षिप्त जानकारी गराउन अनुमति चाहन्छु।

**प्रशासनिक स्वरूप :**

९. राज्यको संरचनामा सङ्घ, सातवटा प्रदेश र ७५३ वटा स्थानीय तहहरू रहेका छन्, जसमा एक महानगरपालिका, तीन उपमहानगरपालिका, ७३ नगरपालिका र ५९ वटा गाउँपालिका छन्।

**जनासाङ्ख्यिक स्थिति :**

१०. २०६८ सालको जनगणना अनुसार देशको कुल जनसङ्ख्या दुई करोड ६४ लाख रहेकोमा यस प्रदेशको जनसङ्ख्या ५४ लाख चार हजार १४५ जना अर्थात २०.४ प्रतिशत रहेको छ। प्रदेशहरूमध्ये यो प्रदेश जनसाङ्ख्यिक हिसाबले दोस्रो ठूलो प्रदेश रहेको छ।

११. यस प्रदेशको लैङ्गिक अनुपात १०१.१ प्रतिशत रहेको छ भने जनघनत्व ५५९ जना प्रति वर्ग किमी रहेको छ।

**आर्थिक स्थिति :**

१२. देशको कुल गार्हस्थ उत्पादन ३० खर्ब सात अर्ब रहेकोमा यस प्रदेशको कुल गार्हस्थ उत्पादन रू. चार खर्ब ८८ अर्ब अर्थात १६.२ प्रतिशत अंश रहेको छ। कुल गार्हस्थ उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रहरूमा यस प्रदेशको क्रमशः १८, २४ र १२.४ प्रतिशत योगदान रहेको छ।

१३. नेपालको राष्ट्रिय प्रतिव्यक्ति आय १००४ (यू.एस. डलर) मा यस प्रदेशको प्रतिव्यक्ति आय ७९९ (यू.एस. डलर) रहेको छ। प्रदेशहरूको तुलनामा यो प्रदेश प्रतिव्यक्ति आयको हिसाबले पाँचौं स्थानमा देखिन्छ।

१४. नेपालमा ३९.९ प्रतिशत जनसङ्ख्या आर्थिक रूपले सक्रिय रहेकोमा प्रदेश नं. २ मा ३१ प्रतिशत जनसङ्ख्या मात्र आर्थिक रूपमा सक्रिय रहेका छन् जो प्रदेशहरू मध्यकै थोरै हो।

१५. नेपालको श्रमिकको वार्षिक औसत उत्पादकत्व रू. एक लाख १८ हजार १०८ रहेकोमा यस प्रदेशको श्रमिकको उत्पादकत्व १०३.४ प्रतिशत अर्थात एक लाख २२ हजार २३३ रहेको छ। श्रमिक उत्पादकत्वको हिसाबले यो प्रदेश प्रदेशहरूमै दोस्रो बढी उत्पादकत्व भएको प्रदेश हो।

**कृषिभूमिको प्रयोग र सिँचाइको स्थिति :**

१६. नेपालको कुल खेतीयोग्य क्षेत्रफल ३२ लाख १४ हजार हेक्टर रहेकोमा ७९.३ प्रतिशत जमिनमा खेती गर्ने गरिएको छ भने उक्त खेती गरिएको जमिनको केबल ४५.२ प्रतिशतमा मात्र सिँचाइ सुविधा पुगेको छ। यस प्रदेशमा पाँच लाख ३५ हजार दुई सय १८ हेक्टर खेतीयोग्य क्षेत्रफल रहेकोमा चार लाख ८१ हजार दुई सय १४ हेक्टरमा खेती हुने गरेको र तीन लाख १८ हजार आठ सय ६९ हेक्टर क्षेत्रफल मात्र सिञ्चित छ। अर्थात् कुल खेतीयोग्य जमिनको उन्नानब्बे दशमलव नौ (८९.९) प्रतिशत क्षेत्रफलमा खेती गरिएको र खेती गरिएको क्षेत्रफलको तुलनामा ६६.३ प्रतिशत जमिन सिञ्चित रहेको छ।

**उद्योगको स्थिति :**

१७. नेपालको सञ्चालित कुल चार हजार ७६ उद्योगले करिब एक लाख ९५ हजार मानिसहरूलाई रोजगारी प्रदान गरिरहेकोमा यस प्रदेशमा ८१२ उद्योग रहेको र सो क्षेत्रले करिब ५० हजार जनालाई रोजगारी प्रदान गरेको देखिन्छ।

**भौतिक पूर्वाधार :**

१८. २०७५ वैशाख १२ गतेसम्म कुल १००६.८ मेगावाट विद्युत् उत्पादन भएकोमा यस प्रदेशमा विद्युत् उत्पादनको अवस्था शून्य रहेको छ।

१९. नेपालमा कुल ७० हजार चार सय ७४ किमी सडक रहेकोमा कुल सडकमध्ये प्रदेश नं. २ मा सबैभन्दा बढी अर्थात २४.४ प्रतिशत सडक रहेको छ।

**वित्तीय क्षेत्र :**

२०. २०७४ चैत मसान्तसम्म नेपालमा वाणिज्य बैंक, विकास बैंक तथा वित्त कम्पनीका गरी कुल तीन हजार ६७३ शाखा सञ्चालनमा रहेकोमा यस प्रदेशमा क वर्गको वाणिज्य बैंकको २७४, ख वर्गको विकास बैंकको ४१, ग वर्गाको वित्त कम्पनीका १७ वटा गरी जम्मा ३३२ अर्थात् नौ प्रतिशत शाखा रहेका छन्।

२१. २०७४ असार मसान्तमा बैंक तथा वित्तीय संस्थामा संकलन भएको कुल निक्षेप रकम रू. २२ खर्ब ८५ अर्बमध्ये यस प्रदेशको ४ प्रतिशत योगदान रहेको छ भने कुल कर्जा प्रवाहमा आठ प्रतिशत योगदान रहेको छ।

२२. नेपालको कुल ३४ हजार पाँच सय १२ वटा सहकारी संस्थाहरू सञ्चालनमा रहेकोमा यस प्रदेशमा पाँच हजार ८५७ वटा सहकारी संस्थाहरू रहेका छन्।

**स्वास्थ्य तथा शिक्षाको स्थिति :**

२३. राष्ट्रिय औसत आयो ६८.८ वर्ष रहेकोमा यस प्रदेशमा ७०.४ वर्ष रहेको छ, जो प्रदेशहरूमा सबैभन्दा उच्च हो।

२४. राष्ट्रिय बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) ४०.८ रहेकोमा यस प्रदेशको बाल मृत्युदर ५८.४ रहेको छ।

२५. मानव विकास सूचकाङ्कमा नेपालको अवस्था ०.४९० रहेकोमा यस प्रदेशको सूचकाङ्क ०.४२१ रहेको छ, जो प्रदेशहरूमध्येकै सबैभन्दा कमजोर हो।

२६. नेपालको मानवीय गरिबीको सूचकाङ्क ३१.१ रहेकोमा यस प्रदेशको मानवीय गरिबी सूचकाङ्क ४१.९ रहेको छ।

२७. नेपालको कुल साक्षरता दर ५९.६ प्रतिशत रहेकोमा यस प्रदेशको साक्षरता दर ४०.९ प्रतिशत रहेको छ, जुन प्रदेशहरूमध्ये सबैभन्दा कम हो।

**आधारभूत सुविधाको स्थिति :**

२८. नेपालमा कुल ८५.९ प्रतिशत घरधुरीले खानेपानीको सुविधा प्राप्त गर्ने गरेकोमा यस प्रदेशमा ९३.८ प्रतिशत घरधुरीमा खानेपानी सुविधा उपलब्ध भएको छ। खानेपानी सुविधा उपलब्धताको हिसाबले यो प्रदेश सर्वाधिक सुविधायुक्त प्रदेश हो।

२९. नेपालमा कुल विद्युत्को सुविधा प्राप्त गर्ने घरधुरीको प्रतिशत ६७.७ रहेकोमा यस प्रदेशका ६०.४ प्रतिशत घरधुरीले विद्युत् सुविधा प्राप्त गरेको देखिन्छ। प्रदेशहरूमध्ये विद्युत् सुविधा प्राप्त गर्ने यो प्रदेश तेस्रो कमजोर प्रदेश हो।

३०. नेपालको कुल ६१.५ प्रतिशत घरधुरीले शौचालयको सुविधा प्राप्त गरेकोमा यस प्रदेशमा प्रदेशहरूमध्ये सर्वाधिक कम २६.४ प्रतिशत घरधुरीमा शौचालयको सुविधा रहेको देखिन्छ।

**गरिबी, आय र मानव विकासको स्थिति :**

३१. राष्ट्रिय गरिबीको दर २५.२ प्रतिशत रहेकोमा यस प्रदेशको गरिबीको दर २७.७ प्रतिशत रहेको छ।

३२. नेपालको गरिबीको बहुआयामिक दर २८.६ प्रतिशत रहेकोमा यस प्रदेशको ४७.९ प्रतिशत रहेको देखिन्छ।

**आधारभूत खाद्यान्न स्थिति :**

३३. आर्थिक वर्ष २०७२/०७३ मा नेपालको कुल खाद्यान्न उत्पादन ५३ लाख ५५ हजार मेट्रिक टन रहेकोमा यस प्रदेशमा कुल खाद्यान्न उत्पादन नौ लाख ४८ हजार ६३९ मेट्रिक टन रहेको देखिन्छ। यस प्रदेशका लागि सो आवमा कुल १० लमअ ६० हजार ४८८ मेट्रिक टन खाद्यान्न आवश्यक रहेको थियो। यसरी समथर जमिन रहेको यस प्रदेशमा खाद्यान्नको माग उत्पादन भन्दा १ लाख १२ हजार मेट्रिक टनले बढी रहेको देखिन्छ।

**सरकारी राजश्व :**

३४. आ.व. २०६८/०६९ देखि २०७२/०७३ सम्मको कुल राजस्व सङ्कलन रू. १७ खर्ब ९८ अर्ब ६० करोड रहेकोमा सो राजस्व सङ्कलनमा यस प्रदेशको योगदान २६.५ प्रतिशत रहेको देखिन्छ।

**सरकारका चुनौती :**

३५. यो सरकारका सामु मुख्य रूपमा निम्न चुनौतीहरू देखिएका छन्।

- जनतामा राजनीतिक परिवर्तनको अनुभूति हुने गरी समाजलाई आर्थिक, सामाजिक रूपले रूपान्तरण गर्ने कार्य सबैभन्दा ठूलो चुनौतीको रूपमा रहेको छ।
- प्रदेशको शासन व्यवस्था सञ्चालनका लागि आवश्यक प्रशासनिक संरचनाहरू तयार भई नसकेको र दक्ष जनशक्तिको कमी रहेकोले उपलब्ध स्रोत साधनको कुशल विनियोजन गर्ने, विकास आयोजनाहरूको दक्षतापूर्वक कार्यान्वयन गर्ने तथा सार्वजनिक खर्चमा अनुशासन कायम गर्ने कार्य चुनौतीपूर्ण देखिएको छ।
- सरकारप्रतिको जनविश्वासलाई मजबुत बनाई प्राप्त संघीय लोकतान्त्रिक शासन प्रणालीलाई थप संस्थागत र दिगो बनाउँदै लैजानुपर्ने जिम्मेवारी हामी माथि छ।

**बजेटका उद्देश्य :**

३६. यो बजेटका उद्देश्यहरू यस प्रकार छन्।

- जनताका बीचमा सरकारको बलियो उपस्थिति देखाउने।
- प्रदेश शासन व्यवस्था सञ्चालनका सम्पूर्ण पूर्वाधारहरू तयार गरी जनतामा सुशासनको प्रत्याभूति दिने।
- नागरिकको आयस्तरमा सुधार गरी गरिबी न्यूनीकरण गर्ने।
- प्रदेशको आर्थिक एवं सामाजिक रूपान्तरणका आधरशीला तयार गर्दै जाने।

**बजेटका प्राथमिकता :**

३७. चालु आवको बजेटका प्राथमिकता देहाय अनुसार रहेका छन्।

**सुशासन**

- भौतिक पूर्वाधार निर्माण तथा सामाजिक विकास
- नीतिगत, कानुनी एवं संरचनागत प्रबन्ध
- सार्वजनिक सेवा प्रवाहमा सुधार र सार्वजनिक खर्चमा वित्तीय अनुशासन र पारदर्शिता
- बालबालिकाको हित संरक्षण एवं महिला सशक्तीकरण तथा क्षमता विकास
- उद्यमशीलताको विकास र रोजगारी सिर्जना
- प्रदेशको मौलिकता, ऐतिहासिक तथा सांस्कृतिक धरोहरहरूको संरक्षण र प्रवर्द्धन
- सरसफाइ एवं वातावरणीय स्वच्छता अभिवृद्धि
- सङ्घ र स्थानीय तहसँग सौहार्दपूर्ण सम्बन्धको विकास तथा सहकारिता।

३८. संविधानबमोजिम यस प्रदेशले सङ्घ र स्थानीय तहबीचको सम्बन्धलाई अघि बढाउनेछ।

**सभामुख महोदय,**

- अब म सङ्घबाट विनियोजन भई यस प्रदेशमा प्राप्त हुन आएका र यस प्रदेशबाट स्थानीय तहमा भएका विनियोजनसम्बन्धी विवरण प्रस्तुत गर्दछु।
- संवैधानिक व्यवस्थाबमोजिम यस प्रदेशका १३६ स्थानीय तहहरूलाई वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटको रकम उपलब्ध गराएको छु । यसका लागि रू. ४० करोड विनियोजन गरेको छु।
- प्रत्येक गाउँपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई क्रमशः रू. ५० लाख, रू. १ करोड, रू. २ करोड र रू. ३ करोड सशर्त अनुदान उपलब्ध गराउन जम्मा रू. १ अर्ब ११ करोड ५० लाख बजेट व्यवस्था गरेको छु। आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृतिमा आयोजनागत रूपमा बजेट उपलब्ध गराइनेछ।

**प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम**

३९. प्रदेशसभा निर्वाचित सदस्यको संयोजकत्वमा त्यस निर्वाचन क्षेत्रका प्रदेशसभा सदस्यहरू रहेको समितिबाट स्थानीय तहका प्रमुखहरू समेतको समन्वयमा आयोजना छनोट गरी कार्यान्वयन गर्ने गरी प्रत्येक निर्वाचन क्षेत्रका लागि रू. ५० लाखका दरले जम्मा रू. ३२ करोड रकम विनियोजन गरेको छु।

४०. प्रदेश सभाका सम्पूर्ण सदस्यले आफ्नो नेतृत्वमा जनआवश्यकता अनुसारका आयोजनाहरू छनोट गरी कार्यान्वयन गर्ने गरी प्रति सदस्यहरूका लागि रू. २५ लाखका दरले जम्मा रू. २६ करोड ७५ लाख रकम विनियोजन गरेको छु।

४१. यसरी प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम कार्यान्वयनका लागि जम्मा रू. ५८ करोड ७५ लाख विनियोजन गरेको छु।

४३. संघीय सरकारबाट यस प्रदेशलाई विभिन्न अनुदानका रूपमा प्राप्त हुन आएको रकमको सदुपयोग गर्दै प्रदेशको आन्तरिक राजस्व परिचालनमा जोड दिइनेछ। सशर्त अनुदानमार्फत प्रदेश सरकार मातहत प्राप्त आयोजना तथा कार्यक्रमहरू तोकिएको समयमा सम्पन्न गरिनेछ।

**प्रदेशको शासन व्यवस्था**

४४. प्रदेशको शासन व्यवस्था सञ्चालन गर्ने सन्दर्भमा आवश्यक कानुनहरू निर्माण गर्ने कार्य द्रुत गतिमा अघि बढाइनेछ। प्रदेशस्तरमा कानुनहरू तर्जुमा नहुञ्जेल नेपाल सरकारबाट जारी भएका सम्बन्धित क्षेत्रका कानुनी व्यवस्थालाई नै आधारका रूपमा लिइनेछ।

४५. उपयुक्त कार्य वातावरणको निर्माणद्वारा राष्ट्रसेवक कर्मचारीको मनोबल उच्च बनाउँदै सार्वजनिक प्रशासनलाई सक्षम, जिम्मेवार, विकासमैत्री र परिवर्तनको सम्बाहक संस्थाका रूपमा विकास गरी 'आपके सरकार, आपके द्वार' भन्ने अभियानलाई सार्थक बनाइनेछ।

४६. प्रदेशलाई आफ्नो कार्यजिम्मेवारी निर्वाहका लागि आवश्यक संगठन संरचना एवं पर्याप्त जनशक्तिको व्यवस्थापनका लागि सरकारले नेपाल सरकारसँग समन्व गरी आवश्यक निर्णय लिनेछ।

४७. संघीय सरकार तथा स्थानीय तहसँगको समन्वय, सहयोग र साझेदारीको सम्बन्ध कायम गर्दै निजी तथा सहकारी क्षेत्रसँगको सहकार्यमा विकासका क्रियाकलापहरूलाई अघि बढाइनेछ। विकास क्रियाकलापहरूलाई परिणाममुखी बनाउन अनुगमन कार्यमा जोड दिइनेछ।

४८. संघ तथा स्थानीय तहको सहयोग र सहकार्यमा यस प्रदेशको अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना, विभिन्न क्षेत्रगत नीति तथा रणनीतिहरू तयार गर्दै लगिने छ। नीति आयोगले सरकारलाई प्रदेशको समग्र शासन व्यवस्थाका बारेमा अध्ययन गरी सुधारका क्षेत्रहरू पहिचान र सुधारका उपायहरू सिफारिस गर्नेछ।

४९. सरकारले सार्वजनिक सेवाका सन्दर्भमा नागरिकका गुनासाहरू सुन्ने र त्यसको तत्कालिन सम्बोधन गर्न आवश्यक संयन्त्रको व्यवस्था गर्नेछ। भ्रष्टाचारका विरूद्धमा सरकार कडा रूपमा प्रस्तुत हुनेछ।

**सभामुख महोदय,**

५०. समाजमा छोरा र छोरीबीचको विभेद अन्त्य गर्न छोरीलाई पनि पढाउनु पर्छ भन्ने भावनालाई जनजनमा जागृत गरी समग्र समाज रूपान्तरणका लागि गत आर्थिक वर्षदेखि सञ्चालित 'मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ अभियान' लाई यस आर्थिक वर्षमा समेत निरन्तरता दिएको छु। यस अभियान सञ्चालनका लागि रू. २० करोड ९२ लाख विनियोजन गरेको छु।

५१. वातावरणीय स्वच्छता तथा व्यक्तिगत स्वास्थ्य प्रति जनताको चेतनालाई जागृत गर्दै सर्वसाधरण सबैको स्वतफूर्त एवं व्यापक सहभागितामा गाउँ-सहरको सरसफाइ, घरघरबाट उत्सर्जन हुने फोहोरको व्यवस्थापन, सार्वजनिक महत्वका स्थानहरूको सौन्दर्यता अभिवृद्धि र खानेपानी आपूर्तिका स्रोतहरूको अवस्थामा सुधार गरिनेछ।

५२. प्रदेशभित्र एक घर, एक शौचालय कार्यक्रम कार्यान्वयन गरिनेछ। हरित सडक, हरित नगर, हरित ग्राम, हरित पोखरी, हरित मन्दिर, हरित नदी अभियानअन्तर्गत सञ्चालन गरिनेछ। यस अभियान सञ्चालनका लागि रू. २१ करोड ६१ लाख विनियोजन गरेको छु।

५३. प्राकृतिक विपत्तिमा परेर घरबारविहीन भएका नागरिकहरूलाई राहत वितरण र पुनः स्थानपना गरिने छ। यसका लागि मुख्यमन्त्री राहत तथा पुनः स्थापना कोषमा रू. १५ करोड विनियोजन गरेको छु। आवश्यक कानुनी व्यवस्था गरी यो रकम खर्च गरिने छ। यस कार्यका लागि संलग्न जनशक्तिलाई क्षमतायुक्त बनाइनेछ। आन्तरिक मामिला तथा कानुन मन्त्रालय मातहत रहेको प्राकृतिक विपद् व्यवस्थापन कोषमा रू. चार करोड २५ लाख विनियोजन गरेको छु। यो रकम कानुनी मापदण्ड बनाई खर्च गरिनेछ।

५४. विभिन्न प्राकृतिक विपत्तिमा परेका पीडितहरूको तत्काल उद्धार गर्ने व्यवस्था मिलाइने छ।

**भौतिक पूर्वाधार विकास**

५५. प्रदेशको आर्थिक विकास र सामाजिक एकीकरणका लागि सडक सञ्जालको विकास गर्न सरकारले प्राथमिकता दिएको छ। यस प्रदेशमा सडक सञ्जाल विकास र विस्तारका लागि रू. एक अर्ब २६ करोड विनियोजन गरेको छु।

५६. खेतीयोग्य जमिनमा सिँचाइकोविस्तार गर्न विभिन्न आयोजनाहरू कार्यान्वयमा ल्याइने छ। 'हर खेतमे पानी, हर हातमे काम' भन्ने नाराका साथ सिँचाइ अभियानलाई सार्थक बनाउन गरेको छु। झाँझ सिँचाई प्रणाली, नारायणी सिँचाई प्रणालीलगायत सिँचाइ क्षेत्रका लागि रू. ५२ लाख विनियोजन गरेको छु।

५७. नयाँ नगरोन्मुख सहरी क्षेत्रहरूको पहिचान गरी पूर्वाधार विकासका कार्यक्रमहरू कार्यान्वयन गरिने छ। छरिएर रहेका बस्तीहरूलाई एकीकृत गर्दै सार्वजनिक सेवालाई गुणस्तरीय ढङ्गले प्रवाह गर्न नमुना एकीकृत विकास कार्यक्रम सञ्चालन गरिने छ।

५८. यस प्रदेशलाई ऊर्जामा आत्मनिर्भर गराउने एउटा मात्र उपाय सौर्य ऊर्जा भएकोले सौर्य ऊर्जा उत्पादनलाई सरकारले महत्व दिएको छ। यस प्रदेशमा समग्र ऊर्जा क्षेत्रको विकासका लागि रू. आठ करोड २० लाख विनियोजन गरेको छु।

५९. बर्सेनि आउने बाढीबाट गाउँबस्ती तथा खेतीयोग्य जमिनको हुने क्षतिलाई न्यूनीकरण गर्न नदी नियन्त्रण कार्यलाई अभियानका रूपमा अगाडि बढाइने छ। बाढीबाट अति जोखिम स्थानहरूको बाढी व्यवस्थापन र बस्ती व्यवस्थापन गर्ने कार्यक्रमका लागि रू. ३ करोड विनियोजन गरेको छु।

६०. गागन, औंस्री, कमला, बागमती, गेरूवा, जगा, पचरौता, जलाद, झिम, दुधौरा, पसाह, बलुवा, बिगही, खाँडोलगायतका नदीहरूको नियन्त्रण र आपत्‌कालीन तथा बाढी पुनः स्थापनाका लागि रू. ३६ करोड १८ लाख विनियोजन गरेको छु।

६१. प्रमुख सहरहरूको आसपासमा सेटेलाईट सहरहरू निर्माण गर्दै जाने कुरालाई सरकारले महत्व दिएको छ। यस आर्थिक वर्षमा पर्सा, बारा, धनुषा, सिराहालगायत जिल्लामा सेटेलाईट सिटीको सम्भाव्यता अध्ययन तथा सुरूवाती कार्य गर्न रू. २ करोड ८५ लाख विनियोजन गरेको छु।

**सामाजिक विकास**

६२. संविधान प्रदत्त समानताको हक, मानव अधिकार, महिला र बालबालिकाको हकको रक्षा गर्दै समाजमा हालसम्म मौजुदा रहेका बालविवाह, बोक्सी प्रथा, महिला हिंसा, दहेज प्रथा, छुवाछूत तथा सामाजिक विभेदजस्ता अपराधविरूद्ध कानुनी कारबाही गरिने छ। समाजका गरिब, अल्पसङ्ख्यक, पिछडिएको वर्ग, ज्येष्ठ नागरिक, अशक्त, अपाङ्ग, एकल महिलालगायतको संरक्षण र विकासका लागि बजेटको व्यवस्था गरेको छु।

६३. मातृभाषा शिक्षा नीति लागू गर्न स्थानीय तहको सहकार्यमा मातृभाषामा शिक्षा प्रदान गर्ने विद्यालयहरूलाई प्रोत्साहन गर्न बजेट विनियोजन गरेको छु। महिला, दलित, अति विपन्न भूमिहीनहरूको आयआर्जन एवं स्वरोजगारका कार्यक्रमहरूमा बजेट विनियोजन गरेको छु।

६४. गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पताल, जनकपुर अञ्चल अस्पताल, नारायणी उपक्षेत्रीय अस्पताललाई आवश्यक उपकरणहरू सहित सुविधासम्पन्न अस्पतालका रूपमा विकास गर्न रू. ३० करोड रकम विनियोजन गरेको छु।

६५. सप्तरी जिल्लाको रूपनी प्रहरी अस्पताललाई प्रदेशको ट्रमा सेन्टरका रूपमा विकास गर्न रू. एक करोड रकम विनियोजन गरेको छु।

६६. तराई मधेशमा महामारीका रूपमा आउने औंलो रोगबाट बच्न सुप्रानेट झुल वितरण गर्न रू. पाँच करोड रकम विनियोजन गरेको छु।

६७. राजर्षि जनक विश्वविद्यालयको भौतिक पूर्वाधार विकास तथा क्षमता अभिवृद्धि गर्न रू. एक करोड रकम विनियोजन गरेको छु।

६८. महिला, अति विपन्न, दलित, भूमिहीन जनतालाई मुख्य न्यायाधिवक्ता कार्यलयमार्फत निःशुल्क कानुनी सहायता गर्न तथा कानुनी परामर्शका लागि हरेक गाउँपालिकामा कानुनी सहजकर्ताको व्यवस्थाका लागि आवश्यक रकम विनियोजन गरेको छु।

६९. वर्षौंदेखि उत्पीडित प्रदेशमा ठूलो सङ्ख्यामा रहेका दलित समुदायलाई लक्षित गरी शिक्षाका माध्यमले उनीहरूको आर्थिक, सामाजिक रूपान्तरणका लागि निःशुल्क दलित शिक्षा र शैक्षिक पूर्वाधार निर्माणका लागि बजेट विनियोजन गरेको छु। दलित विद्यार्थीहरूलाई अध्ययन गर्नमा सहयोग पुगोस् भन्ने अभिप्रायले प्रदेशका आठवटै जिल्लामा दलित छात्रावास निर्माणको लागि रू. आठ करोड रकम विनियोजन गरेको छु।

७०. योग तथा नैतिक शिक्षालाई शिक्षाको अभिन्न अङ्गका रूपमा विकास गरिनेछ। मदरसा शिक्षालाई प्रदेश शिक्षा नीतिको मूल प्रवाहसँग जोड्न रकम विनियोज गरेको छु।

७१. जानकी, छिन्नमस्ता, जलेश्वरनाथ, पडौलस्थान, धनुषाधाम, राजदेवी, रामजानकी तथा प्रदेशभित्रका मदरसा गुम्बालगायत सिम्रौनगढजस्ता धार्मिक, सांस्कृतिक मठमन्दिर एवं पुरातात्विक महत्वका स्थलहरूको संरक्षण र सम्बर्द्धन गर्न रकम विनियोजन गरेको छु।

७२. यस प्रदेशका परम्परागत मूल्य र मान्यताहरू तथा हरेक समुदायका भाषा, संस्कृति, कला, भेषभूषा, रहनसहन एवं चाडपर्वहरूको संरक्षण र सम्बर्द्धन गर्दै लगिनेछ। भाषा, कला र संस्कृतिको सम्बर्द्धन र प्रवर्द्धनका लागि बजेट विनियोजन गरेको छु।

७३. युवाहरूलाई शारीरिक रूपमा स्वस्थ बनाउँदै खेलकुद क्षेत्रको समग्र विकासका लागि 'खेलेगा मधेस, खिलेगा मधेस' को नारालाई मूर्तरूप दिन खेलाडीलाई प्रोत्साहन तथा खेलकुद पूर्वाधारको विकास गर्दै लगिनेछ। खेलमैदान तथा खेलसम्बन्धी पूर्वाधारहरूको विकास तथा प्रवर्द्धनका लागि रू. नौ करोड ७४ लाख विनियोजन गरेको छु।

**भूमि व्यवस्था, कृषि तथा सहकारी**

७४. युवा वर्गलाई कृषिमा आकर्षित गर्न सार्वजनिक एवं सहकारीसमेतको माध्यमबाट कार्यक्रम सञ्चालन गर्न रकम विनियोजन गरेको छु। कृषिलाई गरिबी न्यूनीकरण र रोजगारी सिर्जनाको प्रमुख क्षेत्रका रूपमा विकास गरी विदेश पलायन भएका युवा जनशक्तिलाई स्वदेश फर्किने वातावरण सिर्जना गर्नका लागि कृषिमा यान्त्रिकीकरण र व्यवसायीकरणमा जोड दिएको छु। यसका लागि समयसापेक्ष नीतिगत, कानुनी तथा संस्थागत सुधारसमेत गर्दै लगिनेछ।

७५. किसानहरूले उत्पादन गरेको कृषि उपज भण्डारण गरी आफ्नो कृषि उपजको सही मूल्य प्राप्त गर्न र खाद्यान्नको बाह्रै महिना सहज उपलब्धताका लागि प्रदेशका आठवटै जिल्लामा शीत भण्डार (कोल्ड स्टोरेज) निर्माणका लागि यस वर्ष रू. १६ करोड विनियोजन गरेको छु।

७६. कृषकलाई मेसिनरी औजार, कृषि सामग्री, उन्नत बीउ बिजन, गौशालाहरूको पूर्वाधार निर्माण, चुरे क्षेत्रका किसानहरूका लागि इनार निर्माण अनुदानसमेत गरि रू. एक अर्ब ४४ करोड विनियोजन गरेको छु।

७७. पशुपालन, माछापालन, फलफूल खेती, दुग्ध व्यवसाय, मासु व्यवसाय, कृषि उपजहरूको बजारीकरणका लागि बजेट विनियोजन गरेको छु। कृषि क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने र किसानसम्म कृषि सूचनाको पहुँच बढाउन कृषि ज्ञान केन्द्रको पूर्वाधार निर्माणका लागि रू. तीन करोड ५० लाख विनियोजन गरेको छु।

७८. उष्ण प्रदेशीय बागवानी नर्सरी केन्द्र, जनकपुरको पूर्वाधार विकासका लागि रू. एक करोड विनियोजन गरेको छु।

**उद्योग, पर्यटन, वन तथा वातावरण**

७९. औद्योगिक वातावरणको सिर्जना गरी प्रदेशलाई लगानीमैत्री बनाइनेछ। निजी क्षेत्रलाई रोजगारीको सिर्जना तथा आर्थिक वृद्धिको महत्वपूर्ण साझेदारका रूपमा विकास गर्दै लगिनेछ।

८०. परम्परागत सीप र कौशलताको संरक्षण गरी घरेलु तथा कुटीर उद्योग क्षेत्रलाई जीवनस्तर परिवर्तनको भरपर्दो माध्यमका रूपमा विकास गर्दै लगिनेछ। कुटीर उद्योगको विकासका लागि रू. चार करोड विनियोजन गरेको छु।

८१. वन, वन्यजन्तु तथा वन सम्पदाहरूको संरक्षण र विकास गरी दिगो विकासको लक्ष्य हासिल गर्न सरकार प्रविबद्ध छ। वनको वैज्ञानिक व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न रू. १७ करोड ६० लाख विनियोजन गरेको छु।

८२. यस प्रदेशलाई धार्मिक पर्यटनको केन्द्रका रूपमा विकास गर्न आवश्यक संस्थागत प्रबन्ध मिलाई गुणस्तरीय पर्यटकको आगमन तथा बसाइँ अवधि बढाउन मनोरञ्जन केन्द्र र आधुनिक होटलहरूको स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिने छ।

८३. प्रदेशभित्रका पर्यटकीय पूर्वाधार, बगैंचा तथा पार्क निर्माणलगायत विभिन्न ताल तलैयाहरूको संरक्षण र सौन्दर्यकरण, पर्यटक सुरक्षा तथा पर्यटकीय सूचना व्यवस्थाका लागि रकम विनियोजन गरेको छु।

८४. प्रत्येक वर्ष फाल्गुण महिनामा हुने मिथिला मध्य परिक्रमा उत्सवमा उपस्थित हजारौं भक्तजनहरूको सुविधाका लागि मिथिला मध्य परिक्रमा स्थलहरूमा रामजानकी डोली बिसौनी घर निर्माण गर्न रू. एक करोड २० लाख विनियोजन गरेको छु।

८५. नारायण डाँडा, सर्लाहीमा टेलिस्कोपसहितको भ्यूटावर निर्माण गर्न रू. एक करोड विनियोजन गरेको छु।

८६. तेन्जिङ शेर्पा र एडमण्ड हिलारीले विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणको यात्रा सुरू गरेको स्थान माडर, सिरहामा तेन्जिङ-हिलारी प्रवेशद्वार निर्माण गर्न रू. एक करोड विनियोजन गरेको छु।

८७. पर्यटन विकास तथा होमस्टे पूर्वाधार विकासका लागि रू. दुई करोड ६० लाख बजेट विनियोजन गरेको छु।

**बजेटको कार्यान्वयन**

८८. बजेटमा प्रस्तुत भएका कार्यक्रमहरूको समयबद्ध कार्ययोजना तयार गरी आर्थिक वर्षको पहिलो दिनदेखि नै कार्यान्वयन गरिने छ। कार्यक्रमको कार्यान्वयनका लागि हरेक क्षेत्रमा आवश्यक ऐन, नियमावली तथा कार्यविधिहरूको तर्जुमा र परिपालनाको माध्यमबाट सार्वजनिक खर्चमा हुन सक्ने अनियमितता राकिने छ।

८९. जनप्रतिनिधि एवं कर्मचारीहरूको क्षमता विकास तथा नियमित अनुगमनको माध्यमबाट बजेट कार्यान्वयनलाई सहज बनाइनेछ।

९०. आ.व. २०७४/७५ मा कुल विनियोजित बजेटमध्ये यस आवमा रू. ३० करोड मात्र खर्च हुने अनुमान छ। जसमध्ये चालुतर्फ ३६ प्रतिशत र पुँजीगततर्फ ६४ प्रतिशत खर्च हुने अनुमान छ।

९१. आर्थिक वर्ष २०७५/७६ को आर्थिक विधेयक, २०७५ तथा विनियोजन विधेयक, २०७५ यसै साथ संलग्न छ। बजेटको अभिन्न अङ्गका रूपमा रहने मध्यमकालीन खर्च संरचना यसैसाथ प्रस्तुत गरेको छु।

**सभामुख महोदय,**

९२. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन तथा स्रोत व्यवस्थापनको योजना प्रस्तुत गर्दछु :

९३. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रू. २९ अर्ब ७८ करोड ६९ लाख ३८ हजार विनियोजन गरेको छु। कुल विनियोजनमध्ये चालुतर्फ रू. १४ अर्ब ४७ करोड ५६ लाख १३ हजार अर्थात ४८.६० प्रतिशत र पुँजीगत तर्फ रू. १५ अर्ब ३१ करोड १३ लाख २५ हजार अर्थात ५१.४० प्रतिशत रहेको छ।

९४. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये राजस्वबाट रू. १० अर्ब ४८ करोड ९७ लाख ३८ हजार, नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान र सशर्त अनुदानबाट क्रमशः रू. सात अर्ब ६१ लाख र रू. ९ अर्ब१८ करोड ११ लाख गरी जम्मा रू. १८ अर्ब २० करोड ५८ लाख ३८ हजार र विशेष अनुदानबाट रू. १ अर्ब र समपुरक अनुदानबाट रू. ४० करोड गरी जम्मा रू. २८ अर्ब ७८ करोड ६७ लाख ३८ हजार व्यहोर्दा रू. १ अर्ब खुद न्यून हुन जानेछ। सो न्यून पूर्ति गर्न आवश्यक कानुनी व्यवस्था गरी आन्तरिक ऋण परिचालन गरिनेछ।

९५. अब म आर्थिक वर्ष २०७५/७६ को राजस्व परिचालनसम्बन्धी नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

९६. नेपालको संविधान प्रदेश सरकारलाई प्रदान गरेको राजस्व परिचालनको अधिकारको कार्यान्वयनको सुरूवात प्रदेशमा पहिलोपटक हुँदैछ। यसका लागि आवश्यक पर्ने कर तथा गैरकर राजस्वसम्बन्धी कानुनहरूको तर्जुमा यथाशीघ्र गरी यस सम्मानित सभासमक्ष पेस गरिने छ।

९७. प्रदेशको आन्तरिक राजस्व परिचालन गर्न संस्थागत व्यवस्था गरिनेछ। प्रदेश तथा स्थानीय तह दुवैबाट राजस्व सङ्कलन भई एक अर्कामा राजस्व बाँडफाँट हुने परिपेक्ष्यमा स्थानीय तहहरूसँगको समन्वयात्मक प्रयासमा राजस्व संकलनमा संलग्न निकाय तथा कर्मचारीहरूको क्षमता सुदृढीकरण गरी राजस्व चुहावट नियन्त्रण गरिनेछ।

९८. स्थानीय तहहरू तथा सरोकारवालासँग समन्वय गरी राजस्वका वर्तमान दरहरूको पुनरावलोकन गरिनेछ।

९९. कृषि क्षेत्रको दयनीय अवस्थालाई मध्यनजर गर्दै कृषिमा आयकर नलाग्ने व्यवस्था गरेको छु।

१००. यो बजेट तर्जुमा गर्दा मार्गनिर्देशन प्रदान गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय सभामुखज्यू, माननीय मन्त्रीज्यूहरू र विभिन्न राजनीतिक दलका शीर्ष नेताहरू तथा प्रदेशसभाका माननीय सदस्यज्यूहरू प्रति आभार प्रकट गर्दछु। निजी क्षेत्रसँग सम्बन्धित सङ्घ, संस्थाहरू, नागरिक समाज, सामाजिक संस्था, सञ्चार जगत्, विषयविज्ञ, बुद्धिजीवी, स्थानीय तहका जनप्रतिनिधि तथा पदाधिकारीहरू, राष्ट्रसेवक कर्मचारी र विदेशमा रहनुभएका नेपाली दिदीबहिनी, दाजुभाइ सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

१०१. अन्त्यमा, यो बजेटको सफल कार्यान्वयनमा सबैको सहयोग पाउने विश्वास व्यक्त गर्दछु।

## मधेश अपडेट

### ठूलो दुर्घटना हुनसक्छ : महतो

जनकपुरधाम। राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलका नेता राजेन्द्र महतोले मधेशी थारू माथिको विभेद राज्यले निरन्तर नै राखेको आरोप लगाएका छन्। उनले भने, 'हजारौं जनताको हत्या गराएकाहरू अहिले देशको प्रधानमन्त्री भए तर, जुन घटनामा रेशमलाल चौधरीको कुनै संलग्नता छैन त्यसलाई आधार बनाएर थुनामा राख्नु लोकतन्त्रको खिल्ली उडाउनु हो।' जनकपुरधाममा शनिबार पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै महतोले जनताद्वारा निर्वाचित सांसदमाथि यस्तो अन्याय हुनु राज्यको विभेदकारी नीति प्रष्टै देखिएको उनले बताए। उनले एउटा सीमासम्म मात्रै आफूहरूले अन्याय, अत्याचार सहने बताउँदै भने, 'जुन दिन मधेशी थारूको धैर्यताको बाँध टुट्छ त्यो दिन यो देशले धेरै ठूलो मूल्य चुकाउनुपर्ने हुन्छ।' उनले समयमै सत्ता सञ्चालकहरूले आफूहरूको माग पूरा नगरे ठूलो दुर्घटना हुनसक्ने चेतावनी पनि दिए।

### मन्त्रीले दुर्व्यवहार गरे : प्रदेशसभा सदस्य

धनगढी। राष्ट्रिय जनता पार्टी नेपालको तर्फबाट प्रदेश ७ मा रहेका प्रदेशसभा सदस्यमाथि मन्त्रीले नै दुर्व्यवहार गरेको आरोप लागेको छ। मन्त्रीले रेशमलाल चौधरीको पार्टीको मान्छे रहेको भन्दै प्रदेशसभा सदस्य कृष्णबहादुरमाथि दुर्व्यवहार गरेको गुनासो गरेका छन्। प्रदेश ७ को सरकारले प्रदेशसभा सदस्यमा प्रस्तुत गरेको बजेटमा छलफल कार्यक्रममा सोमबार उनले यस्तो गुनासो गरेका हुन्। प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रीले दुर्व्यवहार गरेको बताएका छन्। उनले बजेटमा थारू समुदायको भावना नसमेटिएको राष्ट्रिय जनता पार्टी नेपालका प्रदेशसभा सदस्य कृष्णबहादुर चौधरी गुनासो गरेका छन्। आर्थिक वर्ष २०७५/७६ का लागि ल्याइएको राजश्व र व्ययको अनुमानित विवरण माथि प्रदेशसभा बैठकमा सोमबारदेखि सुरू भएको छलफलमा राजपाका सांसद चौधरी यस्तो गुनासो गरेका छन्। उनले प्रदेश ७ को बजेट सत्ताधारी दलको कार्यकर्तामुखी र सत्तामुखी मात्र रहेको जिकिर गरेका छन्।

### यातना क्षतिपूर्ति मुद्दामा अदालतको आदेश

नेपालगन्ज। स्वतन्त्र मधेश गठबन्धन बाँकेका कार्यकर्ताहरूले दुई वर्ष पहिला दायर गरेको यातना क्षतिपूर्ति मुद्दामा तारिख र पेशी हुँदै आइतबार जिल्ला अदालत बाँकेले आदेश गरेको छ। अदालतले यातनाको क्षतिपूर्ति, प्रहरी जवान तथा हवल्दारलाईसमेत उपस्थित हुन आदेश दिएको हो। उक्त मुद्दामा हालसम्म कैयौंपटक पेशी र तारिख दिई राखेको थियो। यसले गर्दा मुद्दा दिने गठबन्धनका नेता कार्यकर्ताहरू असन्तोष जनाउँदै आएका थिए। मुद्दामा बाँकेका एसपीसमेत सात जनालाइ विपक्षी बनाइएको छ। २०७३ साल मंसिर १० गते रंगभेद विरोधी दिवसका दिन १७ जनालाई पक्राउ गरी रातभरि यातना दिएपछि चारजनालाई उपचार गराउन काठमाडौं हवाइ मार्गबाट लगिएको थियो। स्वतन्त्र मधेश गठबन्धनका राष्ट्रिय प्रवक्ता अब्दुल खान, पश्चिम मधेश तथा बाँकेका संयोजक इरफान शेष, हरपाल सिंह र राम मनोहर यादवले उपचारपश्चात् मुद्दा दायर गरेका थिए। आगामी पेशी साउन ३ गते रहेको गठबन्धन बाँकेका संयोजक इरफान शेषले जनाएका छन्।

### मिथिला पेन्टिङ्ग प्रतियोगिता हुँदै

जनकपुरधाम। अमेरिकामा बसोबास गर्दै आएका मधेशीहरूको संगठन एसोसिएशन अफ नेपाली तराइयन इन अमेरिका (एन्टा)ले असार १६ गते शनिबार जनकपुरधाममा मिथिला पेन्टिङ्ग प्रतियोगितासहितको प्रदर्शनी गर्ने भएको छ। प्रदेश २ सहित मिथिला क्षेत्रमा मिथिला पेन्टिङ्ग बनाउँदै आएका कलाकारहरूलाई एउटै छातामुनी ल्याउन तथा मिथिला पेन्टिङ्गको प्रचारप्रसारका लागि सो मिथिला पेन्टिङ्ग प्रतियोगिता र प्रदर्शनी गर्न लागिएको एन्टाका कल्चर प्रोगाम कोर्डिनेटर अपराजिता झाले जानकारी दिइन्। असार १६ गते जनकपुरधामस्थित सिताशरण होटलमा आयोजना गरिने प्रदर्शनीका लागि कलाकारहरूले पहिला नै इन्ट्री गराउनुपर्ने बताउँदै कल्चर कोर्डिनेटर झाले सिट सीमित रहेकोले समयमै नाम दर्ता गराउन आह्वान गरेकी छन्। एन्टाका छनौट समितिले छनौट भएका चित्रलाई प्रथम, द्वितीय, तृतीयसहित ५ जनालाई सान्तवना पुरस्कार दिने जनाएको छ। प्रथम पुरस्कारको राशि ३५ हजार, द्वितीय २० हजार, तृतीय १५ हजार र सान्तवना पुरस्कार ५ हजार रहेको जनाइएको छ। यो प्रतियोगिता र प्रर्दशनीले स्थानीय तहमा मिथिला पेन्टिङ्ग बनाउनेहरूको संख्यामा वृद्धि हुने र राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रचारप्रसार हुने आयोजकको अपेक्षा रहेको छ।

### गैरसरकारी संस्थाहरूले समन्वय गरेर काम गर्नुपर्ने

कपिलवस्तु। गैरसरकारी संस्थाहरूले एक आपसमा मिलेर समन्वयात्मक रूपमा काम गर्नुपर्ने यशोधरा गाउँपालिकाका अध्यक्ष गिरिजेश कुमार पाण्डेयले बताएका छन्। गाउँपालिकामा गैरसरकारी संस्था महासंघ र कपिलवस्तु संस्थागत विकास समितिले गाउँपालिकाभित्र कार्यरत संस्थाहरूबीच राखेको संयुक्त बैठकमा पाण्डेयले यस्तो बताएका हुन्। पाण्डेयले गैरसरकारी संस्था सरकारका सहयोगी हुन हामी पनि विकासका लागि काम गरेका छौ संस्थाहरू पनि विकासका लागि काम गर्दैछन् यसरी काम गर्दा स्थानीय सरकार र संस्थाहरूबीच मिलेर काम गर्नुपर्ने उनको भनाई छ। आगामी दिनमा गाउँपालिकासँग मिलेर काम गर्नका लागि सुझाव दिँदै गाउँपालिका गैरसरकारी संस्थासँग मिलेर काम गर्न तयार भएको समेत पाण्डेयले बताए। सो अवसरमा गाउँपालिकाभित्र कार्यरत एक दर्जन बढी गैरसरकारी संस्थाहरूले गरिरहेको कार्यक्रम, बजेट तथा कार्यक्षेत्रको बारेमा प्रगति प्रतिवेदन पेश गरेका थिए। गैरसरकारी संस्थामहासंघका अध्यक्ष प्रविण कुमार श्रीवास्तले सबै नगरपालिका तथा गाउँपालिकामा कार्यरत संस्थाहरूको एकरूपता तथा समन्यवका लागि १० वटै स्थानीय तहमा समन्यात्मक बैठक बस्ने योजना रहेको सो अवसरमा बताए।

### बिना सूचना कार्यसमिति गठन

रौतहट। गैरसरकारी संस्था माण्डवीको कार्यकारी निर्देशक अंजू झाले आफ्नो मानोपोली ढंगबाट कार्यसमिति बनाएकी छन्। तीन वर्षसम्म कार्यसमितिको अवधि रहने विधानमा व्यवस्था भए पनि झाले वर्षे पीछे नेतृत्व परिवर्तन गर्दै आएकी छन्। २०७४ सालमा बनाइएको नौ सदस्य कार्यसमितिको अध्यक्षमा कंचन झा छनौट गरिएको थियो। अध्यक्षलाई कुनै जानकारी नदिँदै २०७४ साल भाद्र २२ गते कंचन झा अनुपस्थित भएकोले साधारण सभा नभएसम्म आरती कर्णलाई अध्यक्ष बनाउने निर्णय गरेको थियो। समाचार स्रोतका अनुसार भी एस ओ परियोजना सञ्चालन गर्नका लागि रकम व्यवस्था गरेकोमा कर्णलाई अध्यक्ष बनाएको र परियोजना समाप्त हुन लागेपछि २०७४ साल फाल्गुन ३० गते कार्यसमितिको बैठकबाट अध्यक्ष कंचन झालाई जिम्मेवारी दिएको निर्देशक झाले २०७५ जेष्ठमा साधारण सभाका सदस्य हरूलाई कुनै थाहा जानकारी नदिई अर्पणा झालाई अध्यक्ष बनाएको छ। माण्डवीको सस्थापक सदस्यमा प्रदेश २ का सामाजिक विकासमन्त्री नवल किशोर साह रहेका छन्।

### सुशासनको अनुभूति दिलाउन आग्रह

चन्द्रकान्त खनाल, रूपन्देही। बुटवल उपमहानगरका बासिन्दाहरूले विकास निर्माणका कामलाई तोकिएको समयमै सक्दै टिकाउ र गुणस्तरीय बनाउन सुझाव दिएका छन्। साथै नगरको सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी बनाउन पनि नगरबासीको सुझाव छ। बुटवल उपमहानगरपालिकाको सेवा प्रवाहका बारेमा नगरबासीको सुझाव लिन सार्वजनिक सुनुवाई गरेको छ। उपमहानगरको परिसरमा आयोजित सोही सार्वजनिक सुनुवाईमा सहभागी नगरबासीहरूले सेवाप्रवाहलाई छिटो छरितो बनाउँदै सुशासनको अनुभूति दिलाउन आग्रह गरेका हुन्। सार्वजनिक सुनुवाईमा उपमहानगरका १९ वटै वडाका अगुवा तथा सर्वसाधारणहरूको सहभागिता थियो। त्यसक्रममा नगरबासीहरूले बुटवलको खानेपानी, सडक, विद्युत र ढल-नालीलगायतका समस्यालाई दीर्घकालिन रूपमै समाधान गर्न जरूरी रहेकोमा जोड दिए। ज्येष्ठ नागरिक, महिला, एकल महिला, युवा तथा विद्यार्थीहरू, मजदुर, उद्यमी तथा व्यवसायीहरूले विभिन्न विषयमा जिज्ञासा राखेका थिए। उनीहरूले जनप्रतिनिधिहरू आइसकेपछि सबैतिर उत्साह बढेपनि विकास निर्माणका कामहरू भने अझै पनि समयमै सम्पन्न हुन नसकेको टिप्पणी गरे। केही परिवर्तनको अनुभूति हुँदै गएको तर, सेवाग्राहीको अपेक्षा अनुसारका कामहरू प्रभावकारी रूपमा अगाडि बढ्न नसकेको उनीहरूको गुनासो थियो।

### पक्की घर हस्तान्तरण

विराटनगर। गरिब तथा पिछडिएकाहरूलाई प्रदेश १ का मुख्यमन्त्री शेरधन राईद्वारा पक्की घर हस्तान्तरण गरिएको छ। रहमा इन्टरनेशनल कुवेत र नेपाल डेभलपमेण्ट सोसाइटीको संयुक्त प्रयासमा मोरङको धनपाल गाउँपालिका-६ मा नवनिर्मित ८० वटा दुईकोठे पक्की घर हस्तान्तरण गरिएको छ। सोही स्थानमा आठ कठ्ठामा स्वास्थ्य चौकी, विद्यालय, प्रार्थना स्थल(मस्जिद) को समेत निर्माण गरिएको छ। दुई कोठे पक्की घरका साथै प्रत्येक घरमा चापाकल र पक्की शौचालयको व्यवस्था गरिएको सोसाइटीका सदस्य अफजल हुसेन (गुल्जार)ले बताए। यसअघि उक्त संस्थाको सहयोगमा मोरङको सुनवर्षी गाउँपालिकामा ४० घर निर्माण गरी हस्तान्तरण गरिएको थियो। रहमा इन्टरनेशनल कुवेतका मुख्यदाता शेख वलिदले आगामी दिनमा मानवीय क्षेत्रका विकास र उत्थानमा थप सहयोग गर्ने दृढता व्यक्त गरेका छन्।

### मुस्लिम समाजद्वारा शुभकामना आदानप्रदान

बाँके। मुस्लिम समाज बाँकेले इदुल फित्रको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरेको छ। सोमबार ईदको तेस्रो दिन बाँके जिल्लाको डुडुवा-६ सुब्बापुर्वामा कौमी एकता, समाजिक सदभावको साथै ईदुल फित्रको मौका पारि मुबारकवाद दिने कार्यक्रम भव्यताका साथ सम्पन्न गरिएको छ। कार्यक्रममा प्रमुख अतिथि स्वतन्त्र मधेश गठबन्धनका केन्द्रीय प्रवक्ता अब्दुल खानले गरेका थिए। प्रवक्ता खानले मुस्लिमहरूको अस्तित्व मधेशको आजादीसँग जोडिएको बताएका छन्। उनले मुस्लिमहरूको सांस्कृतिक र धार्मिक अधिकार नेपाल सरकारले दिन नसक्ने कुरामा ठोकुवा गरेका छन्। स्वतन्त्र मधेशले मात्र मधेशी मुस्लिमहरूको समाजिक धार्मिक र सांस्कृतिक अधिकार दिलाउन सक्छ अन्य सबै कुरा वाहयात मात्र भएको उनले बताए।

# राज्यविरूद्धको अपराध मुद्दामा विशेष अदालतको फैसला (पूर्णपाठ-२)

३७. यस सन्दर्भमा नेपाली वृहद शब्दकोष (नेपाल प्रज्ञा(प्रतिष्ठान, काठमाडौ, वि.स. २०७२, नवौं संस्करण) समेत अध्ययन गरी हेर्दा, 'राष्ट्र विप्लव' को अर्थ 'राष्ट्रमा उत्पात मचाई मुलुक विखण्डन गर्ने प्रयास वा राष्ट्र टुक्रूयाउने गतिविधि' हो भन्रूने उल्लेख छ (पृ.ज्ञण्ठछ)। 'सार्वभौमसत्ता' को अर्थ, 'राज्यका चारतत्व जनसंख्या, भूभाग, सार्वभौमसत्ता र सरकारमध्ये एक तत्व' अर्थात् 'नेपालको राजनैतिक व्यवस्था अनुसार सर्वसाधारण जनतामा रहेको राज्यगत सर्वोच्च शक्ति' भन्रूने उल्लेख छ ( पृ.१२६७)।'अखण्डता' शब्दको अर्थ 'अटुटपना, सिंगो अवस्था वा रूप' भनी उल्लेख छ (पृ. ६)। 'राष्ट्रिय एकता' को अर्थ 'राष्ट्रिय हितका निम्ति राष्ट्रिय अखण्डताको उद्देश्यले सबै जनता परस्पर मिलेर एक भई बसेको अवस्था' लाई भनीएको पाइन्छ ( पृ.१०७६ र पृ.१५६)। 'अक्षुण्ण' को अर्थ 'अखण्डित वा समुच्चा' वा नटुक्रिएको' भन्रूने हुन्छ । त्यसैगरी,'खलल' को अर्थ 'चल्दै आएको चलन भाँड्ने वा विगार्ने काम, विध्नबाधा विरोध' भन्रूने रहेको देखिन्छ (पृ.२७४)।'अव्यवस्था'को सम्बन्धमा हेर्दा, व्यवस्था (क्रम, नियम, मर्यादा आदि) को अभाव, शास्त्र विरूद्ध आचरण, प्रवन्ध आदिमा गडवडी, गोलमाल कुव्यवस्था' भन्रूने अर्थ गरिएको पाइन्छ ( पृ.८३)। 'उत्पात' को अर्थ हेर्दा, 'आकस्मिक रूपमा हुने कष्टदायक कुनै घटना, उपद्रप, अशान्ति, कोलाहल, हलचल, ठूलै झैंझगडा, दंगा' भन्रूने अर्थ गरिएको पाइन्छ (पृ.११४६)। 'विखण्डन' को अर्थ 'कुनै वस्तु खण्ड(खण्ड वा टुक्रा(टुक्रा हुने क्रिया या स्थिति' भन्रूने रहेको देखिन्छ (पृ.११४६)।

३८. नेपालको संविधानको धारा ३ मा 'राष्ट्र' के हो भन्रूने सम्बन्धमा, 'बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुँसांस्कृतिक विशेषतायुक्त, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सूत्रमा आवद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो' भनी राष्ट्रको परिभाषा गरिएको पाइन्छ ।

३९. 'नेपाल राज्य' को सम्बन्धमा 'नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्रून, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो' भनी संविधानको धारा ४ मा भनीएको छ ।

४०. यसरी, नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रहेका तथा एकताको सूत्रमा आवद्ध सबै नेपाली जनताको अविभाज्य, सार्वभौमसत्ता सम्पन्रून, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख एउटा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको पहिचान निर्माण गरेको देश हो।सर्वसाधारण जनतामा अन्तरनिहित राज्यगत सर्वोच्च शक्तिको अटुटपन सहित, अखण्डित, समुच्चा र सिंगो रूपमा रहेको अर्थात् राष्ट्रिय अखण्डताको उद्देश्यले सम्पूर्ण जनता आपसमा मिलेर एक भई बसेको अवस्थाको देश हो। यसरी, सुव्यवस्थित गरी संचालन गरिएको राज्य व्यवस्थामा कुनै किसिमको विध्नबाधा, उत्पात एवं अशान्ति मच्चाई कुव्यवस्था र राष्ट्र टुक्रिने विखण्डनको स्थिति सिर्जना गरेको अवस्थामा 'राज्य विरूद्ध अपराध' भएको अर्थात् 'राज्य विप्लव' को गतिविधि गरेको ठहरिने भन्ने प्रावधान राज्य विरूद्धको अपराध र सजाय ऐन, दृण्टद्ध को दफा ३(१) मा गरिएको देखिन्छ ।

४१. दोश्रो प्रश्न, नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय एकतामा खलल पार्ने नियतले कुनै अव्यवस्था उत्पन्न गरेको वा सो को उद्योग गरेको मान्न के कस्तो कार्य भएको हुनुपर्दछ भन्ने सम्बन्धमा विचार गर्दा, नेपालको राजनैतिक व्यवस्थाअनुसार सर्वसाधारण जनतामा अन्तरनिहित राज्यगत सर्वोच्च शक्तिको अटुटपनसहित, अखण्डित समुच्चा र सिँगो रूपमा रहेको अर्थात् राष्ट्रिय अखण्डताको उद्देश्यले सबै जनता परस्पर मिलेर एक भई बसेको अवस्थामा खलल पुर्रूयाउने अर्थात् विध्नबाधा र अवरोध उत्पन्न गर्ने अथवा राज्यव्यवस्थामा दंगा, उपद्रप, उत्पात र अशान्ति मच्चाई कुव्यवस्था र राष्ट्र टुक्र्याउने विखण्डनको स्थिति सिर्जना गरेको खण्डमा नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय एकतामा खलल पार्ने नियतले कुनै अव्यवस्था उत्पन्न गरेको वा सोको उद्योग गरेको भनी मान्न सकिन्छ ।

४२. तेश्रो प्रश्न, विचार र अभिव्यक्तिको स्वतन्त्रताको व्यापकता र सीमितता को हद कति हो भन्ने प्रश्नतर्फ विचार गर्दा, नेपालको संविधानको भाग तीन, मौलिक हक र कर्तव्य अन्तर्गत धारा १७(२) मा प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता, बिना हातहतियार शान्तिपूर्ण भेला हुने स्वतन्त्रता र संघ र संस्था खोल्ने स्वतन्त्रता हुने कुराको प्रत्याभूति गरिएको देखिन्छ। संविधानको यस व्यवस्थाले नागरिकको विचार र अभिव्यक्तिलाई त्यसमा अपराध भनी प्रचलित कानूनले परिभाषित गरेको आपराधिक तत्वको विद्यमानता नरहेसम्म सोउपर नियन्त्रण गरिने परिकल्पना गरिएको पाइँदैन। त्यसैगरी, राष्ट्रहित, समाजहित, र मानवहितका लागि शान्तिपूर्ण भेलाको आयोजना गरिन्छ र त्यसमा मानिसहरू सामेल हुन्छन् वा त्यस्तो उद्देश्यका लागि संघ संस्था खोल्दछन् भने त्यस्तो भेला हुने वा संघ संस्था खोल्ने हक नागरिकको मौलिक हक हुने कुराको प्रत्याभूति गरिएको पाइन्छ । तर यदि, आयोजना गरिएको त्यस्तो भेलामा हातहतियारको प्रयोग हुन्छ भने त्यस्तो भेलाको आयोजना वा संघ संस्थाको स्थापना र संचालन आपराधिक कार्यमा परिणत हुन पुग्दछ। साथै, त्यस्तो कार्यलाई संवैधानिक व्यवस्थाद्वारा प्रतिबन्ध लगाइएको हुँदा प्रचलित कानून बमोजिम नियन्त्रित गरिएको देखिन्छ।त्यसैले, विशुद्ध रूपमा राष्ट्र, जनता एवं मानवताको हितार्थ प्रकट गरिने र संप्रेषण गरिने विचार र अभिव्यक्ति तथा संगठित हुने कार्य मात्र मौलिक हक संरक्षणको परिधिभित्र राज्यद्वारा संरक्षित रहन्छ । तर यदि मौलिक हक संरक्षणको आवरणमा हातहतियार र बल प्रयोग गरी कुनै पनि कार्य गरिन्छ भने त्यस्तो अवस्थामा यस धाराले संरक्षित गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रता, भेला हुने स्वतन्त्रता र संघ संस्था खोल्ने स्वतन्त्रता सम्बन्धी हकको व्यापकताको हद समाप्त हुन गई कानूनको सीमा हद शुरू हुन जान्छ।साथै, त्यस्तो कार्य प्रचलित कानूनद्वारा निसन्देह दण्डनीय हुनुका साथै त्यस्ता राष्ट्रहित, समाजहित र मानवहित विरूद्धका तत्वहरूको विद्यमानतामा संविधानको सोही धारा १७ (२) को प्रतिवन्धात्मक व्यवस्थाको रूपमा रहेको उपधारा १ देखि ६ सम्मले कानून बमोजिम नियन्त्रण हुने सुनिश्चितता प्रदान गरिएको देखिन्छ ।

४३. चौथो प्रश्न, कुनै राजनैतिक विचारधाराको उद्देश्य पूर्तिका लागि जनचेतना अभियान, अन्तरकृया, कोणसभा, गोष्ठी, स्वयंसेवक दस्ता निर्माण, संगठन विस्तार र नमूना जनमत संग्रह गर्ने जस्ता कार्यहरूको संचालन गर्दा यदि हातहतियार र विष्फोटक पदार्थको प्रयोग नगरिनुका साथै कुनै डर(त्रास र आतंक बिना विशुद्ध राजनैतिक विचारधाराको उद्देश्य पूर्तिका लागि जनताको सहभागिता गराई जनचेतना अभियान, अन्तरकृया, कोणसभा, गोष्ठी स्वंयसेवक दस्ता निर्माण र परिचालन, संगठन विस्तार र नमूना जनमत संग्रह जस्ता कार्यहरू संचालन गरिन्छ भने त्यस्ता गतिविधिहरू गैरकानूनी हुँदैनन् । त्यस्ता गतिविधिहरू एकाइसौं शताब्दीको लोकतन्त्रको प्रतिफलस्वरूप प्राप्त विश्वव्यापी रूपमा स्वीकृत मान्यता र व्यवहार अन्तर्गत पर्दछन्। त्यस्ता गतिविधिहरू राज्यव्यवस्था अन्तर्गत गरिने प्रचलित राजनैतिक अभ्यासहरूको रूपमा मान्यता पाएका हुन्छन् । त्यस्ता अभ्यासहरू गरिदैंमा सर्वसाधारण जनतामा अन्तरनीहित राज्यगत सर्वोच्च शक्तिको अटुटपन, अखण्डित, समुच्चा र सिंगोरूप खण्डित हुन सक्छ भनी मानिदैन।यसका अतिरिक्त, राष्ट्रिय अखण्डताको उद्देश्यले सबै जनता परस्पर मिलेर एक भई बसेको अवस्थामा कुनै किसिमले खलल, विध्नबाधा, अवरोध र राज्यव्यवस्था विरूद्ध दंगा, उपद्रप, उत्पात र अशान्ति हुन सक्छ भनी कल्पना गरिएको पाइदैन। त्यस्ता गतिविधिहरूबाट राज्यव्यवस्थामा कुव्यवस्था उत्पन्रून भई राष्ट्र टुक्रयाउने विखण्डनको स्थिति सिर्जना हुनसक्छ भन्ने जस्ता कुराहरूको संविधान निर्माणकर्ताहरूले कल्पना गरेको पाइँदैन।साथै, त्यस्ता राजनैतिक अभ्यासको सट्टा कसैले राजनैतिक विचार र अभिव्यक्ति तथा संघ संस्था खोल्ने नाममा मानिसहरूलाई हातहतियार वा विष्फोटक पदार्थ वा कुनै त्यस्तै वस्तुको प्रयोग गरी वा नगरी डरत्रास देखाई आर्तकित बनाई बलपूर्वक भेलामा सामिल हुन बाध्य पारेको अवस्थाबाट मात्र राज्य विप्लव हुन सक्दछ भन्ने विधिशास्त्रीय मान्यता रहेको देखिन्छ।

४४. अब, पाँचौ तथा अन्तिम, प्रस्तुत मुद्दामा भएको वारदात के कस्तो गैरकानूनी कार्य हो भन्ने प्रश्नतर्फ विचार गर्दा, प्रतिवादीहरूले जनचेतना अभियान, अन्तरकृया, कोणसभा, गोष्ठी स्वयंसेवक युवादस्ता गठन र संचालन, संगठन विस्तार र जनमत संग्रह जस्ता गतिविधि संचालन गरेका हुन् भन्ने तथ्य मिसिल संलग्न कागजातबाट पुष्टि भइरहेको देखिन्छ। साथै, प्रतिवादीहरूको उल्लिखित कार्यहरूद्वारा मधेसलाई आजादी दिलाउन आफ्नै सेना, प्रहरी, सरकार बनाउने, स्वतन्त्र मधेस निर्माण गर्ने जस्ता विचारहरू केही मानिसहरूसम्म संप्रेषण भइरहेको भन्ने तथ्यलाई पनि पुष्टि गर्दछ।यस अवस्थामा प्रतिवादीहरूबाट भएका उक्त कार्यहरू राज्य व्यवस्थासंगको असन्तुष्टिको स्वरूप मात्र हुन् वा अभियोग दाबीबमोजिमका गैरकानूनी कार्यहरू हुन्, सो सम्बन्धमा समेत विचार गर्नु आवश्यक देखिन्छ। यस सम्बन्धमा विचार गर्ने क्रममा प्रतिवादीहरूबाट तयार भएका राजनैतिक दस्तावेज र अभिव्यक्त विचारहरूलाई अध्ययन गरी हेर्दा, तराई मधेसका जनताहरूलाई राज्यव्यवस्थाबाट अन्य भू(भागका जनताहरूलाई गरिने जस्तो उचित व्यवहार नगरी विभेदजन्य व्यवहार गर्दै आएको भन्ने भाव उक्त दस्तावेजहरूको माध्यमबाट प्रकट भएको पाइन्छ । राज्यबाट कानूनको नजरमा सबै नागरिकहरू समान मानिनुपर्ने र कानूनको प्रयोगमा सबै नागरिकहरूका बीच कुनैपनि किसिमको विभेद नगरिनुपर्नेमा त्यसो नभई विभेदपूर्ण व्यवहार गरिएको छ भन्ने असन्तुष्टी प्रतिवादीहरूमा ब्याप्त रहेको छ भन्ने कुरा उक्त दस्तावेजहरूको अध्ययनबाट अनुभूति हुन्छ।प्रतिवादीहरूको अभिव्यक्तिको गहिराई र गम्भीरतालाई मध्यनजर गर्दा राज्यव्यवस्थाबाट देशको अन्य भू(भागमा बसोवास गर्ने जनतालाई व्यवहार गरिए सरहको समान व्यवहार नगरिने हो भने मधेस भू(भागका जनतालाई पूर्णसंरक्षण प्रदान गर्न छुट्टै राजनैतिक विषयवस्तु र भिन्न पहिचान तथा स्वतन्त्र अस्तित्वको भूगोल चाहिन्छ भन्ने सन्देश उक्त दस्तावेज मार्फत् प्रतिवादीहरूले दिन खोजेको पाइन्छ । मिसिल संलग्न दस्तावेजहरूमा अभिव्यक्त प्रतिवादीहरूको यस्तो विचारले निरन्तर प्रश्रय पाइरहने हो भने त्यसले मधेसका जनतालाई विद्रोहका लागि उक्साउने र देशको अन्य भू(भागमा बसोबास गर्ने जनता विरूद्ध द्वेष र घृणा उत्पन्न गर्न सक्छ भन्ने कुरामा शंका गरिरहनु पर्दैन।यद्यपि, प्रस्तुत मुद्दामा प्रतिवादीहरूबाट उठाइएको विषयवस्तु र बिरोधको स्वर केवल राज्यव्यवस्थाप्रतिको असन्तुष्टिस्वरूप उत्पन्न भाव हो वा राज्य विरूद्धको अपराध र सजाय ऐन, २०४६ अन्तर्गतको आपराधिक कार्य हो भन्ने समेत यहाँ केलाएर हेर्नु आवश्यक देखिन्छ ।

४५. प्रस्तुत मुद्दामा प्रतिवादीहरूले मूलतः तराई मधेस क्षेत्रको रूपमा रहेको देशको एउटा ठूलो भू(भाग र त्यस भू(भागमा बसोबास गर्ने लाखौंलाख जनताको अधिकारसंग सम्बन्धित विषयलाई लिएर बैकल्पिक एजेन्डा बनाई जनजागरण गर्न खोजेको देखिन्छ।प्रतिवादीहरूले तयार पारेको दस्तावेजहरू हेर्दा शान्ति र अहिंसाका अग्रजहरूको रूपमा स्थापित विश्वविख्यात दार्शनिकहरू गौतम बुद्ध, महात्मा गान्धी र नेल्सन मण्डेलालाई सांकेतिक रूपमा प्रतिवादीहरूले आदर्श मानेको भन्ने पनि देखिन्छ।प्रतिवादीहरूको कुनै पनि गतिविधिमा हातहतियार वा विष्फोटक पदार्थको प्रयोग तथा जोरजुलम गरी बलपूर्वक मानिसहरूलाई सहभागी हुन बाध्य बनाइएको भन्ने कुरा मिसिल संलग्न कागजातबाट नदेखिनुले प्रतिवादीहरूले अहिंसाको नीतिलाई अबलम्बन गरेकै छन् भन्ने तथ्य पुष्टि भइरहेको देखिन्छ ।

४६. त्यसकारण, प्रतिवादीहरूबाट गरिएको कार्य अभियोजित राज्य विरूद्ध अपराध र सजाय ऐन, २०४६ को दफा ३.१ अन्तर्गतको अपराध हो भन्ने देखिएन।यद्यपि, सोही ऐनको दफा ४ अन्तर्गतको राजद्रोहको अपराध हो(होइन भनी विचार गर्न मिल्छ( मिल्दैन भन्ने सन्दर्भमा हेर्दा, यस्तै विषयवस्तु समावेश भएको राजकाज (अपराध र सजाय) ऐन, २०१९ को दफा २ अन्तर्गत सजाय गरिपाउँ भनी अभियोजन भएको एउटा मुद्दा (ने.का.प. २०३६, अंक १, वैशाख, निर्णय मिति २०३६।०६।०७, नि.नं.१२७१, 'ईश्वर कुमार घिमिरे विरूद्ध श्री ५को सरकार) मा ...राजकाज (अपराध र सजाय) ऐन,२०१९ को दफा (४) को उपदफा (१) र (२) अन्तर्गत भनी शुरू अञ्चलाधीशको कार्यालय बागमती अञ्चलले जन्मकैदको सजाय गरेको मध्यमाञ्चल क्षेत्रीय अदालतले सदर गरेको देखिन्छ तर उक्त राजकाज ( अपराध र सजाय) ऐन, २०१९ को दफा ४ को उपदफा (१) अन्तर्गतको दावीनै नभएकोमा सो ऐन लगाई जन्मकैदको सजाय गरेको शुरू अञ्चालाधीशको कार्यालय, वागमती अञ्चलको फैसला सदर गरेको मध्यमाञ्चल क्षेत्रीय अदालतको फैसला मिलेको देखिएन☐ भनी श्री सर्वोच्च अदालतबाट फैसला भइरहेको पृष्ठभूमिमा प्रस्तुत मुद्दामा वादी नेपाल सरकारवाट अभियोजननै नभएको राज्य विरूद्धको अपराध र सजाय ऐन, २०६४ को दफा ४ अन्तर्गत प्रस्तुत मुद्दाको वारदात भए(नभएको सम्बन्धमा विचार गरिरहनुको औचित्य नहुने हुँदा त्यसतर्फ विचार गरिरहन परेन ।

४७. प्रस्तुत मुद्दामा प्रतिवादीहरूबाट गरिएको कार्यहरू राज्यव्यवस्था विरूद्धको असन्तुष्टिस्वरूप उत्पन्न भाव मात्र हो त भन्ने सम्बन्धमा विचार गर्दा, राज्यव्यवस्था त्यस्तो आधारभूत सिद्धान्तबाट संरचित र स्थापित भएको हुन्छ, जसमा अवलम्बन गरिएको शासन पद्धतिको निर्देशक सिद्धान्त परिवर्तन भएपनि राज्यव्यवस्था संचालनको आधारभूत संरचना मौलिक रूपले परिवर्तन हुँदैन । राज्यव्यवस्था संचालन पद्धितिको प्रतिरूप (Model) परिवर्तन हुनसक्ला, साथै, कायम गरिआएको प्राथमिकताक्रम र विषयहरू संशोधन हुन सक्लान्, तर तिनबाट राज्यव्यवस्था संचालनको स्थायित्वमा असर पर्न सक्तैन।किनकि, राज्य संचालनको आधारभूत संरचना न त त्यस्तो कुनै कमजोर सामाग्रीहरूको संयोजनबाट बनेको घर जस्तो हुन्छ, न कुनै त्यस्तो कमजोर राजनैतिक विचारधाराको जगमा स्थापना भएको हुन्छ, जो कुनै फरक राजनैतिक उद्देश्यले गरिने कुनै गतिविधिले वा कुनै विचारको अभिव्यक्तिले ढल्ने वा भत्किने अर्थात् राज्य विप्लव हुन सकोस् । नागरिकहरूको कुनै समूहले देशमा कायम रहेको राजनैतिक वितरण प्रणाली र शासन व्यवस्था खण्डित हुने गरी कुनै नयाँ प्रतिरूप (Model) को विकल्प प्रस्तुत गर्दै राजनैतिक वितरण प्रणाली र शासन व्यवस्था यस्तो हुनुपर्दछ भनेर जनतामा आफ्नो विचार सम्प्रेषण गर्ने किसिमको गतिविधि गर्दछ र त्यसमा कानूनद्वारा वर्जित हिंसा, बल, हातहतियार, विष्फोटक पदार्थ वा त्यस्तो कुनै बस्तुको प्रयोग गरिँदैन भने त्यस्तो गतिविधिबाट राज्य विप्लप हुन्छ भनी मान्न सकिँदैन।

४८. यसका अतिरिक्त, नेपालको संविधानमा संकल्प गरिएको बहुभाषिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दैस वर्गीय, क्षेत्रीय, भाषिक र सबै प्रकारका विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने दायित्व राज्यव्यवस्थामा सन्निहित रहेको देखिन्छ । यद्यपि, त्यस्तो दायित्व पालना गर्न राज्यव्यवस्था सधैं अत्यन्त सक्रिय रही राज्यमा उपलब्ध श्रोतसाधन र अवसरहरूको आफ्ना नागरिकहरूमा न्यायोचित वितरण गर्न र समान रूपमा उनीहरूको संरक्षण गर्न सफल हुन्छ नै भनेर भन्न सकिन्न । राज्यको आवश्यकता र संचालकको दृष्टिकोणका आधारमा राज्यको साधनश्रोतको वितरण प्रणाली कायम हुने र समयसापेक्ष रूपमा तिनको प्राथमिकताका विषयहरूमा अन्तर आउन सक्छ । त्यसरी, साधनश्रोतको वितरण प्रणाली र प्राथमिकतामा आउने परिवर्तनले जनसंख्याको ठूलो हिस्सा राज्यमा उपलब्ध साधनश्रोतको लाभ पाउनबाट वंचित हुनगई असंतुष्टिको लहर पनि उत्पन्न हुन सक्छ ।त्यसरी, असंतुष्टिको लहर उत्पन्न हुँदा राज्यबाट लाभ पाउनबाट वञ्चित हुन पुगेका नागरिकहरूमध्येको कुनै समूहद्वारा राज्यव्यवस्थाको आफूतर्फ ध्यानाकर्षण गर्न विभिन्न किसिमका राजनैतिक गतिविधि संचालन गर्ने र त्यसलाई तीव्र पार्ने कार्य हुन सक्छ ।राज्यव्यवस्थाप्रति असन्तुष्टिस्वरूप अभिव्यक्त हुने त्यस्ता विचार कुनै पनि गतिविधि मार्फत् प्रकट हुन सक्दछ।जुन वस्तुतः यी यस्ता विचार, व्यवहार एवं गतिविधि लोकतन्त्रका लागि अमूल्य उर्जा हुन्छन्।नागरिकस्तरबाट राज्यप्रति लक्षित भई गरिने त्यस्ता गतिविधिबाट राज्यव्यवस्थाले आफू कहाँ चुकियो र कहाँ आफ्नो ध्यान पुग्न सकेन भनी विचार गर्दै विरोधको रूपमा देखिएको नागरिक असन्तुष्टिलाई के कसरी संवोधन गर्नुपर्ने हो, सो सम्बन्धमा राज्यद्वारा आवश्यक र उचित कदम चालेर ति असन्तुष्ट नागरिकहरूको असन्तुष्टि र असजिलोपनलाई हटाउने प्रयत्न गरिनुपर्ने हुन्छ ।

४९. नागरिकहरूको असन्तुष्टिको रूपमा उठ्ने त्यस्तो आवाजलाई दमन नगरी अत्यन्त संयमित भई असन्तुष्ट नागरिक अगुवाहरूसंग वार्ता र सम्वादको माध्यमबाट समस्या समाधान गर्न राज्यव्यवस्था हमेशा अग्रसर रहनुपर्ने हुन्छ । नागरिकहरूको आवाज र गुनासाहरूलाई सुनेर समस्या समाधान गर्न सधैं अग्रसर रहने राज्यव्यवस्थाको यिनै गुण र स्वभावले कहिलेकहीं नागरिकहरूमा छाउने निराशा र वितृष्णालाई मेटाई राज्यप्रति आस्था र भरोसा जगाउन मद्दत गर्दछ। त्यसैले, आफ्ना नागरिकहरूप्रति जन्म, जात, लिङ्ग, वर्ण, वर्ग, धर्म र भूगोलको आधारमा हुनसक्ने पूर्वाग्रह र विभेदलाई अत्यन्त संवेदनशीलताका साथ हेरी सम्पूर्ण नागरिकहरूप्रति समताभाव कायम गर्ने गराउने राष्ट्रिय दायित्वबाट राज्यव्यवस्था कहिल्यै पनि उदासीन रहन मिल्दैन।अन्यथा, साँच्चिकै राज्य विप्लवको अत्यन्त खराब, हानिकारण र राष्ट्रघाती परिस्थितिले टाउको उठाउने अवसर पाउन सक्ने संभावना हुन्छ ।यस्तो राष्ट्रघाती परिस्थितिको संभावनालाई कहिल्यै पनि कसैले पनि नजरअन्दाज गर्न मिल्दैन।

५०. यिनै प्रतिवादीहरूमध्येका डा. सि. के. राउत भन्ने चन्द्रकान्त राउत विरूद्ध, नेपाल सरकार वादी भएको यसै प्रकृतिको राज्य विरूद्धको अपराध मुद्दा ( ने.का.प. २०७३, भाग ५८, असार, अंक ३, नि.नं. ९५६३, २०७२।१०।०३) मा प्रतिवादीले बल प्रयोग गरी शान्ति अमनचयन भंग गरी शान्ति व्यवस्थालाई खलल पुर्‍याई अव्यवस्था उत्पन्न गरेको भन्ने साथै प्रतिवादीबाट कुनै हातहतियार, आपत्तिजनक तथा संवेदनशील विष्फोटक पदार्थ, प्रज्वलनशील तथा मधेशलाई नेपालबाट विखण्डन गर्ने खालको कुनै वस्तु बरामद भएको नदेखिँदा प्रतिवादीलाई सफाइ दिने गरी भएको विशेष अदालतको फैसला सदर हुने भनी श्री सर्वोच्च अदालतबाट फैसला भएको समेतका आधारलाई मध्यनजर गर्दा वादी दावी पुग्न सक्ने देखिएन ।

५१. अतः उपर्युक्त विवेचित तथ्य, प्रमाण र कानूनी व्यवस्थाहरूको आधारमा प्रतिवादी चन्द्रकात राउत समेतका जना १७(सत्र) प्रतिवादीहरूलाई राज्य विरूद्धको अपराध र सजाय ऐन, दृण्द्धट को दफा ३(१) को कसूरमा ऐ.दफा ३(१) बमोजिम सजाय गरिपाऊँ भन्ने आरोप दावी सहित मुद्दा पेश भएकोमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७२।१०।०३ मा यसै विषयमा भएको फैसला र राष्ट्र विप्लव गरेको भन्ने ठोस र वस्तुनिष्ठ थप प्रमाण अभियोजन पक्षले पेश गरी प्रतिवादीहरूउपरको आरोपदावी पुष्टी गर्न सकेको नदेखिँदा सम्पूर्ण प्रतिवादीहरूले आरोपित कसूरबाट सफाइ पाउने ठहर्छ। अरूमा तपसील बमोजिम गर्नू ।

रत्नबहादुर बागचन्द
सदस्य

५२. प्रस्तुत मुद्दामा प्रतिवादीहरूलाई अभियोगदावीको कसूरबाट सफाइ दिने भन्ने सदस्य माननीय न्यायाधीश श्री रत्नबहादुर बागचन्दज्यूको रायमा सहमत भए पनि प्रतिवादीहरूलाई सफाइ दिने गरी प्रस्तुत गरिएका निर्णयाधारहरूमा सहमती हुन नसकेकोले देहाय बमोजिमका अलग्गै निर्णयाधारका आधारमा सफाइ दिन उपयुक्त ठानेकाले विशेष अदालत ऐन, २०५९ को दफा ६(३) बमोजिम अलग्गै राय पेश गरेका छौं ।

सदस्यद्वय माननीय न्यायाधीश श्री चण्डीराज ढकाल तथा माननीय न्यायाधीश श्री प्रमोदकुमार श्रेष्ठ वैद्यको फरक निर्णयाधार र बहस बुँदा :

१. वादी नेपाल सरकारका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय काठमाण्डौका विद्वान् उप-न्यायाधिवक्ता श्री सुर्दशन लामिछानेले, प्रतिवादीहरूले नेपालको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकतामा खलल पार्ने नियतले राज्य विरूद्धको अपराध र सजाय ऐन, २०४६ को दफा ३(१) बमोजिमको कसुर गरेको तथ्य निजहरूबाट बरामद भएका घोषणा(पत्र लगायतका दस्तावेजहरू एवं निज प्रतिवादीहरूले गरेका कार्यक्रम, गतिविधिहरूबाट पुष्टि भइरहेका छन । प्रतिवादीहरू निजहरूले गरेका कार्यक्रमस्थलबाटै पक्राउ गरिएका छन् । सो कार्यक्रमहरूमा निजहरू उपस्थित रहेको कुरा मौकामा गरेको बयानमा स्वीकार गरेको समेत पाइन्छ । प्रतिवादीहरूले जनचेतना अभियान, कोणसभा लगाएतका विविध कानून विपरीतका गतिविधि गरेका र प्रतिवादी मध्येका सि.के राउत भनिने चन्द्रकान्त राउत संयोजक रहेको स्वतन्त्र मधेश गठवन्धन नामक संगठन निर्माण एवं संगठन विस्तारका कार्य गरेको समेत देखिएबाट प्रतिवादीहरूले आरोपित कसुर गरेको सम्पुष्टी भएको स्थितिमा प्रतिवादीहरूलाई आरोप दावी बमोजिम सजाय हुनु पर्दछ भन्ने समेत वहस जिकिर प्रस्तुत गर्नु भयो ।

२. प्रतिवादीहरूका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री नारायण झा र श्री सुरेन्द्र कुमार महतो तथा विद्वान् अधिवक्ताहरू श्री धीरेन्द्रकुमार शाह, श्री विरेन्द्र कुमार ठाकुर, श्री सुनिल पटेल र श्री राजेश अहिराजले, प्रतिवादीहरूले राज्य विरूद्धको अपराध र सजाय ऐन, २०४६ को दफा ३(१) अन्तर्गत राष्ट्र विप्लवको कसुर गरेका छैनन् । निजहरूले नेपालको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल पार्ने नियतबाट देशमा कुनै अव्यवस्था उत्पन्न गर्ने कार्य गरेका छैनन् । नेपालको संविधान बमोजिम शान्तिपूर्ण तवरबाट भेला हुने, विचार अभिव्यक्त गर्न पाउने, संघ, संगठन खोल्न पाउने लगायतका अधिकार प्रत्येक नेपाली नागरिकलाई भएकोले प्रतिवादीहरूले संविधान प्रदत्त अधिकारको उपभोगका क्रममा सि.के. राउत भनिने चन्द्रकान्त राउतको संयोजकत्वमा स्वतन्त्र मधेश गठवन्धन नामक संगठन स्थापना गरी त्यस्का उद्देश्य बमोजिम संगठन विस्तारका विभिन्न्न विधि अवलम्वन गर्ने क्रममा आवश्यक कृयाकलाप र गतिविधि संचालन गरेका हुन् । प्रतिवादीहरूबाट वरामद भएका दस्तावेजहरू लगायतका सामग्रीबाट अभियोग दावी बमोजिमको कसुर कायम गर्न मिल्ने अवस्था छैन । प्रतिवादीहरूको कार्यलाई छापाखाना तथा प्रकाशन ऐन अन्तर्गत वा राज्य विरूद्धका अपराध र सजाय ऐन अन्तर्गत अन्य दफाहरू प्रयुक्त हुन सक्दथ्यो तर अन्य दफा अन्तर्गत अभियोग दावी नै प्रस्तुत नभएको र राष्ट्र विप्लवको कसुर प्रतिवादीहरूको कार्यहरूबाट प्रमाणित हुन सक्ने नदेखिएबाट आरोपित कसुरबाट प्रतिवादीहरूले सफाई पाउनु पर्दछ भन्ने समेत वहस जिकिर प्रस्तुत गर्नु भएको पाइयो ।

३. प्रतिवादी सि.के राउत भनीने चन्द्रकान्त राउत समेतका प्रतिवादीहरूले राज्य विरूद्धको अपराध र सजाय ऐन, २०४६ को दफा ३(१) बमोजिमको कसुर गरेकाले सोही ऐनको दफा ३(१) बमोजिम निज प्रतिवादीहरूलाई जन्म कैदको सजाय गरी पाउँ भन्ने अभियोग दावी रहेको प्रस्तुत मुद्दामा, विद्वानहरूको वहस जिकिर एवं मिसिल कागजात समेतलाई दृष्टिगत गरी प्रतिवादीहरूले आरोपित कसुर गरेका हुन,होइनन ? निज प्रतिवादीहरूलाई अभियोग दावी बमोजिम सजाय हुने हो, होइन भन्ने सन्दर्भमा न्याय निरोपण गर्नु पर्ने देखिन आयो ।

४. निर्णय तर्फ हेर्दा, जिल्ला सिरहा, लहान न.पा. वडा नं १९ स्थित श्री कटाहा प्रा.वि. सोनामती मझौराको प्राङ्गणमा मिति २०७२।९।१८ गते १४.३५ बजे चन्द्रेश्वर महतो समेतले गाउका सर्वसाधारण जनतालाई भेला जम्मा गराई नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता समेतलाई खलल पार्ने राष्ट्रलाई विखण्डन गरी छुट्टै तराई मधेश गठवन्धन तयार गर्न प्रचार प्रसार, कोण सभा, गर्न लागेको अवस्थामा चन्देश्वर महतो, विष्णुदेव चौधरी, सुदिपराज कुसवाहा लाई पक्राउ गरी निजहरूको साथमा रहेको ल्यापटप,मधेश स्वतन्त्र सि.के राउत लेखिएको किताव, स्वतन्त्र मधेश गठवन्धनको घोषणपत्र लेखिएको किताब समेत वरामद गरीएको भन्ने वरामदी मुचुल्का सहित प्र.ना.नि. डेगेन्द्र कार्की समेतको प्रहरी प्रतिवेदनबाट प्रस्तुत मुद्दाको कारवाही प्रारम्भ भएको देखिन्छ ।

५. नेपालको उपनिवेश रहेको मधेशलाई स्वतन्त्र मधेश देश बनाउन लागेको संयोजक डा. सि.के. राउतले गरेको स्वतन्त्र तराई मधेश गठवन्धन अन्तर्गत आवद्ध भई विभिन्न् कार्यक्रमहरू गरेको हो, स्वराज अभियान कार्यक्रम संचालन गर्न लागेको अवस्था प्रहरीले पक्राउ गरेका हुन भन्ने समेत प्रतिवादीहरू चन्देश्वर महतो, विष्णुदेव चौधरी र सुदिपराज कुशवाहाले मौकामा वयान गरेका छन । त्यसैगरी चन्देश्वर महतो समेतका प्रतिवादीहरूले अदालत समक्ष वयान गर्दा आरोपित कसुरलाई इन्कार गर्दैं मधेशको जनचेतना सम्बन्धी छलफल कार्यक्रममा मात्र सहभागी भएको हो , छुट्टै मधेश प्रदेशको वारेमा स्वराजको माग नगरेको, आरोप दावी अनुसार राज्य विरूद्धको अपराध हुने कार्य नगरेको हुँदा सजाय हुनु पर्ने होइन भन्ने समेत जिकिर लिएको देखिन्छ भने प्रतिवादी सि.के.राउत भनीने चन्द्रकान्त राउतले, लगभग ४ वर्ष देखि सामाजिक, आर्थिक, सास्कृतिक लगायतका पक्षको उत्थान गर्ने हेतुले स्वराज अभियान शुरू गरेको हुँ । स्वतन्त्र मधेश गठवन्धन एउटा अनौपचारिक समूह हो । यो कहिँ कतै दर्ता छैन । उत्पीडनमा परेका मधेशी समुदायलाई सफाई तर्फ डोऱ्याउन यो संस्थाको संयोजक भई कार्य गदै आएको हुँ । नेपालको वर्तमान संविधानले सार्वमौमसत्ता जनतामा निहित रहने व्यवस्था गरेकोले समाजमा रहेका ब्याप्त विभेद र असमानताको प्रेरणाबाट स्वराज अभियानमा लागेको हुँ । म समेत प्रतिवादी भएको स.फौ.नं. ०७१-ऋच -००९३ को राज्य विरूद्धको अपराध मुद्दामा विशेष अदालतबाट सफाइ पाएकोमा श्री सर्वोच्च अदालतवाट पनि सदर फैसला भएकाले प्रस्तुत मुद्दाबाट पनि सफाई पाउँ भनी वयान जिकिर गरेको देखियो ।

६. नेपालको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकता अक्षुण राख्न, विभिन्न वर्ग, जाति, धर्म एवं सम्प्रदायका जनताका बीच सुसम्बन्ध कायम राख्न, शान्ति र व्यवस्था कायम राख्न तथा विदेशी राज्यहरूसंग मित्रताको सम्बन्ध कायम राख्ने उद्देश्यले राज्य विरूद्ध गरिने अपराध र सजाय ऐन, २०४६ को निर्माण भएको भन्ने यस्को प्रस्तावनावाट देखिन्छ । प्रतिवादीहरू उपर उक्त ऐनको दफा ३(१) बमोजिमको सजाय गरिपाउँ भन्ने आरोपदावी भएकोमा सो दफामा 'कसैले नेपालको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल पार्ने नियतले कुनै अव्यवस्था उत्पन्न गरेमा वा सो गर्ने उद्योग गरेमा निजलाई जन्मकैद हुन्छ' भन्ने सजाय सम्बन्धी कानूनी व्यवस्था रहेको पाइन्छ।

७. संयुक्त राष्ट्र संघद्वारा अर्न्तराष्ट्रिय मानव अधिकार घोषणा-पत्रमा उदघोषित मानव अधिकारहरू, नेपाल संयुक्त राष्ट्र संघको सदस्य राष्ट्र भएकाले तदनुरूपका मानव अधिकार मौलिक हकको रूपमा नेपालको संविधानको भाग ३ मा समावेश गरिएका छन । ती मध्ये नेपालको संविधानको धारा १७ मा स्वतन्त्रता सम्बन्धी हकको प्रावधान छ भने सोही धारा १७ को उपधारा २ मा देहाय बमोजिमको स्वतन्त्रता समेतको प्रत्याभूत गरिएको छ :

(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता ,
(ख) बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,
(ग) राजनीतिक दल खोल्ने स्वतन्त्रता
(घ) संघ र संस्था खोल्ने स्वतन्त्रता ।

८. माथि उल्लेखित स्वतन्त्रताको प्रत्याभूतिका अतिरिक्त सोही धारा १७(२) को देहाय १ देखी ६ सम्म उल्लेखित स्वतन्त्रता समेतलाई राष्ट्रले कानून वनाई रोक लगाउन सकिने प्रतिवन्धात्मक प्रावधान पनि रहेकाछन । नेपालको संविधानको धारा १७(२) को देहाए (१) मा 'खण्ड (क) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक, अखण्डता, राष्ट्रियता र स्वाधिनतामा वा संघीय इकाई वा विभिन्न जातजाति, धर्म, सम्प्रदाय वीचको सु-सम्बन्धमा खलल पर्ने, जातीय भेदभाव वा छुवाछुतलाई दुरूत्साहन गर्ने, अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकुल हुने कार्यमा मनासिव प्रतिवन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन' ।

९. देहाय (२)मा 'खण्ड (ख)को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनता, संघीय इकाई वीचको सुसम्बन्ध वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने कार्यमा मनासिव प्रतिवन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन" ।

१०.देहाय(३) मा, 'खण्ड (ग) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता,र स्वाधीनतामा खलल पर्ने, राष्ट्रको बिरूद्ध जासुसी गर्ने, राष्ट्रिय गोपनीयता भंग गर्ने वा नेपालको सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, संगठन वा प्रतिनिधिलाई सहयोग गर्ने वा राजद्रोह गर्ने वा जातीय वा साम्प्रदायीक विद्वेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदाय वीचको सुसम्बन्धमा खलल पर्ने वा केवल जाति भाषा, धर्म, सम्प्रदाय वा लिंगको आधारमा कुनै राजनीतिक दलको सदस्यता प्राप्त गर्ने वा वन्देज लगाउने वा नागरिकहरू वीच विभेद गर्ने गरी राजनीतिक दल गठन गर्ने, हिंसात्मक कार्य गर्न दुरूत्साहस गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिव प्रतिवन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन" ।

११ देहाय(४) मा, 'खण्ड (घ) को कुनै कुराले नेपालको सार्वभौमसत्ता , भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा खलल पर्ने, राष्ट्रको विरूद्ध जासुसी गर्ने, राष्ट्रिय गोपनीयता भंग गर्ने वा नेपालको सुरक्षामा आँच पुराउने गरी कुनै विदेशी राज्य, संगठन वा प्रतिनिधिलाई सहयोग गर्ने, राज्यद्रोह गर्ने वा संघीय इकाईवीचको सुसम्बन्धमा खलल पर्ने वा जातीय वा साम्प्रदायिक विद्धेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदाय वीचको सु-सम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकुल हुने कार्यमा मनासिव प्रतिवन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन' भन्ने समेतका संवैधानिक प्रावधानबाट नेपाली नागरिकलाई प्रदत्त स्वतन्त्रता सम्बन्धी हक निरपेक्ष नभै नेपालको संविधानको धारा १७(२) को देहाय १ देखि ६ सम्मका प्रतिवन्धात्मक वाक्याशका सापेक्षतामा रहेर प्रत्येक नेपालीले स्वतन्त्रता सम्बन्धी हकको उपभोग गर्नु पर्ने कर्तव्य समेत सोही धाराले तोकि दिएको देखिंदा उल्लेखित संवैधानिक प्रावधानको सिमा कसैले पनि नाघ्न मिल्दैन ।

१२. प्रस्तुत मुद्दाको वारदात मिति २०७२।९।१८ पूर्व यिनै प्रतिवादी मध्येका सि.के राउत भन्ने चन्द्रकान्त राउतले मिति २०७१।५।२८मा जिल्ला मोरङ्ग, सोराभाग गा.वि.स. वडा नं ३मा सर्वसाधारणलाई भेला जम्मा गरी डरत्रास र आतंकित बनाई सामाजिक सदभाव भड्काउने, शान्ति सुरक्षामा खलल पुऱ्याउने कार्य गरीरहेको अवस्थामा निजलाई नियन्त्रणमा लिई निजको साथबाट मधेश स्वराज डा.सि.के.राउत लेखिएको किताव, स्वतन्त्र मधेश गठवन्धन (ब्ञ्: ) का घोषणापत्र लेखिएको गौतमवुद्ध, महात्मागान्धी, र नेल्सन मण्डेलाको जस्तो तस्विर भएको किताव, विर मधेशी डा सि.के राउत लेखिएको किताव, अंग्रेजीमा मधेश तराई लेखिएको प्रोफाएल किताव, कालो डायरीमा तन, मन, धन विद्या बचन समेत लेखिएको डायरी, अंग्रेजीमा सोनी एच.डी- समेत लेखिएको भिडियो क्यामेरा, अंर्ग्रेजीमा पानासोनिक लुमिवस समेत लेखिएको क्यामेरा, कार्डरिर्डर,र ६४ ए.वि. तथा १६ एम.वि. लेखिएको मेमोरी कार्ड २थान समेतका सामान वरामद गरीएकोमा, निज सि.के.राउत भन्ने चन्द्रकान्त राउतले मधेशलाई नेपाल राष्ट्रबाट टुक्राएर छुट्टै मधेश राष्ट्र बनाउने उद्देश्य साथ मधेश राष्ट्रको छुट्टै झण्डा, राष्ट्रिय गान र नेपाल तथा मधेशलाई छुट्टा- छुट्टै देश बनाउने व्यवस्था समेत तयार गरी मधेशलाई नेपालबाट छुट्याउनुपर्छ भन्ने अभिव्यक्ति दिई सो अनुरूप लेख, रचना र किताव छपाएकोबाट नेपालको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकतामा खलल पारी अव्यवस्था उत्पन्न गरेकोले प्रतिवादी डा सि.के. राउत भन्ने चन्द्रकान्त राउतको उक्त कार्य राज्य विरूद्धको अपराध र सजाय ऐन, २०४६ को दफा ३ को ३(१) को कसुर भएकोले निज प्रतिवादीलाई सोही ऐनको दफा ३(१) बमोजिम गरी पाउँ भनी ०७१-CR -०९३ को राज्य विरूद्धको अपराध ( राष्ट्र विप्लव ) मुद्दाको अभियोग पत्र प्रस्तुत भएकोमा, डा.सि.के.राउत भन्ने चन्द्रकान्त राउत उपरको नेपाल सरकारको वादी दावी पुग्न नसक्ने भई निज प्रतिवादीले कसुरबाट सफाई पाउने ठहरी मिति २०७२।१।१० मा यस अदालतबाट फैसला भएको र सो फैसला उपर नेपाल सरकारको श्री सर्वोच्च अदालतमा पुनरावेदन परेकोमा प्रतिवादीले यस ठाउँमा यस्तो बल प्रयोग गरी शान्ति अमन-चयन भंग गरी अशान्ति मच्याएको वा हुलदंगा गरी शान्ति र व्यवस्थामा खलल पुऱ्याई अव्यवस्था उत्पन्न गरेको भन्न तथा प्रतिवादीबाट कुनै हातहतियार आपत्तिजनक तथा संवेदनशील विष्फोटक पदार्थ, प्रज्जवलनशील तथा मधेशलाई नेपालबाट विखण्डन गर्ने खालको कुनै वस्तु बरामद भएको नदेखिंदा प्रतिवादीलाई अभियोग दावी बमोजिम कसुरदार ठहर गर्न मिल्ने देखिएन भनी प्रतिवादीलाई आरोपित कसुरबाट सफाई दिने ठहऱ्याएको विशेष अदालत काठमाण्डौको फैसला मिलेको देखिंदा सदर हुने ठहर्छ भनी मिति २०७२।१०।३ मा ०७२-CR -०३१३ को राज्य विरूद्धको अपराध (राज्य विप्लव) मुद्दामा श्री सर्वोच्च अदालतबाट फैसला भई अन्तिम रहेको मिसिल संलग्न सो फैसलाको प्रतिलिपिबाट देखियो ।

१३. श्री सर्वोच्च अदालतबाट अन्तिम फैसला भएको उल्लेखित ०७२-CR -०३१३ को प्रतिवादी सि.के. राउत भन्ने चन्द्रकान्त राउत विरूद्धको राज्य विरूद्धको अपराध ( राज्य विप्लव) मुद्दामा निज प्रतिवादीबाट स्वतन्त्र मधेश गठवन्धन (AIM) को घोषणा-पत्र, मधेश स्वराज नामक किताव निजै डा. सि.के.राउतद्वारा लेखिएको, वीर मधेश नामक किताव लगाएतका दस्तावेज वरामद भएकोमा स्वतन्त्र मधेश गठवन्धन (AIM) को घोषण पत्र समेतका दस्तावेजहरूको सम्बन्धमा परीक्षण र निरोपण समेत श्री सर्वोच्च अदालतबाट भईसकेको अवस्था विद्यमान छ । सोही स्वतन्त्र मधेश गठवन्धक (AIM) को घोषण-पत्रलाई मुर्तरूप दिने प्रयोजनले प्रतिवादीहरूबाट अभियोजित कार्यक्रम गरे भएको देखिन्छ । कार्यक्रम स्थलबाट ल्यापटप, मधेश स्वतन्त्र सि.के राउत लेखिएको किताब, स्वतन्त्र मधेश गठवन्धनको घोषणपत्र लेखिएको किताव समेत बरामद भई साथमा प्रतिवादीहरू चन्देश्वर महतो, सुदिपराज कुशवाहा र विष्णुदेव चौधरी समेत मौकामा पक्राउ परेका छन।

१४.आरोप दावी बमोजिमको राज्य विरूद्धका कुनै कार्य गरेको छैन भनी प्रतिवादीहरू आरोपित कसुरमा इन्कार रही अदालत समक्ष वयान गरेका छन । प्रतिवादीहरूले डर त्रासमा पारी, बल प्रयोग गरी, अशान्ति मच्याएको, हुलदंगा गरी शान्ति र व्यवस्थामा खलल पुऱ्याई अव्यवस्था उत्पन्न गरेको तथा हातहतियार उठाएको वा हिंसात्मक गतिविधि गरेको भन्ने मिसिल संलग्न कागजातबाट देखिदैन । मौकामा पक्राउ परेको प्रतिवादीहरूबाट स्वतन्त्र मधेश गठवन्धन भन्ने सि.के.राउत भन्ने चन्द्रकान्त राउतद्धारा संस्थापित संगठनका घोषण-पत्र र किताबहरू लगायतका दस्तावेजहरू बरामद भई प्रचार प्रसार र कोणसभा गर्न लागेका अवस्था प्रतिवादीहरू पक्राउ परेको देखिन्छ । स्वतन्त्र मधेश गठवन्धनको संयोजक सि.के.राउत भन्ने चन्द्रकान्त राउत भई निजद्वारा संस्थापित संगठनको घोषणा-पत्र एवं सो संगठनको गतिविधिलाई राज्य विरूद्धका अपराध र सजाय ऐन, २०४६ को दफा ३(१)बमोजिम राज्य विरूद्धको अपराध (राज्य विप्लव) नठहर्ने फैसला भई कायमै रहिरहेको अवस्थामा प्रस्तुत मुद्दामा पनि सोही अनुरूपको कसुरको अभियोग दावी रहेको देखिंदा तत्सम्बन्धमा यी प्रतिवादीहरूलाई कसुरदार कायम गर्नुपर्ने अवस्था देखिएन ।

१५. प्रतिवादीतर्फका विद्वान् वरिष्ठ अधिवक्ता तथा विद्वान् अधिवक्ताहरूले बहसको क्रममा प्रतिवादीहरूले कसूर गरेको मान्ने हो भने पनि राज्य विरूद्धको अपराध र सजाय ऐन, २०४६ को अन्य दफा प्रयुक्त हुन सक्थ्यो भन्ने तर्क पेश गर्नुभएको सम्बन्धमा विचार गर्दा, अभियोग दावीको कसुर प्रतिवादीहरूले गरेको नदेखिए पनि अभियोग दावी भन्दा कम सजाय हुने सोही ऐनको कसुर गरेको देखिन्छ भने सानो कसुर कायम गरी सजाय गर्न मिल्ने भनी श्री सर्वोच्च अदालतबाट ने.का.प. २०६४ नि.नं. ७८६८, स.अ. फुलवेन्च, निर्णय मिति २०६४।३।१४ फौज्दारी कानून दोश्रो भाग २०६६ भाग ६ पृठ २०३, ने.का.प. २०७० नि.नं.९०९४ अंक १२ पृष्ठ १५३१, ने.का.प.२०७४ नि.नं ९८५६ पृष्ठ १३६५, नेका.प. २०७४ नि.नं. ९८६३ पृष्ठ १४३६, ने.का.प. २०७३ नि.नं. ९७१४ अंक ११ पृष्ठ २१२६, ने.का.प.२०७३ नि.नं. ९६७७ अंक ९ पृष्ठ १७१९ मा समेत न्यायीक सिद्धान्त कायम भएको देखिन्छ ।

१६. तथापी प्रतिवादीहरूले राज्य विरूद्धको अपराध र सजाय ऐन, २०४६ को दफा ३ को ३(१) बमोजिम राज्य विप्लवको कसुर गरेको भनी आरोपित गरिएकोमा प्रस्तुत मुद्दामा अभियोग लगाइएको वारदात मिति पूर्व मिति २०७१।५।२८ गते भएको वारदात सम्बन्धमा श्री सर्वोच्च अदालतबाट २०७२-ऋच-०३१३ को प्रतिवादी सि.के.राउत भन्ने चन्द्रकान्त राउत उपरको राज्य विरूद्धको अपराध (राज्य विप्लव) मुद्दामा आरोपित कसुर नठहरी प्रतिवादी सि.के. राउत भन्ने चन्द्रकान्त राउत संयोजक भएको स्वतन्त्र मधेश गठवन्धन नामक संगठनको घोषणापत्र लगाएतका वरामदीत दस्तावेजहरूका सम्बन्धमा न्यायिक परीक्षण भई सो अन्तिम फैसला कायम रहीरहेको परिप्रेक्ष्यमा प्रस्तुत मुद्दामा अभियोग दावी भन्दा सानो कसुर अर्थात् राज्य विरूद्धको सजाय ऐन, २०४६ को दफा ४ को राज्यद्रोह शीर्षकको दफा ४(२) मा 'कसैले स्वतन्त्र र अविभाज्य नेपालको सार्वभौमसत्ता वा अखण्डतामा खलल पर्न सक्ने गरी वर्गीय, जातिय, क्षेत्रीय वा यस्तै कुनै आधारमा घृणा, द्वेष वा अपहेलना उत्पन्न हुने कुनै काम कारवाही उत्पन्न गरे गराएमा वा सो गर्ने उद्योग गरेमा वा दुरूत्साहन दिएमा कसूर कायम गरी तीन वर्षसम्म कैद वा ३,०००।- सम्म जरिवाना वा दुबै सजाय हुनेछ' भन्ने कानूनी व्यवस्था भएकोमा यी प्रतिवादीहरूले अलग मधेश देश स्थापना गर्ने भनी मधेशका नाममा अलग झण्डा, अलग राष्ट्रिय गान बनाई नेपालको वर्तमान नक्सामा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको अलगै नक्सा कोरी सोही बमोजिमको जनजागृती अभियान संचालन गरेकोले उक्त दफा ४(२) बमोजिम राज्यद्रोहमा सजाय गर्नुपर्ने हो कि भन्नलाई पनि उक्त विषयको विवाद समेत सर्वोच्च अदालतको पूर्व फैसलामा उठाइएको तर त्यसबापत यिनै प्रतिवादीमध्येका सि.के. राउतलाई सजाय नगरी श्री सर्वोच्च अदालतबाट निजले पूर्णतः सफाइ पाइसकेको सन्दर्भमा यस मुद्दामा समेत आरोपदावीभन्दा कम सजायको कसूरदार कायम गरी सजाय गर्नपर्ने समेत नदेखिँदा वादी नेपाल सरकारको आरोप दावी पुग्न सक्ने अवस्था देखिन आएन ।

तपसील

आरोप पत्रसाथ दाखेल हुन आएका समानहरू जफत नहुने ठहरेकोले सो समानहरू फिर्ता पाऊँ भनी निज प्रतिवादीहरूको दरखास्त परे नियमानुसार फिर्ता दिनू...................................................१

प्रतिवादीहरूले सफाइ पाउने ठहरी फैसला भएकोले निजहरूले राखेको धरौटी रकम प्रस्तुत मुद्दाको अन्तिम किनारा लागेपछि नियमानुसार फिर्ता गर्नू ..............................................................२

प्रस्तुत फैसलामा चित्त नबुझे विशेष अदालत ऐन, दृण्छढ को दफा १७ बमोजिम ३५ दिन भित्र श्री सर्वोच्च अदालत रामशाहपथ, काठमाडौंमा पुनरावेदन गर्न जानु होला भनी प्रस्तुत फैसलाको प्रतिलिपि सहित फैसलाको जानकारी विशेष सरकारी वकील कार्यालयलाई दिनू ........................................३

सरोकारवालाले नक्कल माग्न आए नियमानुसार दस्तुर लिई नक्कल दिनू...................................४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू............५

सदस्य
सदस्य

फैसला लेखनमा सहयोग गर्नेः
इजलास अधिकृतः प्रभाकर कुमार मल्लिक
टाइप गर्ने- गीता घिमिरे गिरीरकल्पना बर्तौला
ईति सम्बत् २०७४ साल फागुन ३ गते रोज छ शुभम्..........................................।

(समाप्त)

# सरकारले मधेशलाई पनि भ्रममा पार्‍यो



महेन्द्र यादव

अहिले कम्युनिष्टमा एमाले र माओवादी मिलेर राष्ट्रवादको नाममा नेपाली जनतालाई भ्रममा पार्दैछन् । निर्वाचनको समयमा पहाडमा गएर मधेश र मधेशी जनतालाई गाली गरेर पहाडमा मत ल्याएको होइन ? हाम्रै दलमा दोधारको अवस्था सिर्जना भइसकेको थियो कि केपी ओली राष्ट्रवादी हो कि होइन भनेर र तर अहिले उपेन्द्र यादवलाई सरकारमा ल्याउनेदेखि लिएर, झुटो आश्वासन देखाएर, अहिले त्यही मधेशी दलहरूसँग साँठगाँठ गरेर सरकारमा ल्यायो ।

गत निर्वाचनको अघिसम्म अहिलेसम्म नभएको दुईटा ठूला पार्टीबीच गठबन्धन बन्यो । त्यो गठबन्धन एउटा चुनौतीपूर्ण रूपमा तेर्सियो र यसका कारणले नेपाली कांग्रेस पछाडि आउनुपर्‍यो । तर यदि समानुपातिकको निर्वाचन परिणाम हेर्ने हो भने एमालेकै हाराहारीमा कांग्रेसले राम्रै मत पाएको छ । त्यसबाट के देखिन्छ भने हाम्रो आन्तरिक व्यवस्थापन र अन्तरघातका कारणले हामी दोस्रो स्थानमा पुगेका छौं । यो कुरालाई पार्टीभित्र व्यापक छलफल गरेर निष्कर्षसहित आगामी निर्वाचनमा बहुमतसहितको पहिलो पार्टी कसरी बनाउने भन्ने अभियानमा केन्द्रीय समितिले निर्णय गरेको छ । त्यसअनुसार सिंगै पार्टी एकताबद्ध भएर जानु पर्नेमा केही साथीहरू जो पार्टी सभापतिमाथि आक्रमण गरेर पार्टीलाई थप कमजोर बनाइ रहेका छन् ।

त्यस किसिमको ह्याङओभरबाट माथि उठेर नेतादेखि कार्यकर्तासम्मलाई माथि उठेर कसरी एकताबद्ध हुने भन्ने हाम्रो धारणा हो । किनभने नेपाली जनताको अझै पनि सुझाव के छ भने कांग्रेस एकताबद्ध गरेर अगाडि बढ्यो भने यसलाई उछिन्ने कोही हुँदैन । त्यसैले सबै साथीहरू मिलेर अगाडि बढ्नुपर्छ । केही साथीहरूमा ह्याङओभर देखिएको छ । त्यो बिस्तारै हट्दै जान्छ ।

पार्टीले लगभग एक महिना लगाएर निर्वाचनमा पराजय हुनुको कारणबारे छलफल गरेकै हो । विगतमा अलग अलग चुनाव लडेको पार्टी अहिले गठबन्धन गरेर चुनावमा गएका कारण हामी पराजय हुनु परेको हो ।

वाम गठबन्धन त प्रमुख कारण बन्यो नै साथै आफ्नो पार्टीभित्र व्यवस्थापन हुन नसकेको र केही साथीहरूले गरेको अन्तरघातले पनि निर्वाचनमा पार्टी कमजोर देखिएको हो ।

वास्तवमा अहिलेको समयमा पार्टीलाई एकताबद्ध तरिकाले अगाडि लैजानु जरूरी छ । अबको तीन वर्षपछि पार्टीको महाधिवेशन हुनेछ । त्यसको सेरोफेरोमा नेताहरूले कुराकानी गर्दैछन् । सभापति शेरबहादुर देउवालाई गाली गरेर, कमजोर बनाएर पार्टी नै कमजोर हुन्छ । नेताहरूलाई के लागेको छ भने पार्टी कमजोर भए हुन्छ तर शेरबहादुर देउवालाई बद्नाम गराउनु पर्छ र सबै दोष देउवालाई नै थोर्पनुपर्छ । निश्चय पनि यो समग्र पार्टीको लापग राम्रो होइन । जनता र कार्यकर्ताले रूचाएको छैन । त्यसकारण अहिले वास्तवमै यो हाम्रो समस्या रहेको छ । अहिले सरकार अधिनायकवादतिर अगाडि बढिरहेको छ, केपी ओली जो अहिले एकलौटी कम्युनिष्ट शासन चलाईरहेका छन्, सत्तादेखि लिएर हरेक कुराहरू आफ्नो मातहतमा चलाईरहेका छन् । जसलाई रोक्न नेपाली कांग्रेसमात्र सक्छ । अरू कुनै पार्टीले सक्दैन । देशलाई अधिनायकवाद वा कम्युनिष्ट अधिनायकवादतर्फ केपी ओली र प्रचण्डले लैजान खोज्दैछन् त्यसलाई नेपाली कांग्रेसले मात्र रोक्न सक्छ । अहिले त्यता रोक्नु भन्दा आफ्नै पार्टीका नेताहरूलाई विभिन्न कुरा गरेर कमजोर बनाउन कही साथीहरू लागेका छन् । त्यसलाई कांग्रेसकै कार्यकर्ता, बुद्धिजीविहरूले रूचाएका छैनन् । यसले पार्टीलाई फाइदा गर्दैन ।

गुटको राजनीति पहिले पनि भएको हो । गुटको राजनीतिलाई आन्तारिक लोकतन्त्र, गणतन्त्रको नाम दिएर अगाडि बढिरहेका छन । तर त्यहाँ के हुन्छ भने लोकतान्त्रिक पद्दति हुनु राम्रो हो पनि हामीले भन्यौं । तर आन्तारिक लोकतन्त्रलाई केही साथीहरूले अहिले दुरूपयोग गर्दैछन् । जितिसकेको सभापतिलाई सबैले सहयोग गर्ने वा नेपाली कांग्रेसभित्र जो जिते पनि सामूहिक नेतृत्वमा चलेको पार्टी हो । जस्तै शेरबहादुर देउवाले जितेपनि पार्टीभित्र सबैलाई मिलाएर लैजानुभयो । तर कोही साथीहरूलाई गुट-उपगुट भएन भने खाना नै पच्दैन, गुटकै कारण नेता भएको छ । उसलाई थाहा छ गुट भएन भने उ बाँच्नै सक्दैन । पार्टीलाई एकताबद्ध हुन नदिनको लागि गुटको नाम दिएर राजनीति सुरू गरिएको छ । पहिले पनि गुट भएता पनि पार्टीलाई कमजोर बनाउने, नेतालाई कमजोर बनाउने अभिव्यक्तिहरू आउँदैनथ्यो । गुटबन्दीमा लागेर पार्टीलाई कमजोर बनाउने साथीहरूलाई पनि अहिले सभापतिले मिलाउने प्रयास गरिरहनु भएको छ ।

नेपालमा लामो संघर्षपछि, सशस्त्र द्वन्दपछि, शान्तिपूर्ण जनआन्दोलनपछि, दुईवटा संविधान सभापछि हामीले भर्खर संविधान बनाएको हौं । संघीय लोकतन्त्र गणतन्त्रात्मक संविधानमा दलहरू खोल्ने स्वतन्त्रता छ । प्रत्यक्ष बालिग मताधिकारबाट संसदको चुनाव हुन्छ । संसदबाट प्रधानमन्त्रीको चुनाव हुन्छ । केन्दीय र प्रदेश संसदबाट राष्ट्रपतिको चुनाव हुन्छ । पहिलो चुनाव मात्र सकिएको छ । हामी संविधान कार्यान्वयनतर्फ लागेका छौं । अहिले प्रचण्ड कार्यकारी राष्ट्रपतिको व्यवस्था गर्छौं भनिरहँदा यो कतातिर गइरहेको छ । केपी ओलीले सारा शक्ति एक ठाउँमा थुपारिरहनु भएको छ । मन्त्रीहरू नियुक्त भएको दुई महिना पनि नहुँदै अर्बौंको भ्रष्टचारको कुरा आईरहेको छ । यसले के देखाउँछ भने देशलाई कम्युनिष्टहरूले वैधानिक तवरबाट माओवादीले सशस्त्र जनयुद्ध गरेर देशमा कम्युनिस्ट शासन लागु गर्न त सकेन । अब संविधानले नै दिएको अधिकारबाट जनतालाई भ्रममा पारेर, जनताबाट नै चुनाव जिते तर नेपाली जनतालाई थाहा छ, नेपाली जनता प्रजातन्त्रभन्दा बाहिर जादैन । जनतालाई भ्रममा पारेर संसदबाट दुई तिहाईबाट संविधान संशोधन गरेर कम्युनिस्ट अधिनायकवाद लाद्ने जुन कुरा भइरहेको छ त्यो भ्रम हो र ?

जनताहरू पनि कहिले काँही भ्रममा पर्छन् । हामीले ३० वर्ष पञ्चायत व्यवस्था राजाले लाद्दा पनि हामीले भन्यौं, यो गलत व्यवस्था हो । गलत व्यवस्थाबाट देश विकास हुन सक्दैन । जबसम्म जनताको मौलिक अधिकार जनतालाई प्राप्त हुँदैन तबसम्म जनता नागरिक हुन सक्दैन । हामीसँगै भएका देशहरू अहिले कहाँ पुगिसके । हामीलाई भने पञ्चायत व्यवस्था हटाउन नै समय लाग्यो । अहिले कम्युनिष्टमा एमाले र माओवादी मिलेर राष्ट्रवादको नाममा नेपाली जनतालाई भ्रममा पार्दैछन् । निर्वाचनको समयमा पहाडमा गएर मधेश र मधेशी जनतालाई गाली गरेर पहाडमा मत ल्याएको होइन ? हाम्रै दलमा दोधारको अवस्था सिर्जना भइसकेको थियो कि केपी ओली राष्ट्रवादी हो कि होइन भनेर र तर अहिले उपेन्द्र यादवलाई सरकारमा ल्याउनेदेखि लिएर, झुटो आश्वासन देखाएर, अहिले त्यही मधेशी दलहरूसँग साँठगाँठ गरेर सरकारमा ल्यायो । मधेशवादी दल केपी ओलीलाई मधेश पस्न दिदैनौं भन्ने अहिले सरकारमा छ । तर पनि संविधान संशोधन त हुन सकेको छैन नि । मधेशी जनताले अधिकार पाउन त सकेका छैनन् । त्यसकारण भ्रममा पारेर सरकारमा आउन सक्छ तर समय सधैं एकैनास हुँदैन ।

**(नेपाली काँग्रेसका केन्द्रीय सदस्य यादवसँग गरिएको कुराकानीको आधारमा)**

## संक्षिप्त समाचार

### नयाँ शक्तिका सयौं नेता कार्यकर्ता राजपामा

जनकपुरधाम । पूर्वराज्यमन्त्री एवं नयाँ शक्ति पार्टी नेपालका नेता अरविन्द साहको नेतृत्वमा सयौं नेता कार्यकर्ता राष्ट्रिय जनता पार्टी नेपालमा प्रवेश गरेका छन् । नयाा शक्तिका प्रदेश २ का इन्चार्जसमेत रहेका साहको नेतृत्वमा राम उदितराम, किरन झा, सबनम खातुन लगायत सयौं नेता तथा कार्यकर्ता राजपामा प्रवेश गरेका छन् । शनिबार जनकपुरधाममा आयोजित पार्टी प्रवेश कार्यक्रममा राजपाका अध्यक्षमण्डलका नेता राजेन्द्र महतोले नवप्रवेशीहरूलाई माला र अबीर लगाई सदस्यता प्रदान गरेका छन् ।

### "राष्ट्रपति पद्धतिले निरंकुशता ल्याउँछ"

विराटनगर । नेपाली कांग्रेसका नेता अर्जुननरसिंह केसीले राष्ट्रपति पद्धतिले निरंशुकता ल्याउने दाबी गरेका छन् । उनले राष्ट्रपति पद्धतिमा शक्ति एक स्थानमा केन्द्रित हुने भएकोले निरंकुशता आउने दाबी गरे । नेपाल प्रेस युनियन मोरङले आइतबार विराटनगरमा आयोजना गरेको पत्रकार सम्मेलनमा नेता केसीले संसदीय पद्धति नै नेपालका लागि उपयुक्त हुने बताए । उनले संसदीय पद्धति नै लोकतान्त्रिक समावेशी भएकोले यो नै नेपालका लागि उपयुक्त हुने दाबी गरेका छन् । उनले कांग्रेसको वर्तमान नेतृत्व सामन्ती र सर्वसत्तावादी सोचबाट अगाडि बढेको आरोपसमेत लगाए । साथै उनले महाधिवेशन गराउने कार्यमा तत्काल अगाडि बढ्नुपर्नेमा जोड दिए ।

### डलरमा धर्म बिक्री गरियो : पटेल

वीरगंज । हिन्दू परिषद नेपालका केन्द्रीय अध्यक्ष सन्तोष पटेलले संविधानमा लेखिएको 'धर्म निरपेक्ष' वाक्यांसलाई केही नेताहरूले करोडौं डलरमा बिक्री गरेको आरोप लगाएका छन् । भारतीय मीडियाहरूसँग कुराकानी गर्दे पटेलले भने गरिबी, अशिक्षा र असमानताको नारा भजाएर नेपालमा क्रिस्चियन मिसिनरी र कम्युनिष्टहरू हावी हुँदै आएको जिकिर पनि गरे । पटेलले धार्मिक एवं सामाजिक कार्यमा अग्रसर हुन सम्पूर्ण हिन्दूहरूलाई आग्रह गर्दै समृद्ध समाज निर्माणका लागि सामाजिक विकृत्तिलाई समेत निर्मुल पार्न आ–आफ्नो तर्फबाट नेतृत्वदायी भूमिका निर्वाह गर्न सुझाव दिएका थिए । गैरहिन्दू रास्ट्रहरूको चलखेल अहिले नेपालमा बढेको र हिन्दूहरूको आस्था माथी खेलवाडको घटना बढेको छ । समयमा सरकार गम्भीर भएन भने देशमा धार्मिक द्वन्द हुने बताए ।

### घुससहित सहायक वन अधिकृत पक्राउ

कपिलवस्तु । ईलाका वन कार्यालय जवाबैराठ कपिलवस्तुका सहायक वन अधिकृत ब्रह्मदेव महतो तीन लाख घुस रकमसहित पक्राउ परेका छन् । विशेष सूचनाको आधारमा महतोलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोग वुटवलले डेराबाट पक्राउ गरेको हो । गुलीया कटौती निकासी अनुमतिका नाममा उनले तीन लाख रकम घुस लिएको अख्तियारले जनाएको छ । उनी विरूद्ध थप अनुसन्धान भइरहेकाले अनुसन्धान पश्चात विशेष अदालतमा मुद्दा चलाइने अख्तियार दुरूपयोग अनुसन्धान आयोग बुटवलका प्रहरी सहायक उपरीक्षक रामप्रकाश साह जनाएको छ ।

### "मधेशी दलको भूमिका अपेक्षाकृत भएन"

जनकपुरधाम । नेपाली कांग्रेसका नेता बालकृष्ण खाँणले मधेशकेन्द्रित दलको भूमिका अपेक्षाकृत नभएको बताएका छन् । उनले मधेशकेन्द्रित दलको जुन किसिमको भूमिका हुनुपर्ने थियो त्यसअनुरूप नभई सत्ताकेन्द्रित देखिएको बताए । जनकपुरधाममा सोमबार आयोजित पत्रकार नेता खाँणले संविधान संशोधनमार्फत मधेशको मागलाई सम्बोधन गर्नु आवश्यक रहेको त्यसतर्फ मधेशकेन्द्रित दल नै गम्भीर नरहेको जिकिर गरे । उनले संविधान संशोधनमा मधेश केन्द्रित दलको भूमिका अपेक्षाकृत नभएको बताउँदै नेता खाँडले सङ्घीयता र लोकतन्त्रलाई बलियो पार्नेतर्फ सबैको ध्यान केन्द्रित हुनु आवश्यक रहेको बताए ।

### टेन्सबर्ग बियर पिउनु हानिकारक

भैरहवा । नेपाली बजारमा आएको टेन्सबर्ग बियर पिउनु हानिकारक भएको पाइएको छ । क्षेत्रीय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय भैरहवाले गरेको गुणस्तर चेकजाँचका क्रममा बियर पिउनु हानिकारक भएको प्रमाणित भएको हो । बियरको बोटल भित्र अखाद्य बस्तु भेटिनुका साथै अलकोहलको मात्रामा समेत कमि देखिए पछि यसको रहस्य बाहिर आएको छ । बियरमा फोहोर र गुणस्तरहीन प्रमाणित भएपछि खाद्यले जिल्ला प्रशासन कार्यालय रूपन्देहीलाई समेत कार्बाहीका लागी पत्राचार गरेको क्षेत्रीय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय भैरहवाका प्रमुख हस्त बहादुर राईले जानकारी दिए ।

### बिन्दावसिनीमाईमा बृहद सरसफाई

वीरगन्ज । हिन्दू परिषद् नेपाल बहुदरमाई नगर कमिटीद्वारा शनिबार वीरगन्ज महानगरपालिका वडा नं. १९ मा रहेको ऐतिहासिक एवम प्रसिद्ध बिन्दावसिनीमाई मन्दिरमा बृहद सरसफाई गरिएको छ । सरसफाई कार्यक्रममा धार्मिक एवम् सामाजिक कार्यमा योगदान पूर्याएका वडा अध्यक्ष संतोष तिवारी, मंदिरका पूजारी पुरूषोत्तम उपाध्याय, दिनेश साह, सामाजिक अगुवा उपेन्द्र राय, नन्दकिशोर राम, वाशुदेव राउत, महथ हजरा, फूलेश्री हजरालाई सम्मान गरिएको थियो ।

### दुर्घटनामा प्रहरी जवानको मृत्यु

रौतहट । रौतहटमा ट्रक र मोटरसाइकल एक आपसमा ठक्कर खाँदा एक प्रहरी जवानको मृत्यु भएको छ । चन्द्रपुर नगरपालिका-४ स्थित पूर्व-पश्चिम राजमार्गमा ना.५ ख ६१४२ नम्बरको ट्रक र ना. ४६ प २९८२ नम्बरको मोटरसाइकल मंगलबार एक आपसमा ठोक्किएको थियो । मोटरसाइकल चालक मकवानपुर हेटौंडा उपमहानगरपालिका-११ नवलपुर घर भई धनुषा नक्टाझिज बेश क्याम्पमा कार्यरत सशस्त्र प्रहरी जवान २९ वर्षीय राजेन्द्र न्यौपाने र चितवन भरतपुर महानगरपालिका-१० घर भई सोही बेश क्याम्पमा कार्यरत सशस्त्र प्रहरी जवान २६ वर्षीय बिशाल कुमार प्रजा घाइते भएका थिए । उपचारको लागि चपुर स्थित चपुर अस्पतालमा पठाएकोमा राजेन्द्र न्यौपानेको उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । ट्रक र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### ट्रिपरको ठक्करबाट महिलाको मृत्यु

कैलाली । कैलालीमा ट्रिपरले मोटरसाइकललाई ठक्कर दिँदा एक महिलाको मृत्यु भएको छ । धनगढी उपमहानगरपालीका-४ भगवती टोलमा से.१ क ८३८ नम्बरको ट्रिपरले म.१ प ३३८० नम्बरको मोटरसाइकललाई मंगलबार ठक्कर दिँदा मोटरसाइकलमा सवार चालककी श्रीमती ४९ वर्षीया पार्वती अवस्थीको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा मोटरसाइकल चालक समेत घाइते भएकोले उपचारको लागि अंचल अस्पताल सेतीमा लगिएको छ । ट्रिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### पाकिस्तानी आर्म्ड फोर्सेजका अध्यक्षद्वारा सिन्धुलीगढी भ्रमण

काठमाडौं । प्रधानसेनापति राजेन्द्र क्षत्रीको औपचारिक निमन्त्रणामा नेपाल भ्रमणमा रहेका पाकिस्तानी आर्म्ड फोर्सेजका अध्यक्ष जनरल जुबैर महमूद हयातले बुधबार पाँचखालस्थित वीरेन्द्र शान्ति कार्य तालिम केन्द्र र ऐतिहासिक सिन्धुलीगढीको भ्रमण गरेका छन् । भ्रमण कै क्रममा उनले मंगलबार राष्ट्रपति विद्यादेवी भण्डारीलाई राष्ट्रपति भवन शितल निवासमा र कार्यवाहक प्रधानमन्त्री ईश्वर पोखरेललाई रक्षा मन्त्रालयमा छुट्टाछुटै भेटवार्तासमेत गरेका थिए ।

### इफ्तार र ईदको शुभकामना

कपिलवस्तु । मधेशीहरूको छाता संगठन गैरआवासीय मधेशी संघ (एनआरएमए) ले मधेशी मुस्लिम बाहुल्य क्षेत्रहरूमा इफ्तार अर्थात दिनभरिको रोजा पश्चात् शुक्रबार सांझ सूर्यअस्त पछिको सामूहिक भोजनमा सरिक भई उनीहरूसँग भलाकुसारी साटासाट गरि मधेशी मुस्लिमहरूको अवस्था र विदेशमा भोगिरहेका समस्याको विषयमा छलफल गरेको छ । इफ्तारमा पानी, खजुर र छुहरालाई विशेष प्राथमिकतामा राखिन्छ । कपिलवस्तु जिल्लामा सभाको आयोजना गरी ईदुलफित्रको शुभकामना साटासाट गरिएको छ । कार्यक्रमको प्रमुख अतिथि जासर यादव र अतिथिहरूमा भोपेन्द्र प्रसाद यादव, हकिकउल्ला खानलगायत थिए । कार्यक्रमको आयोजन बुद्धि रामले गरेका थिए । कार्यक्रम स्थलमा एकछिन प्रहरी प्रशासनले अवरोधसमेत गरेको थियो तर स्थानीयहरूको जनदबाबले अन्ततः प्रहरी निरीक्षकको कमान्ड र सशस्त्र प्रहरीका जवानहरू पछि हट्न बाध्य भएका थिए ।






लोक सेवा आयोगको दृढ अठोट, स्वच्छ, निष्पक्ष र प्रतिस्पर्धात्मक छनोट

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

# विकासको नाममा वन विनाश गर्ने क्रम बढेको छ



भुवन गिरी
अध्यक्ष, प्रकृति मानव केन्द्रित जनआन्दोलन

**० यो तपाईको प्रकृति मानव केन्द्रित जनआन्दोलन संस्था छ, खासमा यो के हो ?**

– यो संस्था लगभग सन् २००२ तिर नेपाल र भारतका सामाजिक चिन्तकहरूको संयुक्त प्रयासबाट विश्वमा भैरहेको वातावरण सम्बन्धी समस्याहरूबाट जुन संकट आइरहेको छ, त्यसबाट जनताहरूलाई जागरण गराउनका लागि नयाँ मार्गदर्शन दिएर स्थापना भएको संस्था हो । यसले नेपाल, भारतसहित सार्क देशहरूमा आफ्नो संगठन विस्तार गरिसकेको छ । अहिले जुन किसिमबाट वातावरणीय समस्या देखिरहेको छ त्यो भन्दा बेग्लै मान्यता राखेर अगाडि बढ्नुपर्छ भनेर त्यससम्बन्धी कामहरू गर्दै आइरहेको छ ।

**० यसको संगठन सार्क राष्ट्रहरूमा छन् ?**

– हो, अहिले यो संस्था सार्क राष्ट्रहरूमा छ । विस्तारै अन्य देशहरूमा पनि विस्तार गरिनेछ । किनभने यो समस्या पूरै विश्वको नै हो ।

**० अहिलेसम्म के-के कामहरू गर्नुभयो ?**

– अहिलेसम्म प्रकृतिलाई विनाश गर्ने तत्वहरू के-के हुन् त्यसको बारेमा कतिपयलाई जानकारी छैन । त्यसलाई सबै नागरिकसमक्ष पुऱ्याउनका लागि हामी सक्षम छौं । जसका लागि हामीले गोष्ठि, सेमिनार, विभिन्न किसिमका समिति गठन जस्ता कार्यहरू गरिरहेका छौं ।

**० तपाईहरूले जुन अभियान चलाउनुभएको छ, त्यसलाई जनताले कत्तिको बुझेका छन् ?**

– जनतालाई बुझाउन कठिनाई नै महशुस भएको छ । किनभने जतिपनि अहिले राजनीतिक परिवर्तन देखिएको छ त्यसले नै जनतालाई अलमलमा पारिरहेको छ । राजनीतिले जनतालाई सामाजिक काममा भन्दा पनि पार्टीकै बारेमा अल्मल्याउने प्रवृत्ति बढिरहेको अवस्थामा जनता यसप्रति हामीले सोचेजति जागरूक हुन सकेका छैनन् । यो एउटा दुःखको कुरा हो । अबका दिनमा भने यस संगठनलाई जनप्रतिनिधिकै माध्यमबाट केन्द्रबाट नगरपालिका/गाउँपालिकासम्म पुऱ्याउने लक्ष्य रहेको छ ।

**० यसबाट सन्देश के दिन खोज्नुभएको छ ?**

– विश्वव्यापी रूपमा भैरहेको वातावरण प्रदुषणबाट गरिब देशका जनता मात्र होइन धनी देशका जनता पनि त्यसबाट छुट्कारा पाउन सक्दैनन् । अब सबैले प्रकृति मानव केन्द्रित सोचबाट अघि बढ्नुपर्छ भन्ने हाम्रो भनाई हो । मान्छे धनको पछि लाग्दा-लाग्दा त्यसले हाम्रो विनाशतर्फ लगिसक्यो । वैज्ञानिकहरूको भनाई के छ भने अबको १०/२० वर्षभित्रमा जनता आफूले पहल गरेन र यो समस्या समाधान तर्फ लगेन भने त्यसपछि यो समस्याको समाधान गर्नै सकिन्न । त्यति बिग्रिसकेको हुन्छ । यसको समाधानका लागि सबैतिरबाट लागेर पहल गर्नुपर्छ भन्ने हाम्रो सन्देश रहेको छ ।

> अहिलेसम्म कति सरकार आए गए, तर पनि चुरे क्षेत्रका वनहरू मासिएको मासियै छन् । बाढी पहिरोको क्रम विगतमा भन्दा पनि धेरै भइरहेका छन् ।

**० यसमा नेपालको अवस्था कस्तो पाउनुहुन्छ ?**

– विकसित देशहरूको तुलनामा हाम्रो समस्या एकदम नगण्य छ । सन् २००५ को सर्वेक्षणले पनि अमेरिका जस्तो विकसित देशले धेरै वातावरण प्रदुषण गरेको पाइएको थियो भने नेपाल जस्तो साना देशहरूले कम प्रदुषण गरेको देखिएको थियो । नेपालजस्ता देशले प्रदुषण कम गरेपनि यसको रोकथाममा भने हामीले बढी नै योगदान दिइरहेका छौं । बनजंगलहरू हाम्रो देशमा धेरै छ । तर आजभोली विकासको नाममा बन विनाश गर्ने क्रम बढेको छ । चुरे बनहरू फडानी हुँदै गैरहेका छन् त्यसकारण पनि यहाँ पनि जटिल छ । धनी देशहरूले उद्योगधन्दाहरू धेरै खोल्नभन्दा पनि अविकसित देशहरूलाई सहयोग गरेर तिनिहरूलाई विकास गर्न मद्दत पुऱ्याउनुपर्छ भन्ने हाम्रो मान्यता हो ।

**० अमेरिका जस्तो धेरै प्रदुषण गर्ने राष्ट्रहरूका लागि तपाईहरूको यो अभियान पुऱ्याउन के गर्नुहुन्छ ?**

– अहिले सार्क राष्ट्रमा विस्तार भएको हाम्रो संगठनलाई यूरोप, अमेरिकातिर पनि विस्तार गर्दै लैजाने छौं । त्यसमा पहिले जसले अलिकति भएपनि कुरा बुझेको छ त्यो समुदायलाई संगठित गर्ने र तिनिहरूबाट नै अन्य संगठनहरू विस्तार गर्दै लैजाने छौं ।

**० नेपालमा कुन किसिमले प्रकृति प्रदुषण हुँदैछ ?**

– अन्य देशहरूको तुलनामा त नेपालमा कम नै प्रदुषण हुन्छ । विशेषगरी नेपालमा उद्योगहरूबाट निस्कने धुँवाको कारण प्रदुषण हुन्छ । अर्को खोलानालाहरूमा प्लाष्टिकजन्य फोहोर र ढल फाल्ने गरेकोले पनि प्रदुषण भएको छ । हाम्रो देशमा भएका प्रदुषणले भने जनताको जनजीवनलाई प्रत्यक्ष असर गर्ने प्रदुषण धेरै भैरहेको छ ।

**० प्राकृतिक प्रकोपहरू पनि तपाईको संगठनभित्र पर्दछ ?**

– प्राकृतिक प्रकोपहरूमा पनि भुकम्पबाहेक अन्य बाढि, पहिरो भने मानविय कार्यका कारण नै हुने गर्छ भन्ने कुरामा हामी सहमत हुँदै गएका छौं ।

**० वर्षेनी प्राकृतिक प्रकोपबाट लाखौंको धनजनको क्षति हुने गरेको छ, यसलाई न्यूनीकरणका लागि सरकारले कत्तिको ध्यान दिएको छ जस्तो लाग्छ तपाईलाई ?**

– बाढी पहिरोको प्रकोपबाट विभिन्न जिल्लाहरूमा अझ विशेष गरी तराई मधेशमा बढी क्षति पुगेको छ भन्ने कुरा सहि नै हो । तर पनि सरकारी क्षेत्रबाट जति पनि गरिएको छ त्यो बालुवामा पानि खन्याएजस्तै कुनै रूपमा बजेट आउँछ त्यो आर्थिक वर्षको अन्त्यमा खर्च गरी सक्ने र कामहरू पनि स्थायी रूपमा गरेको देखिदैन । अहिलेसम्म कति सरकार आए गए तरपनि चुरे क्षेत्रका वनहरू मासिएको मासियै छन् । बाढी पहिरोको क्रम विगतमा भन्दा पनि धेरै भैरहेको छ । विशेष गरी बहुमतले बनेको अहिलेको सरकारले प्राकृतिक प्रकोपलाई न्यूनिकरण गर्ने खालका कामहरू गरोस् भन्ने हाम्रो पनि शुभकामना छ ।

## भारतीय सहयोगको रेल यसैवर्ष गुड्ने

काठमाडौं । भारत सरकारको सहयोगमा सञ्चालित जनकपुर रेल्वे विस्तार तथा स्तरोन्नति परियोजनाको काम अन्तिम चरणमा छ । १० अर्बभन्दा बढीको यो परियोजनासन् २०१८ भित्र सम्पन्न हुने छ ।जयनगर (भारत)-जनकपुर-कुर्था (३५ किलोमिटर), कुर्था-भंगहा (१७ किलोमिटर) तथा भंगहा-बर्दीवास (१७ किलोमिटर) गरी कुल ६९ किलोमिटर लामो रेल विस्तार तथा स्तरोन्नति परियोजना तीन चरणमा पूरा भइरहेको नेपाल रेल्वे कम्पनीका इन्जिनियर विनोद ओझाले जानकारी दिए । प्रथम चरणमा जयनगरदेखि कुर्थासम्मको ३५ किलोमिटरको निर्माण लगभग पूरा भइसकेको छ । ३५ किमिमध्ये ३० किमिमा फलामे रेललिक समेत जडान भइसकेको छ । स्टेशनभवन, कर्मचारी आवास, प्लेटफर्मसँगै रेल लिकमा माटो पुर्ने, बोल्डर पुर्ने तथा फलामे लिक जडान गर्ने काम पनि लगभग पूरा भएको छ । इन्जिनियर ओझा यस रूटमा सन् २०१८ को अन्त्यसम्म रेल सेवा सञ्चालन भइसक्ने बताए ।दोस्रो चरणको कुर्थादेखि भंगहासम्मको रूटमा समेत धमाधम काम भइरहेको छ । यस्तै, रेल्वे स्टेशन, प्लेटफार्म, कर्मचारी आवासलगायतको भौतिक संरचना पनि द्रुत गतिमा भइरहेको छ । तेस्रो चरणको भंगहादेखि बर्दीवासको रेल लिक निर्माण गर्न जग्गा अधिग्रहण गर्नुपर्ने भएकाले यो काम भने ढिला भएको छ ।

## मोदीद्वारा मुक्तिनाथको प्रचार

काठमाडौं । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालको मुक्तिनाथको प्रचार गरेका छन् । मोदीले अन्तर्राष्ट्रिय योगा दिवसको अवसरमा मुस्ताङको मुक्तिनाथ मन्दिर अगाडि योगा गरेको फोटो राखेर प्रचार गरेका हुन् । उनले मुक्तिनाथ मन्दिर अगाडि गरिएको योग अभ्यासको तस्वीर ट्वीटरमार्फत् सार्वजनिक गरेका हुन् । २१ जुनमा विश्व योग दिवस र संगीत दिवस मनाउने गरिन्छ । यसैबीच, नेपालस्थित भारतीय दूताबासले मुस्ताङको मुक्तिनाथमा योगा क्याम्प सञ्चालन गरेको छ । चौथो अन्तर्राष्ट्रिय योगा दिवसको अवसरमा दूताबासले १२ हजार ५०० फिट उचाईमा अवस्थित मुक्तिनाथ मन्दिर परिसरमै योगा क्याम्प सञ्चालन गरेको हो । योगा क्याम्पमा त्यहाँका भिक्षुका साथै स्थानीयको उल्लेख्य संख्यामा सहभागिता रहेको दूतावासले जनाएको छ । भारतीय प्रधानमन्त्री मोदीले मुक्तिनाथ भ्रमण गरेर फर्किएको एक महिनापछि भारतीय दूताबासले योगा क्याम्प सञ्चालन गरेको हो । यसैबीच मोदीको भ्रमणपछि मुक्तिनाथ दर्शन गर्ने भारतीय पर्यटकको संख्यामा समेत बृद्धि भएको बताइएको छ । प्रसिद्ध धार्मिक पर्यटकीयस्थल मुस्ताङको मुक्तिनाथ घुम्ने विदेशी पर्यटकमा सबैभन्दा बढी भारतीय छन् ।

## भाले भारतलाई दिइने

काठमाडौं । ललितपुरको जावलाखेलमा रहेको चिडियाखानामा रहेको एउटा भाले भारतलाई दिइने भएको छ । सरकारले सदर चिडियाखाना जावालखेलमा रहेको एउटा भाले भारतलाई दिने निर्णय गरेको सरकारका प्रवक्ता तथा सूचना तथा सञ्चार प्रविधि मन्त्री गोकुल बाँस्कोटाले बताए । जो साइटिस सन्धि अन्तर्गत रहेको भाले भारत सरकारलाई नै फर्काउने निर्णय भएको उनले बताए । खतरामा परेका वन्यजन्तु तथा वनस्पतीको अन्तर्राष्ट्रिय सन्धि साइटिस सन् १९७५ जुलाई १ देखि लागू भएको हो । सन्धिमा नेपाल र भारत दुवैको हस्ताक्षर छ । सन्धि बमोजिम जुन देशको वन्यजन्तु हो त्यही देशमा फर्काउनु पर्ने प्रावधान छ ।

## दुईतर्फी एयर रूट दिन सहमति

काठमाडौं । जनकपुर र विरानगरबाट दुईतर्फी एयर रूटका लागि नेपाल र भारतबीच सहमति भएको छ । शनिबार नागरिक उड्ययन प्राधिकरण र एयरपोर्ट अथोरिटी अफ इन्डियाबीच नयाँ हवाई रूटसम्बन्धी सहमतिपत्रमा हस्ताक्षर भएको हो । सहमतिपत्रअनुसार अन्तराष्ट्रिय उडानका लागि काठामडौं-विराटनगर र काठमाडौं-जनकपुर हवाई रूटलाई दुईतर्फी बनाइनेछ । बिहीवार र शुक्रवार दुईपक्षबीच नेपाललाई नयाँ हवाई रूटहरू दिनेबारे वार्ता भएको थियो । अब अन्तराष्ट्रिय उडान भर्ने विमानले जनकपुर विराटनगरबाट पनि प्रवेश विन्दु प्रयोग गर्न सक्नेछन् । दुबै पक्षले सुरक्षा मूल्यांकन गरेर नयाँ हवाई रूटको प्रयोग थालिने जनाइएको छ ।

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
राष्ट्रिय युवा परिषद्
जिल्ला युवा समितिको कार्यालय, धनुषा
कदम चौक, जनकपुरधाम
सम्पर्क नं. : ०४१-४२०१५३

**युवा उद्यमका लागि प्रमाणपत्रका आधारमा ऋण सहयोग कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

(पहिलोपटक प्रकाशित मिति २०७५/०३/०८ गते)

राष्ट्रिय युवा परिषद्को आ.व. २०७४/०७५ को वार्षिक कार्यक्रमअनुसार १६ देखि ४० वर्ष उमेर समूहका युवा तथा युवा समूहका लागि शिक्षामा स्नातक तह वा सोभन्दा माथि र प्राविधिक शिक्षामा प्राविधिक डिप्लोमा वा सोभन्दा माथिको तह उत्तीर्ण प्रमाणपत्रका आधारमा रू. २,००,०००।- (दुई लाख रूपैयाँ मात्र) ऋण सहयोग कार्यक्रम रहेकोले इच्छुक युवा तथा युवा समूहले यो सूचना प्रकाशित भएको मितिले सात दिनभित्र (१४ गतेभित्र) यस जिल्ला युवा समितिको कार्यालय, धनुषामा तोकिएको निवेदनको ढाँचामा व्यावसायिक योजना Business Plan सहितको निवेदन दिनु हुन । यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीका लागि राष्ट्रिय युवा परिषद्को वेवसाइट www.nyc.gov.np हेर्नुहुन यस जिल्ला युवा समितिको कार्यालय, धनुषा कदमचौक जनकपुरधाम (माउण्ट एभरेष्ट बो.ई.को छेउमा) वा यस कार्यालयको सम्पर्क नं. ०४१-४२०१५३ मा सम्पर्क राख्न अनुरोध गरिन्छ ।

**निवेदन साथ संलग्न हुनुपर्ने कागजात :**

१. नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि
२. शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि
३. चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
४. लक्षित समूह खुल्ने प्रमाणपत्रको प्रतिलिपि
५. पछिल्लो पटक अध्ययन गरेको शिक्षण संस्थाको सिफारिस
६. निवेदन साथ निर्देशिकामा संलग्न व्यावसायिक योजना Business Plan पेश गर्नु पर्नेछ । सोको ढाँचा परिषद्को वेवसाइटबाट डाउनलोड गर्न सकिन्छ ।
७. उद्यम सञ्चालन हुने स्थानीय तहको सिफारिस
८. समूहमा उद्यम सञ्चालन गर्ने भए संस्था दर्ता, नवीकरण, प्रबन्धपत्र र नियमावलीका प्रमाणित प्रतिलिपि

**शशि कुमार यादव**
कार्यालय प्रमुख
जिल्ला युवा समितिको कार्यालय, धनुषा

**संजीव कुमार सुरज**
अध्यक्ष
जिल्ला युवा समितिको कार्यालय, धनुषा

## जिल्ला समाचार

### इस्लाम धर्मावलम्बीहरूले मनाए इदुलफित्र

नेपालगन्ज । इस्लाम धर्मावालम्बीहरूको पवित्र महिना रमजानको अन्तिम दिन नेपालगञ्जमा इस्लाम धर्मावलम्बीहरूले शनिबार धुमधामका साथ इदुलफित्र (ईद) मनाएका छन् । विपी चौकमा रहेको ईदगाहमा हजारौं ईस्लाम धर्मावलम्बीहरूले एकसाथ नमाज पढ्दै मुलुकमा स्थायी शान्ति तथा अमनचयन र समृद्धिको कामना गरेको मुस्लिम धर्मगुरू मौलाना जब्बार मञ्जरीले बताए । नमाज पढ्नका लागि ईदगाहमा नअटाएपछि विपी चौक र घरका छतछतबाट पनि ईस्लाम धर्मावलम्बीहरूले नमाज पढेका छन् । नेपाल सरकारका शहरी विकासमन्त्री मो. ईस्तियाक राई सामूहिक नमाजमा सहभागी भएका थिए । ईदको नमाज पढ्न बालकदेखि वृद्धसम्म सहभागी भएका थिए । ईदको शुभकामना आदानप्रदानका लागि गैर ईस्लाम धर्मावलम्बीहरू समेत ईदगाहमा पुगेर गला मिलाएर ईद मुबारकको कामना गरेका छन् । हिजरी सम्वतको ८ औं महिना रजबुल मुरज्जबको समाप्तीको भोलीपल्टदेखि रमजानुल मुबारकको महिना शुरू हुन्छ । अन्तिम दिन ईदको रूपमा मनाईन्छ । रमजानको महिनामा इस्लाम धर्मावलम्वीहरू बिहान सुर्य उदाएपछि देखि सुर्यास्त नहुँदासम्म प्रत्येक दिन एक महिनासम्म केही नखाइकन व्रत बस्ने गर्छन् । हिजरी सम्वतको १२ महिना मध्ये रमजानुल मुबारकु पवित्र र एवादत (उपासना) गर्ने महिना समेत हो । रमजान महिनामा दिनभरीको रोजा समाप्त गर्ने बेलामा सामूहिक रूपमा बसेर खाने प्रचलन रहेको छ ।

### महावाणिज्य दूतावासद्वारा योग शिविर

वीरगंज । भारतिय महावाण्ज्यि दूतावास वीरगंजद्वारा आयोजित चौथो अन्तर्राष्ट्रिय योग दिवस २०१८ वीरगंजको उद्योग वाण्ज्यि संघको सभाहलमा सम्पन्न भएको छ । चौथो अन्तर्राष्ट्रिय योग दिवस २०१८ को योग शिविर देशका विभिन्न स्थानहरूमा सञ्चालन भइरहेको छ । योगबाट निरोग रहनु भन्ने नाराका साथ योग प्रशिक्षण वीरगंज उद्योग वाणिज्य संघको सभाहलमा गराइएको थियो । योग प्रशिक्षणमा महिला, पुरूष तथा बालबालिकाहरूको पनि सहभागीता रहेको थियो । प्रत्येक वर्ष भारतीय महावाणिज्य दूतावास काठमाण्डौ र वीरगंजले चरणबद्ध रूपमा मुलुकका विभिन्न सहरहरूमा गराउने क्रममा विरगंजमा पनि गरिएको छ । कार्यक्रममा भारतीय महावाण्ज्यि दुतावास वीरगंजका महावाण्ज्यिदूत बि.सि. प्रधान, उप-महावाणिज्य दूत रमेश प्रसाद चतुर्वेदी, वाणिज्यदूत बि.सुरेश कुमार, एम.कोट्रा स्वामी, उद्योग वाण्ज्यि संघ वीरगंज अध्यक्ष ओमप्रकाश शर्मा, योग गुरू पि.पि. कृष्ण्ण, जिल्ला प्रहरी पर्साका प्रहरी उपरीक्षक रेवती ढकाल र भारतीय टेलिभिजन दुरदर्शनका रंगोली पाण्डे, अर्विन्द सिंह, डि.के अजाद लगायतको उपस्थिति रहेको थियो ।

### बजेट नदिँदा प्रदेश सरकारको आलोचना

राकेश यादव, रौतहट । प्रदेश २ का सरकारले सार्वजनिक गरेको २०७५/२०७६ को बजेटमा गौरको ऐतिहासिक राईस मिलको जग्गा अधिग्रहणको विषय समावेश नगरिएकोमा गौरमा सरकारको व्यापक रूपमा आलोचना भइरहेको छ । नेकपा नेतृत्वको संघीय सरकारले मधेशलाई उपेक्षित गरेको बेला मधेशकेन्द्रित दल नेतृत्वको सरकारले विभेद गरेको भन्दै आलोचना भइरहेको छ । शुक्रबार प्रदेश सरकारले ल्याएको २९ अर्ब ७८ करोड़ ६९ लाख ३८ हजारको बजेटमा गौर नगपालिका कार्यालयले राईस मिल जग्गा अधिग्रहणका लागि १५ करोड बजेट विनियोजन गर्नलाई पेश गरेको पत्रको आर्थिक मामिला तथा योजना मन्त्री विजय यादवले कुनै वास्ता नगरेको स्थानीयहरूले आरोप लगाउँदै प्रदेश सरकारको टीकाटिप्पणी गरिरहेका हुन् । करीब ६ विगहा जग्गा रहेको मिलको जग्गा क़ानूनी प्रक्रियाअनुसार अधिग्रहण गरी सार्वजनिक सम्पति बनाउन १५ करोड रूपैयाँको आवश्यकता रहेकोले जग्गाधनीलाई दिनको निमित्त प्रदेश सरकारलाई गौर नगरपालिकाका मेयर अजय कुमार गुप्ताले पत्रसहित आग्रह गरेका थिए । मधेशको विरोधमा रहेका केन्द्र सरकारले विभेद गर्न सकिने तथा मधेश सरकारले मधेशीको भावनासँग विभेद गर्न नसकिने स्थानीयको विश्वासप्रति प्रदेश २ का सरकारले जनताको आशा र अपेक्षालाई समाप्त गरेको स्थानीयहरूको भनाई रहेको छ ।

### गैरसरकारी संस्थाहरूको आपत्ति

मणि प्रसाद गैह्रे, कपिलवस्तु । गृह मन्त्रालयले गैरसरकारी संस्थाहरूलाई नियन्त्रण गर्ने उद्देश्यले जेष्ठ २५ गते गरेको जारी सूचनाप्रति देशभरमा गैरसरकारी संस्थाहरूले आपत्ति जनाएका छन् । लोकतन्त्र र स्थापना संविधान निर्माण तथा समुन्नत समाज निर्माणमा गैरसरकारी संस्था र नागरिक समाजले खेलेको भूमिका बिर्सन गई सरकारले गैरसरकारी निकायलाई नियन्त्रण गरी अंकुश लगाउन लागेको कारण देशभरका गैर सरकारी संस्थाहरूले आपत्ति जनाएका छन् । सरकारले संस्थाले १ वटा मात्र उदेश्य राखेर काम गर्नु पर्ने, विगतमा नविरकण नभएका संस्था १५ दिनभित्र संस्थान विकरण गर्नु पर्ने, कर्मचारी तथा कार्यसमितिको सम्पत्ति विवरण पेश गर्नुपर्ने, चौमासिक रूपमा आयव्याय पेश गर्नु पर्ने जस्ता कामहरूको सूचना जारी गरेको छ । सो को विरूद्धमा गैरसरकारी संस्था महासंघ कपिलवस्तुले गृह मन्त्रालयमा ज्ञापन बुझाएको छ । जिल्ला प्रशासन कार्यालयमार्फत गृह मन्त्रालयमा ज्ञापन पत्र बुझाएको छ । महासंघका जिल्ला अध्यक्ष प्रविण कुमार श्रीवास्तको नेतृत्वमा गएको प्रतिनिधिमूलक टोलीले सहायक प्रमुख जिल्ला अधिकारी रामेश्वर अर्याल मार्फत गृह मन्त्रालयमा ज्ञापन पत्र बुझाएको हो ।

### समृद्ध बुटवलका लागि योगदान गर्न आग्रह

बुटवल । सार्वजनिक सुनुवाई कार्यक्रममा उपमहानगरका प्रमुख शिवराज सुवेदीले ऐतिहासिक बुटवललाई समृद्ध नगरका रूपमा विकास गर्नेगरी आफुहरूले आवधिक र दीर्घकालिन महत्वका योजना बनाएको भन्दै समृद्धिको काममा योगदान गर्न नगरबासीलाई आग्रह गरे । नागरिकहरूको सहयोग, सहभागिता र सहकार्यमा मात्रै समृद्धिको संकल्प पूरा हुने भन्दै प्रमुख सुवेदीले जवाफदेही सरकार र कर्तव्यमुखी नगरबासीको समयन्यमा मात्र सम्भव हुने वताए । यो अवधिलाई अध्ययन् वर्षका रूपमा लिइएको र अब त्यसकै आधारमा सीप प्रदर्शन गर्नेगरी काम सुरू हुने प्रमुख सुवेदीको भनाइ थियो । बुटवलले २६ वटा कानुन बनाएर राजपत्रमा प्रकाशित गरेको छ भने, छ वटा कार्यविधि बनाएर काम अगाडि बढाइसकेको जानकारी दिँदै उपप्रमुख गुमादेवी आचार्यले अब बाँकी छ वटा कार्यविधि र केही निर्देशिकाहरू बनाउने तयारीमा उपमहानगर रहेको वताए ।

### राइस मिलको जग्गा अधिग्रहण गर्ने घोषणा

रौतहट । गौरको मुटु एवं धरोहरको रूपमा रहेका गौर राइस मिलको जग्गा बचाउनका लागि गौरका युवाहरू अग्रसर भएका छन् । युवाहरूले मिलको जग्गा अतिक्रमण गर्ने उद्घोष गर्दै दावी गर्न आउने नक्कली जग्गाधनिलाई प्रतिकार गर्ने समेत चेतावनी दिएका हुन् । जग्गा दलाल तथा भू-माफियाहरूले ऐतिहासिक मैदान बिक्री गर्न लागेको समाचार संचार माध्यमहरूबाट सार्वजानिक भएपछि गौरका स्थानीय युवा, समाजसेवी, विद्यार्थी, खिलाडीहरू आफ्नो पहिचान जोगाउन अघि बढेका हुन् । विगत वर्षदेखि जग्गामा गिद्द आँखा लगाएका कथित मालिक बैकुण्ठ पौडेल र गौर नगरपालिकाका रामजी साह, प्रदीप सिंह, इटहरीका विजय यादव लगायतका भू-माफियाको समूहमा रहेका व्यक्ति विभिन्न निर्वाचित, जनप्रतिनिधि, शक्तिशाली व्यक्तित्व, राजनीतिककर्मी, संचारकर्मी, सम्बन्धित कार्यालयका प्रमुख कर्मचारीलाई आफ्नो पक्षमा प्रलोभन दिखाई तान्ने कार्य गरेपछि मिलको जग्गा बिक्री हुने निश्चित भएको हल्ला सार्वजनिक हुँदा स्थानीयहरूले यसलाई जोगाउने तर्फ ध्यान दिएको हुन् ।

### चौहानलाई बन्धक बनाउने कार्की पक्राउ

मोरङ । मोरङमा बन्धक बनाएको अभियोगमा एक जनालाई प्रहरीले पक्राउ गरेको छ । सुन्दरहरैचा नगरपालिका-६ बस्ने २२ वर्षीय अरूण चौहानलाई बन्धक बनाएको अभियोगमा सुनसरी ईटहरी उपमहानगरपालिका-५ डेरा गरी बस्ने ३० वर्षीय हेमराज कार्कीलाई प्रहरीले पक्राउ गरेको छ । सुनदरहरैचा नगरपालिका-४ बलिया चोकबाट चौहानलाई अपहरण शैलीमा लगि सुनसरीको ईटहरीस्थित हल्गडा एरियामा राखेको खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको प्रहरी टोलीले मंगलबार बन्धक बनाई राखेको अबस्थामा फेला पारी चौहानलाई आफन्तको जिम्मा लगाएको थियो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

डाइन–जोगिन के नाम पर केकरो यातना ना दिईं । कुरिति के त्यागी, सभ्य संस्कृति आ परम्परा के विकास करी, धामी-भगता, टोना-मोना कुछुओ न होखता, सभे रोग बा । दहेज लेबेके औरी देबेके अपराध ह ।

नेपाल सरकार
पिछडिएको समुदाय (OBC) उत्थान विकास समिति
ज्वागल, ललितपुर


पार्टी निर्माण गर्ने भनेको विचार, एजेन्डा र संगठनात्मक संस्कृतिको धार (ट्रेन्ड)निर्माण गर्ने हो। आउनेजाने क्रम मिठो, नमिठो लाग्ने तर राजनीतिमा भएरै छोड्ने प्रकृया हो। आउनेसँग सँगै हुने भैगो, जाने साथीहरूसंग पनि अर्को घुम्तिमा भेट हुनसक्छ। संयमित हौ र मिसन जारी राखौं। **डम्बर खतिवडा**


परिवारवादको नाउँमा विमलेन्द्र निधिलाइ अन्य जस्तै सुजाता, आरजु, आदि जस्ता नव उदितहरूसँग तुलना गर्नु सरासर बेइमानी हुन्छ। महेन्द्र नारायण निधिको छोरा हुनुको अर्थ राजनैतिक हैसियत बुवाबाट प्राप्त हो भन्नु सरासर अनर्थ हुन्छ। यसको अर्थ कांग्रेसमा परिवारवाद छैन भन्न खोजेको बिल्कुलै होइन। **सत्यनारायण साह**


सहरी विकासको काम र ब्ल्क ले गरेको काम बाहेक जनकपुर उपमहानगरपालिकाले आफ्नो ठद्द करोडको केन्द्रिय बजेट र नगरपालिकाको आफ्नो बजेटबाट कुन-कुन शिर्षकमा कति-कति खर्च गरेर कुन कुन काम कसकसको माध्यमले भएको प्रभावकारी भएको छ या छैन नगरसभा भन्दा पहिले सार्वजनिक गरे ठिक हुन्थ्यो। **राजीव झा**


राजपा नेपालको राजनीतिक समितिले एक वर्षभित्र महाधिवेशन गर्नुपर्ने वैधानिक प्रावधान संशोधन गरेको छ। कुनै पनि पार्टीको पोलिटब्युरो वा राजनीतिक समितिजस्ता निकायले पार्टी विधान संशोधन गर्न सक्दैन। राजनीतिक समितिबाट विधान संशोधन गर्न सकिने मौजुदा वैधानिक प्रावधान छ भने पनि त्यो गलत हो। **अनिलकुमार कर्ण**


मधेशी प्रहरीमा ५०% महिलाको नाममा मधेशी मूल बाहिरका मधेशमा बस्ने महिलालाई के गर्छन् ? सबै मधेशमा बस्ने महिलालाई मधेशी महिला नमान्ने हो भने के को महिला उत्थानको फूर्ति ? नश्लीय प्रहरी बनाउने षड्यन्त्र ठहर हुन्छ यो। **तीर्थ प्रसाई**


भारतमा हाम्रा प्रमलाई कसले कसरी स्वागत गर्यो भन्ने विषयमा ठूलै बहस हुने गर्छ। यतिसम्म कि ठूला मिडियाले पनि यसलाई मुख्य विषय बनाउँछ। तर, अहिले चीनमा प्रमलाई कसले गर्यो स्वागत , कसैलाई चासो छैन। **निमिष झा**


बजेट बनाउन नचान्ने मन्त्रीहरूले मधेशलाई कसरी समृद्ध बनाउँछन् र ? प्रदेश सरकारको बजेटमा पत्रकारिताको विकासको लागि एक सुकेको छैन। प्रदेश नम्बर २ को सरकारले मधेशी शहिदलाई अपमान गरेको छ बजेटमा शहिदको नाममा कुनै योजना छैन। **स्वामी विरेन्द्र**


निर्वाचन क्षेत्र विकासको नाममा संघ र प्रदेशका सांसदले बजेट लिएर आफै 'विकास गर्छु' भनेको, भोलीको दिनमा पार्टी भन्दा आफु बलियो हुनलाई हो। आफु ब्रान्ड बनेपछि त भोलीको दिनमा पार्टीबाट टिकट नपाएपछि जुनै पार्टीबाट भोट माग्दा नि भैहाल्यो। पार्टीका सेनापति भन्दा सैनिक पो दुरदर्शी निस्के। **शिवानी सिंह थारू**


रवि लामिछाने कहाँको व्यक्ति हुन् भन्ने आम सर्वसाधारण व्यक्तिको लागि सरोकारको विषय होईन। आफ्ना समस्याहरू जसले उठाइदिन्छ त्यही व्यक्ति राम्रा लाग्छन्। विदेशमा दुख पाएकी चेलीलाई उद्दार गर्न पहल गर्नेदेखि राज्य व्यवस्थाका विभिन्न खराबीहरूका बारेमा आवाज उठाउन पाउने उनको संवैधानिक हक हो। तर पनि नेपालको कानुनी प्रक्रिया अनुरूप काम गरिरहेका छैनन् भने पक्रिया मिलाउन दबाब दिऊँ। **संगीता रेग्मी**

# प्रकोप रोक्न...

मधेशका जनतालाई हरेक वर्ष कुनै न कुनै रूपमा प्राकृतिक प्रकोपले सताईरहेको हुन्छ। आगलागी, बाढी, पहिरो र खडेरी मधेशको आम प्रकोप बनेको छ। यसबाट आज जनजीवन मात्र होइन, आर्थिक क्षति पनि हुने गर्छ। कैयौं हेक्टर जमिनमा लगाईको खेती नष्ट हुने गरेको छ भने घरबार सबै बगाएर बिचल्ली हुन्छ। विभिन्न रोगको प्रकोप फैलिने र कतिको त ज्यानै पनि जाने गर्दछ। समथल भू-भाग भएको मधेशमा केही दिनको वर्षाले नै डुबानको समस्या सिर्जना गर्छ। यसको दीर्घकालीन समाधानको लागि स्थानीय जनतादेखि प्रदेश र केन्द्रीय सरकार समेत सचेत हुन जरूरी रहेको छ।

वनविनाश, चुरेको दोहन, जलवायुमा परिवर्तन बाढीको मुख्य कारण हो भने जनतामा बाढीको बारेमा पूर्वसूचनाको अभावले गर्दा पनि धेरै जनधनको क्षति हुने गरेको छ। चुरेको दोहन रोक्नु अहिलेको प्रमुख आवश्यक्ता हो। नदी नियन्त्रण, नेपाल-भारत सीमानामा बनाईएका बाँधहरूको व्यवस्थापन, वृक्षरोपण, जग्गा प्लटिङमा कडाई, बसाई-सराईमा नियन्त्रण, ढलको उचित व्यवस्थापन गर्न सक्ने हो भने बाढीबाट हुने क्षतिलाई केहि मात्रामा भएपनि कम गराउन सकिन्छ।

विपद् व्यवस्थापन र न्यूनीकरणका लागि स्रोत, साधन, जनशक्ति आवश्यक त छँदैछ, विभिन्न निकायबीच समन्वयात्मक सहकार्य बिना त्यो प्रभावकारी हुनसक्दैन। विपद्पूर्व, विपद्काल तथा विपद्पश्चात राम्रो तयारी हुनुपर्छ। विपद्पूर्वको सूचना प्रणालीलाई थप सशक्त बनाउनुपर्छ। विपद्बाट क्षति हुनसक्ने पूर्वाधार, भौतिक स्पत्ति र जोखिममा पर्न सक्ने बस्तीलाई ध्यानमा राखी पूर्वतयारी प्रभावकारी बनाउनु अहिलेका आवश्यक्ता हो।

प्रकोपबाट पीडितहरूका लागि तत्काल गाँस, बास र कपास उपलव्ध गराउनु पर्ने अनिवार्य विषयहरू हुन्। यी कुराहरूको व्यवस्थापन गर्नु सर्वप्रथम राज्यको प्रमुख दायित्व हुन्छ। प्रकोप व्यवस्थापनको प्रमुख कुरा पीडितहरूको उद्धार हो। जसका लागि सरकारी तथा गैह्रसरकारी निकायहरूबीच समन्वय र सहकार्य जरूरी छ।

जे जति प्रकृतिको ताण्डव वा विनाश हुन्छ, ती विनाश हुनुमा मानवको पनि हात हुने गर्छ। राज्य र हाम्रो प्रचलन नै छ कि, वर्षात् एक-दुई महिना त हो भनी बेवास्ता गर्छौं। प्रायः घर निर्माण गर्छौं, नदी किनारमा बस्ती निर्वाध बसाउँछौं। भिरालो जमिनको भूगोलमै बासस्थान निर्माण गर्छौं। यी समस्या हामी आफैंले निम्त्याइ रहेका हुन्छौं। कृत्रिम साधन वा पूर्वाधारले पानीको प्राकृतिक बहावलाई नियन्त्रण गर्न खोज्नु मुर्खता हो। आकाशे पानीको भेललाई निकास दिने काम गर्न नितान्त जरूरी छ। बन फँडानी गर्छौं तर वृक्षरोपण गर्दैनौं। रूख बिरूवा रोप्ने र संरक्षण गर्ने मन गर्दैनौं। यावत् विषयमा सबै जिम्मेवार बन्नैपर्छ। प्राकृतिक कठिनाइ र विनाशको गति र दर कम गर्ने पूर्वाधार निर्माण गर्न सकिएको छैन।

# भारतद्वारा महिला जीविकोपार्जन विकास परियोजनाको सुरूवात



सर्लाही। नेपाल-भारत महिला मैत्री समाजले "जीविकोपार्जन सुधार, महिला सशक्तिकरण तथा जनचेतना कार्यक्रम" को तेश्रो चरण सर्लाही जिल्लामा सुरूवात गरेको छ। उक्त कार्यक्रमलाई भारतीय दूतावासले सहयोग गरेको छ। दूतावासका मिसन उपप्रमुख डा. अजय कुमारले कार्यक्रमको उद्घाटन गरेका छन्। उद्घाटन कार्यक्रममा समाजकी केन्द्रीय अध्यक्ष चन्दा चौधरीको अध्यक्षता रहेको थियो।

महिला मैत्री समाजले भारत सरकारको सहयोगमा महिला शक्तिकरण तथा महिलालाई आत्मनिर्भर बनाउन विभिन्न कार्यक्रमहरू गर्दै आएको छ। समाजले महिलाको उत्थान तथा विकासका लागि गर्दै आएको कार्यको प्रशंसा हुँदै आएको छ। भारत सरकारले नेपालका भक्तपुर, चितवन, सर्लाही र महोत्तरी गरि चार जिल्लामा उक्त परीयोजनाका लागि ३१.९४ लाख रूपैयाँ प्रदान गरी सहयोग गरीरहेको छ। उक्त परियोजनाले सिलाई कटाई, श्रृंगार, बजार प्रवर्धन आदि सम्बन्धि तालिम प्रदान गरि ग्रामिण महिलाहरूको आत्म सशक्तीकारणका लागि अवसर प्रदान गर्ने लक्ष्य लिएको जनाएको छ।

भारत सरकारले हालसम्म सर्लाही जिल्लामा १४.७९ करोड रूपैयाँ बराबरका आयोजनाहरू सम्पन्न गरेको छ। यी आयोजनाहरू अन्तर्गत विद्यालय भवन, लखनदेहीमा नदी तालिम कार्यहरू र ग्रामिण विद्युतिकरण कार्यक्रमहरू पर्दछन्।

नेपाल-भारतको सिमाना-लक्ष्मीपुर-बलरा-गढैया र दलितका लागि सामुदायिक केन्द्रबाट पाँच किलोमिटर दुरिमा अवस्थित मलंगवा नगरपालिकामा हाल २९.८५ करोड मुल्य बराबरका पाँच वटा विद्यालय भवनहरू, कल्भर्ट र ढलहरू निर्माण भइरहेका छन्। यसका अतिरिक्त भारत सरकारले सर्लाही जिल्लाका विभिन्न संस्थाहरूलाई ३१ वटा एम्बुलेन्स र एउटा स्कुल बस योगदान स्वरूप प्रदान गरेको छ।

# डा. अहिराजद्वारा विद्यालयमा शैक्षिक तथा खेलकुदका सामग्री हस्तान्तरण



रौतहट। मधेश मामिलाका जानकार तथा मधेशवादको विषयमा विद्यावारिधि गरेका मधेश मिडिया हाउसका अध्यक्ष डा. राजेश अहिराजले आफूले शैक्षिक जीवन प्रारम्भ गरेको विद्यालयलाई शैक्षिक तथा खेलकुदका सामग्रीहरू हस्तान्तरण गरेका छन्। रौतहट जिल्लाको सुन्दरपुरस्थित श्री गढीमाई निम्न माध्यमिक विद्यालयमा मंगलबार बिहान एक कार्यक्रमको आयोजना गरी डा. अहिराजले कापी, कलम तथा खेलकुदका सामग्रीहरू हस्तान्तरण गरेका छन्।

वि.सं. २०३६ सालमा स्थापना भएको सो विद्यालयमा करिब पाँच सय विद्यार्थीहरू अध्ययनरत् छन्। सो कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चुल्हाई रायले विद्यालयमा गरिएको सहयोगलाई सराहना गरेका छन्। उनले गाउँ-समाजमा यस्ता सपूतहरूको खाँचो रहेको बताउँदै आफूले अध्ययन सुरू गरेको विद्यालयमा सहयोग गरेकोले भावी सन्ततिका लागि प्रेरणाको स्रोत बनेको बताए। यसैगरी, विद्यालयका प्राधानाध्यापक दिनेश साहले यसै विद्यालयबाट अध्ययन सुरू गरेका डा. अहिराजले आज राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा आफ्नो पहिचान बनाइरहेको बताए। उनले यो कुरा यस विद्यालयका लागि गर्वको विषय रहेको बताए।

सामग्री हस्तान्तरण कार्यक्रममा डा. अहिराजले आफूले शिक्षाको प्रारम्भ गरेको विद्यालयमा एउटा सानो सहयोग गर्न पाएको खुशी लागेको बताए। उनले आगामी दिनमा आफूले सक्दो सहयोग गर्ने धारणा राखेका थिए। विद्यालयमा अध्ययनरत् विद्यार्थीहरूको सुनौलो भविष्यका लागि डा. अहिराजले शुभकामनासमेत व्यक्त गरेका थिए। यसैगरी, डा. अहिराजले रौतहटकै बबरगन्जमा रहेको श्रीराम प्राथमिक विद्यालयमा शैक्षिक तथा खेलकुदका सामग्रीहरू हस्तान्तरण गरेका छन्।

# जनकपुर-जयनगर ब्रोडगेज रेल चलाउन मोडालिटी टुंगिँदै



काठमाडौं। नेपाल सरकारले नेपालको एकमात्रै जनकपुर-जयनगर रेलमार्ग पुनःसञ्चालनको मोडालिटीमा भारत सरकारसँग छलफल सुरू गरेको छ। यसका लागि भारतीय रेल्वे अधिकारीहरू काठमाडौंमा आएका छन्। भौतिक पूर्वाधार तथा यातायात मनत्रालयका वैदेशिक महाशाखा प्रमुख केवबराज शर्माकाअनुसार विभिन्न मोडलका विकल्पहरूमाथि छलफल भइरहेको छ। ब्रोडगेज लिक बिछ्याउने काम लगभग सकिएपछि अब रेल किनेर आफैंले चलाउनेसहित अन्य दुई विकल्पहरू देखिएका छन्। भाडामा रेलगाडी ल्याएर चलाउने र कन्ट्र्याक्टमा अन्य कम्पनीलाई आउटसोर्सिङ गरेर चलाउन दिने विकल्प पनि सरकारसँग छ। यो वर्ष बजेटले यो रेलमार्गमा रेलगाडी किन्न बजेट पनि छुट्याएको छ। तर, उपयुक्त विकल्पअनुसार नै मोडालिटी तय गर्ने शर्माले बताए। यो छलफलपछि नेपाल र भारतीय संयुक्त कार्यदलले रेल चलाउने उपयुक्त मोडल प्रस्ताव गर्नेछ। त्यसअनुसार करिब ३ हप्तापछि दुईदेशबीच बस्ने उच्चस्तरीय बैठकले मोडालिटीको टुंगो लगाउनेछ। यसअघि रेल्वे विभागले विदेशका अनुभवी कम्पनीलाई ३ वर्षसम्म रेल चलाउने, व्यवस्थापन गर्ने र नेपालमा त्यसको सीप हस्तान्तरण गर्ने गरी आउटसोर्सिङको अवधारणा बनाएको थियो।

## मुक्तिनाथमा योग शिविर



काठमाडौं। काठमाडौंस्थित भारतीय राजदूतावासले मुस्ताङ्गको धार्मिकस्थल मुक्तिनाथमा नियमित योग शिविर सञ्चालन गरिरहेको छ। अन्तर्राष्ट्रिय योग दिवस (जुन २१)लाई लक्षित गर्दै दूतावासले सो शिविर सञ्चालनमा ल्याएको हो। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भ्रमणपछि प्रचारमा आएको मुक्तिनाथमा भारतीय पर्यटकहरू वृद्धि हुँदै गएको छ। साथै अन्य मुलुकहरूका पर्यटकहरूसमेत मुक्तिनाथमा बढेका छन्। दूतावासद्वारा आयोजित योग शिविरमा स्थानीय, आन्तरिक पर्यटक तथा विदेशी पर्यटकको समेत उपस्थिति बढ्दै गएको भारतीय दूतावासले जनाएको छ।

## कलकत्तामा 'उपियाँको निबन्ध' मञ्चन

काठमाडौं। भारतको कलकत्ता इन्टरनेशनल चिल्ड्रेन थिएटर फेस्टिभलमा नेपालको तर्फबाट नाटक 'उपियाँको निबन्ध' मञ्चन भएको छ। रंगकर्मी केदार श्रेष्ठद्वारा लिखित तथा निर्देशित सो नाटकको यो ४०औं मञ्चन भएको हो। कोलकताका रंगकर्मी, कलाकर्मी, राजनीतिज्ञलगायत विशिष्टि अतिथि तथा नेपाली समुदायसहितको भव्य समारोहबीच फेस्टिभलमा नाटक मञ्चन भएको हो। नाटक 'उपियाँको निबन्ध' थिएटर मल, प्रेरणा विद्याश्रम हरिसिद्धि र थिएटर सेन्टर फर चिल्ड्रेन (टिसीसी नेपाल)ले संयुक्त रूपमा तयार पारेको हो। दर्शक तथा समिक्षकले नाटकबारे उत्साहजनक प्रतिक्रिया दिएको बताउँदै प्रेरणा विद्याश्रमका प्रधानाध्यापक तथा नाटकका कार्यकारी निर्माता हिराबहादुर महर्जनले भने, 'बंगलादेशको शिल्प कला नाट्य महोत्सव र भारतकै नन्दीपुर नाट्य महोत्सवको समेत हामीले निमन्त्रणा पाएका छौं।' नेपाली नाटक हेर्न कोलकताका पूर्वमन्त्री मदन मित्र, कोलकताका लागि नेपालका महावाणिज्यदूत एकराज अर्यालसमेत उपस्थित थिए। नाटकपछि नाट्य उत्सवको आयोजक एसो नाटक सिखीका निर्देशक तपास दासले नेपालको नाटक जीवन्त र उत्कृष्ट रहेको उल्लेख गरे। त्यस्तै कोलकताका लागि नेपाली महावाणिज्य दूत एक अर्यालले कोलकताको महोत्सवमा नेपाली नाटक मञ्चन हुनु कोलकतावासी नेपालीहरूको लागि गर्वको विषय बनेको उल्लेख गरे।

# आर्थिक समाचार

## आइएमई वर्ल्डकप उत्सव सार्वजनिक

काठमाडौं। आइएमई लिमिटेड र आइएमई पेले आइएमई वर्ल्डकप उत्सव-२०१८ सार्वजनिक गरेका छन्। विश्वकप फुटबलको २१औं संस्करणअन्तर्गत रसियामा जारी फुटबल प्रतियोगिताका दर्शक सबै यो उत्सवमा सहभागी हुन सक्नेछन्। आइएमई लिमिटेड एवम् आइएमई पे का आधिकारिक फेसबुक पेज र आइएमई पेको एपमार्फत यो उत्सवमा सहभागिता जनाउन सक्ने व्यवस्था मिलाइएको छ। यो प्रतियोगिता १४ जून देखि १५ जुलाई २०१८ संचालन हुनेछ। सहभागीहरूले वेभ पेजमा रहेको एपमा लग-इन गर्दै १,००० (एक हजार) प्वाईन्ट सहित प्रतिष्पर्धामा भाग लिन सक्नेछन्। पोईन्टका साथै म्याचको पूर्ण विवरण प्रत्येक दिन एप्लिकेसनमा पोष्ट गरिनेछ। सहभागीहरूले दर अनुसार त्यस दिनको अनुमान गर्नुपर्नेछ। खेलको गलत अनुमान गरेमा सहभागीहरूको पोइन्ट अन्तर्राष्ट्रिय दरले काटिने छ। थप आइएमई फ्यान्टासी पोईन्टको सङ्कलनका लागि थप चरणहरू प्रतियोगिताको समय अवधिभित्र पेस गरिनेछ। प्रतियोगिताको अन्त्यमा अधिक संख्याको प्वाईन्टले विजयी प्राप्त गर्नेछ। अधिक सङ्ख्याको पोइन्ट प्राप्त गर्ने एक सेवाग्राहीले 'खेलौं रमाऔं बैंङ्कक जाऔं' अन्तर्गत एक जोडीलाई ४ रात ५ दिन लामो बैंङ्कक भ्रमणको अवसर प्राप्त गर्नेछन्। भने प्रत्येक दिन कम्पनीका आधिकारिक फेसबुक पेजमा सोधिएका फुटबलसँग सम्बन्धित प्रश्नको सहि उत्तर दिने चार सेवाग्राहीहरू 'लक्की-ड्र' मार्फत छनोट हुनेछन्। यसरी छनोटमा पर्ने सेवाग्राहीहरूले दुई सयको आइएमई पे टपअप प्राप्त गर्नेछन्। विश्वमा रहेका नेपाली फेसबुक प्रयोगकर्ताले प्रतियोगितामा भाग लिन सक्नेछन्। यदि विदेशमा रहेका फेसबुक प्रयोगकर्ता विजयी भएमा नेपालमा बसोबास गर्ने नीजले ईच्छाएका व्यक्तिलाई मात्र पुरस्कार प्रदान गरिनेछ।

## नेपालमा ग्लोबल स्टार्ट अप ल्याब्स् सुरू

काठमाडौं। अमेरिकाको म्यासाच्युएटस् इन्स्टिचुट अफ टेक्नोलोजी (एमआईटी) ले काठमाडौं विश्वविद्यालय र एनसेलसँगको सहकार्यमा नेपालमा एमआईटी ग्लोबल स्टार्ट अप ल्याब्स् (जिएसएल) कार्यक्रमको शुरूवात गरेको छ। एमआईटी जिएसएलले विकासशील अर्थतन्त्रहरूमा प्रविधिमा आधारित उद्यमीहरूलाई सबल बनाउन तथा स्टार्ट अपहरूको विकासका लागि आवश्यक अनुकल परिस्थितिक प्रणालीको सिर्जना गर्न योगदान पुऱ्याउँदै आएको छ। एमआईटीले विगत १८ वर्ष देखि यो कार्यक्रम दक्षिण एसियाको भारत र श्रीलंकालगायत विश्वका विभिन्न २५ राष्ट्रहरूमा संचालन गर्दै आएको छ। कार्यक्रमले प्रविधिमा आधारित युवा उद्यमीहरूको प्रवर्धन गर्दै आर्थिक विकासमा समेत मद्दत पुऱ्याउदै आएको छ। युवा उद्यमीहरूलाई प्रोत्साहन तथा प्रविधि विकासमा योगदान पुऱ्याउदै आएको एनसेलको सहयोगमा यो कार्यक्रम नेपालमा संचालन हुन लागेको हो। नेपालका लागि श्रीलंकाली राजदूत स्वर्ण परेरा, अमेरीकन दूतावासकी कल्चरल अफेयर्स अफिसर ग्रेस क्यारोल, नेपाल दूरसंचार प्राधिकरणका वरिष्ठ निर्देशक आनन्दराज खनाल, काठमाडौं विश्वविद्यालयका रजिष्ट्रार प्रा. डा. भोला थापा, एमआईटीका इलेक्ट्रिकल इन्जिनियरिङ् र कम्प्यूटर साइन्स विभागका एसोसिएट विभाग प्रमुख तथा जिएसएलका फ्याकल्टी को–डाइरेक्टर प्रोफेसर समन अमरासिंघे र एनसेलका प्रबन्ध सञ्चालक सुरेन जे. अमरासेकराले गत शुक्रबार एक विशेष समारोहमा कार्यक्रमको संयुक्त रूपमा उद्घाटन गरेका थिए। एमआईटी जिएसएल कार्यक्रम एनसेलको व्यावसायिक सामाजिक उत्तरदायित्व पहलअन्तर्गत एमआईटी र काठमाडौं विश्वविद्यालयसँगको सहकार्यमा शुरू गरिएको हो। कार्यक्रममा काठमाडौं विश्वविद्यालयका विद्यार्थी तथा विश्वविद्यालयका आल्मुनाईबाट छानिएका ३५ जना विद्यार्थीहरूले मोबाइल प्रविधि र उद्यमशीलता सम्बन्धि एमआईटीको अद्वितिय पाठ्यक्रमअन्तर्गत प्रशिक्षण प्राप्त गर्नेछन्।

# "फुलवा हरण" लोकार्पण




काठमाडौं। साहित्यकार तथा कलाकार रमेश रन्जनद्वारा लिखित सातौं मैथिली कथा संग्रह "फुलबा हरण' लोकार्पण भएको छ। शनिबार काठमाडौंस्थित राष्ट्रिय नाच घरमा परराष्ट्रमन्त्री प्रदीप ज्ञावालीद्वारा सो मैथिली कथा संग्रह लोकार्पण गरिएको छ। लोकार्पण कार्यक्रममा विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको थियो। मूलत जुन विषय वस्तु समेटेर लेखकले यो पुस्तक लेखेका छन् त्यसको आधारमा ग्रामीण परिवेशमा हुर्केका वा सम्बन्धित कुनै पात्रद्वारा विमोचन हुँदा राम्रो हुनेथियो भन्ने कुरा नयाँ शक्ति पार्टीका नेता रामरिझन यादवले प्रतिक्रिया दिएका छन्। उनले सामाजिक सञ्जालमा उल्लेख गरेका छन्, 'तर सुखद संयोग - परिवेशानुकूल त्यो पात्र पनि तीन सय कि.मिको दूरी पार गरेर विमोचन कार्यक्रममा उपस्थित। यो भन्दा राम्रो अवसर धेरै कम मधेशीलाई उपत्यकामा उपलब्ध हुने गर्छन। तर सुनौलो अबसरबाट आमा इन्द्रकलादेवी वन्चित। जसलाई यो पुस्तक समर्पण गरिएको छ तिनै व्यक्तिद्वारा विमोचन हुन सकेको भए आफैमा एउटा उदाहरणीय कार्य हुन्थ्यो।' 'राजनीतिले गाजेको मुलुकले केही त्राण पाउथ्यो। साहित्यिक क्षेत्र मात्र होइन, स्वयं राजनीति पनि निर्मल र स्वच्छ जलबाट सिन्चित हुने अवसर पाउथ्यो। तर भर्सेटाइल व्यक्तित्वका धनी रमेश रन्जनले यसपाली पनि यो मौका गुमाए।' उनी भन्छन्।

## नेपाल-भारत मैत्री संघद्वारा योग शिविर



काठमाडौं। नेपाल-भारत मैत्री संघ केन्द्रको सहयोगमा काठमाडौ जिल्ला शाखाद्वारा आयोजित अन्तर्राष्ट्रिय योग शिविर मंगलबार पाटन कृष्ण मन्दिर परिसरमा सम्पन्न भएको छ। संघ केन्द्रका महासचिव श्रीप्रसाद कोइरालाको प्रमुख आतिथ्यमा संचालित उक्त कार्यक्रममा संघका केन्द्रीय सदस्य तथा काठमाडौं जिल्ला उपाध्यक्ष शान्ता नरालले स्वागत मन्तव्य राखेका थिए। कार्यक्रमको सभापतित्व संघ काठमाडौ जिल्ला शाखाकी अध्यक्ष टिका ढकालले गरेकी थिइन्। यसैगरी संघ काठमाडौं जिल्ला शाखाकी सचिव देवि सुवेदीले उक्त कार्यक्रमको संचालन गरेकी थिइन्। कार्यक्रममा संघका केन्द्रीय सदस्य माधव प्रसाद तिमिल्सिनालगायत जिल्ला शाखाका पदाधिकारीहरूको उल्लेख्य सहभागिता रहेको थियो।



## क्यान्सरपीडितलाई सहयोग गर्न वडाध्यक्षको अपील

जलेश्वर। महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका-४ का वडाध्यक्ष लोकेन्द्र लाल कर्णले वडाका अति विपन्न एक क्यान्सरपीडितलाई उपचारका लागि आर्थिक सहयोग जुटाइदिन अपील गरेका छन्। जलेश्वर-४ मुसरपट्टीका फेकन कापर क्यान्सरबाट पीडित छन्। उनकै कमाईले सात/आठ जनाको भरणपोषण हुँदै आएको छ। तर, घरका कमाउने व्यक्तिलाई नै यस्तो रोग लागेपछि परिवारको पालनपोषणमा समस्या भइरहेको गुनासो गरेका छन्। कापरले चितवनको भरतपुर अस्पतालमा उपचार गराउँदै आएका छन्। क्यान्सरबाट पीडित कापरले अहिलेसम्म दुई/तीन लाख रूपैयाँ उपचारमा खर्च भइसक्केको र अब उपचार गराउन असक्षम रहेकोले उपचारका लागि सहयोगको अपील गरिएको वडाध्यक्ष कर्णले बताए। यसैबीच, वडाध्यक्ष कर्णले आइतबार कापरको घरमै गएर स्वास्थ्य अवस्थाबारे जानकारी लिएका थिए। उनले ६ हजार नगद सहयोगसमेत गरेका छन्। 'एउटा विपन्न परिवारका व्यक्तिलाई जोगाउन सम्पूर्ण सहयोगी हातहरूलाई अपील गर्दछु' वडाध्यक्ष कर्णले आग्रह गरे। कापरको सहयोगका लागि इच्छुक व्यक्तिले वडाध्यक्ष कर्णलाई सम्पर्क गर्न सक्ने जानकारी दिएका छन्। वडाध्यक्ष कर्णले सहयोगीहरू हातहरूलाई आफ्नो व्यक्तिगत मोबाइल नं. ९८०४८२३७६० मा सम्पर्क गर्न आग्रह गरेका हुन्।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं